
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदनसम्बन्धी निर्देशिका



नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

व्यवस्थापन महाशाखा

टेकु, काठमाडौं

२०८२

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

अभिलेख तथा प्रतिवेदनसम्बन्धी निर्देशिका

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा
टेकु, काठमाडौँ
२०८२

प्रथम संस्करणः
चैत्र, २०७०
दोस्रो संस्करण (परिमार्जन सहित):
जेष्ठ, २०७५
तेस्रो संस्करण (परिमार्जनसहित):
चैत्र, २०७८
चौथो संस्करण (परिमार्जनसहित):
माघ, २०८२
© एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS)
व्यवस्थापन महाशाखा,
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौँ, नेपाल

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

व्यवस्थापन महाशाखा

टेकु, काठमाडौं

मितिः २०८२/१०/२३

मन्तव्य

दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (सन् १९९७-२०१७) ले स्वास्थ्य सूचना प्रणालीलाई एकीकृत तथा विस्तृत रुपमा विकास गर्ने अवधारणा लिएको छ । यसै अवधारणालाई मध्यनजर गरी सरकारी, गैरसरकारी, निजी तथा सहयोगी संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूलाई समेट्ने गरी सन् २००२ मा स्वास्थ्य क्षेत्र सुधार रणनीति (Health Sector Reform Strategy) लागु गरी स्वास्थ्य क्षेत्रलाई बढी परिणाममुखी बनाउने अवधारणाको विकास भयो । यसै रणनीतिलाई कार्यान्वयन गर्न नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना (Nepal Health Sector Program-Implementation Plan) सन् २००४-२००९ को विकास गरी कार्यान्वयन गरिएको थियो । स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजनाको अन्तिम आठौं बुंदाको परिणाममा सम्पूर्ण स्वास्थ्य क्षेत्रको सूचना प्रणालीलाई विस्तृत तथा एकीकृत रुपमा मूर्तरूप दिने कार्य माथि विशेष जोड दिइएको छ । अतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत तथा विस्तृत बनाउने र पूर्णता दिने क्रममा सबै प्रदेश, जिल्ला तथा स्थानीय तहमा तालिम सञ्चालन गर्नको लागि २०७० सालमा बनाइएको यो निर्देशिका २०७५ सालमा केहि संसोधन पश्चात २०७८ र २०८२ मा सामान्य सामान्य परिमार्जित गरी "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०८२" तयार गरिएको हो ।

स्वास्थ्य क्षेत्रमा एकीकृत सूचना प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा सबै प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई तालिम सञ्चालन गर्नको लागि "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०७०" लाई परिमार्जन गरी तयार गरिएको छ । स्वास्थ्य क्षेत्रमा एकीकृत सूचना व्यवस्थापन प्रणाली बढी व्यवस्थित एवम् परिणाममुखी बनाउनको साथै सेवा दिने सम्बन्धित स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य सेवा सूचनाको अभिलेख राख्न, प्रतिवेदन तयार गर्ने ज्ञान तथा सिप अभिवृद्दि गर्न यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०८२" ले आवश्यक सहयोग पुर्याउने भन्ने आशा लिएको छु ।

यस पुस्तिकालाई आधार मानी स्वास्थ्य सेवा प्रदान गर्ने सम्पूर्ण आधारभूत स्वास्थ्य संस्थाहरू, अस्पतालहरू, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूले नेपाल सरकारले निर्धारण गरेको निर्धारित ढाँचामा तोकिएको समय भित्र प्रतिवेदन तयार गरी प्राप्त सूचनाको आधारमा स्वास्थ्य सेवाका विभिन्न योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन कार्यका लागि समेत यो निर्देशिका अवश्य लाभकारी हुनेछ ।

अन्तमा, यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन परिमार्जित सम्बन्धी २०८२" तयार पार्ने क्रममा प्रमुख भूमिका निर्वाह गर्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS) का प्रमुख ऋतु पन्थ लगाएत शाखाका सम्पूर्ण कर्मचारीहरू, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छौं ।

केशवराज पण्डित

निर्देशक

व्यवस्थापन महाशाखा

स्वास्थ्य सेवा विभाग

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

व्यवस्थापन महाशाखा

टेकु, काठमाडौं

मितिः २०८२/१०/२३

दुई शब्द

एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मार्फत सरकारी, गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट प्रदान भैरहेको स्वास्थ्य सेवाको विवरण एकीकृत रुपमा राष्ट्रिय स्तरसम्म हाल अनलाइन मार्फत सङ्कलन हुदै आइरहेको छ । स्वास्थ्य कार्यक्रमहरूको कुशल व्यवस्थापनको लागि गुणस्तरीय र भरपर्दो सूचना सङ्कलन गरि प्रयोगमा ल्याउनु समयको माग हुन्छ । यहि उद्देश्य अनुरुप आ.व. २०५१/५२ देखि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको शुरुवात भएको हो । यस प्रणालीले स्वास्थ्य कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका हरेक चरणमा सूचनाको प्रयोगलाई जोड दिएको हुन्छ । स्वास्थ्य सेवालाई अझ बढी परिणाममुखी बनाउन र यस क्षेत्रमा आइपर्ने चुनौतीहरूलाई समाधान गर्न आवश्यक पर्ने सूचना सङ्कलन गरी कार्यक्रम व्यवस्थापनमा सहयोग पुर्याउन एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तर्गत प्रयोगमा रहेका अभिलेख तथा प्रतिवेदन फारामहरूमा समयसापेक्ष परिमार्जन तथा थपघट गर्नुपर्ने हुन्छ। सोही अनुसार आ.व. २०५१/५२ पछि आ.व. २०७०/७१, आ.व. २०७५/७६ र २०७८/७९ मा केहि रजिष्टर तथा फारामहरूमा परिमार्जन गरिएको थियो। आ. व. २०८२/८३ मा सम्बन्धित महाशाखा तथा केन्द्रहरुबाट माग भई आए बमोजिम केही रजिष्टर तथा फारामहरूमा सामान्य परिवर्तन गरिएको छ।

स्वास्थ्य क्षेत्रमा एकीकृत सूचना प्रणाली कार्यान्वयन गर्ने सिलशिलामा सबै प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई तालिम सञ्चालन गर्नको लागि "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०७०" लाई परिमार्जन गरी तयार गरिएको छ । स्वास्थ्य क्षेत्र र एकीकृत सूचना व्यवस्थापन प्रणाली बढी व्यवस्थित र परिणाममुखी बनाउनको साथै सेवा दिने सम्बन्धित स्वास्थ्य कार्यकर्ताहरूलाई स्वास्थ्य सेवा सूचनाको अभिलेख राख्न, प्रतिवेदन तयार गर्न, ज्ञान तथा सीप अभिबृद्धि गर्न यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०८२" ले आवश्यक सहयोग पुर्याउने छ भन्ने आशा लिएको छु ।

यस पुस्तिकालाई आधार मानी स्वास्थ्य सेवा प्रदान गर्ने सम्पूर्ण आधारभूत स्वास्थ्य संस्थाहरू, अस्पतालहरू, निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरूले नेपाल सरकारले निर्धारण गरेको निर्धारित ढाँचामा तोकिएको समयअवधि भित्र प्रतिवेदन तयार गरी अनलाइन मार्फत प्राप्त सूचनाको आधारमा स्वास्थ्य सेवाका विभिन्न योजना निर्माण, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन कार्यका लागि समेत यो निर्देशिका अवश्य लाभकारी हुनेछ भन्ने आशा लिएको छु ।

अन्तमा, यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी निर्देशिका २०८२" तयार पार्ने क्रममा अभिभावकत्व प्रदान गर्नुहुने स्वास्थ्य सेवा विभागका श्रीमान महानिर्देशकज्यू, व्यवस्थापन महाशाखाका श्रीमान निर्देशकज्यू तथा विभिन्न महाशाखा/केन्द्रका निर्देशक/प्रमुखज्यूहरू, शाखा प्रमुखज्यूहरू र सम्बन्धित सम्पूर्ण कर्मचारीहरू प्रति आभारी छु। त्यस्तै यो निर्देशिका परिमार्जन गर्ने कार्यमा संलग्न एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखाका तथ्याङ्क अधिकृतहरू, कृष्णराज तिवारी, शेषकान्त रानाभाट र टिका प्रसाद नेपाल, कम्प्युटर अधिकृत नविना प्रधानाङ्ग र प्रविन चौहान, जनस्वास्थ्य अधिकृत कृपा थापा मगर र लिससा पौडेल, अभय राज श्रेष्ठ (WHO) लगायत विभिन्न महाशाखा तथा केन्द्र साथै प्रदेश तथा जिल्लामा कार्यरत तथ्याङ्क व्यवस्थापकहरू, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छु ।

ऋतु पन्थ

शाखा प्रमुख

एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा

विषयसूची

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको परिचय 1

HMIS १.१: मूल दर्ता रजिष्टर (Master Register) 10

HMIS १.२: स्वास्थ्य सेवा कार्ड (Health Service Card) 12

HMIS १.३: बहिरङ्ग सेवा रजिष्टर (Outpatient Register) 14

HMIS १.४: प्रेषण/ स्थानान्तरण पुर्जा (Referral/ Transfer Slip) 16

HMIS १.५: डिफल्टर/अनियमितता खोज पुर्जा (Defaulter/Discontinuation Tracing Slip) 18

HMIS १.६: समायोजन फाराम (Tally Sheet) 20

HMIS १.७: मासिक अनुगमन पुस्तिका- आधारभूत स्वास्थ्य संस्था (Monthly Monitoring Worksheet- Basic Health Facility) 21

HMIS १.८: मासिक अनुगमन पुस्तिका-अस्पताल (Monthly Monitoring Worksheet- Hospital) 24

HMIS २.१: बाल स्वास्थ्य कार्ड (Child Health Card) 28

HMIS २.२: खोप रजिष्टर (Immunization Register) 32

HMIS २.३: पोषण रजिष्टर (Nutrition Register) 43

HMIS २.४: नवजातशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (IMNCI Register) 48

HMIS २.५: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card) 60

HMIS २.६: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (IMAM Register) 62

HMIS २.७: मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर—अस्पताल (IMAM Register — Hospital) 65

HMIS २.८: पोषण पुनर्स्थापनागृह रजिष्टर (NRH Register) 69

HMIS ३.१: परिवार नियोजन सेवा कार्ड (Face Sheet) 73

HMIS ३.२: परिवार नियोजनको अस्थायी साधन (पिल्स, तथा गर्भ निरोधक सुइ) सेवा रजिष्टर (Pills and Injectable Service Register) 76

HMIS ३.३: परिवार नियोजनको अस्थायी साधन (आइ.यु.सी.डी/इम्प्लाण्ट) सेवा रजिष्टर (IUCD/Implant Service Register) 80

HMIS ३.४: परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर-Sterilization Service Register 83

HMIS ३.५: मातृ तथा नवशिशु स्वास्थ्य कार्ड -Maternal and Newborn Health Card 85

HMIS ३.६: मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर 93

(Maternal and Newborn Health Service Register) 93

HMIS ३.७: सुरक्षित गर्भपतन सेवा रजिष्टर 105

(Safe Abortion Service Register) 105
HMIS ३.७a: औषधीद्वारा गरिने गर्भपतन सेवाको सेवाग्राही कार्ड 109
(Client Personal Profile: Medical Abortion Service) 109
HMIS ३.७b: MVA द्वारा गरिने गर्भपतन सेवाको सेवाग्राही कार्ड 110
(Client Personal Profile: Manual Vacuum Aspiration) 110
HMIS ३.७c: दोस्रो त्रैमासिकको गर्भपतनको सेवाग्राही कार्ड 111
(Client Personal Profile: Second Trimester Abortion) 111
HMIS ३.७d: PAC सेवाको सेवाग्राहीकार्ड 113
(Client Personal Profile: Post Abortion Care) 113
HMIS ३.८: प्रजनन स्वास्थ्य रुग्णता सेवा रजिष्टर 114
(Reproductive Health Morbidity Service Register) 114
HMIS ४.१: गाउँघर क्लिनिक रजिष्टर (ORC Register) 118
HMIS ४.२: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रजिष्टर 129
(FCHV Register) 129
HMIS ४.३: राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिष्टर 138
(Vitamin A Register) 138
HMIS ४.४: स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा रजिष्टर 140
(Health Promotion and Health Education Register) 140
HMIS ५.१: औलोरोग, कुष्ठरोग र कालाजारको नमूना सङ्कलन फाराम (Malaria, Leprosy and Kala-Azar Specimen Collection Form) 142
HMIS ५.२: औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (Malaria, Leprosy, and Kala-azar Laboratory Register) 145
HMIS ५.३: औलो तथा कालाजार रोगको उपचार रजिष्टर (Malaria and Kalazar Treatment Register) 147
HMIS ५.४: कुष्ठरोग परीक्षण तथा उपचार कार्ड 151
(Leprosy Examination and Treatment Card) 151
HMIS ५.५: कुष्ठरोग उपचार रजिष्टर 157
(Leprosy Treatment Register) 157
HMIS-५.६: पुनर्स्थापना सेवा रजिष्टर 160
(Rehabilitation Service Register) 160
पेजको अन्तमा रहेको लिंग अनुसारको उमेर समूहको विवरण, विकार/अपांगताको प्रकारको विवरण र अपांगता परिचय पत्रको आधारमा सेवाग्राहीको विवरण अनिवार्य रुपमा भर्नु पर्दछ, जसले प्रतिवेदन तयार गर्न सहज गराउछ। 164

HMIS-५.७: पुनर्स्थापना सेवा कार्ड (Rehabilitation Service Card) 165
HMIS-५.८: कुष्ठरोग बिरामीको सम्पर्क जाँच रजिष्टर (Leprosy Contact Investigation Register) 167
HMIS-५.९: नसर्नेरोग तथा मानसिक स्वास्थ्य सेवा रजिष्टर 169
(Non-Communicable Diseases and Mental Health Register) 169
HMIS-५.१०: ज्येष्ठ नागरिक स्वास्थ्य सेवा रजिष्टर (Senior Citizen Health Service Register) 172
HMIS ६.१: सम्भावित क्षयरोगका बिरामी दर्ता रजिष्टर (Presumptive Tuberculosis Register) 176
HMIS ६.२: खकार परीक्षण अनुरोध तथा नतिजा फाराम (Laboratory Request and Reporting Form) 178
HMIS ६.३ A: क्षयरोग प्रयोगशाला रजिष्टर-माइक्रोस्कोपी 181
(TB Laboratory Register - Microscopy) 181
HMIS ६.३ B: क्षयरोग प्रयोगशाला रजिष्टर (एक्स्पर्ट) Tuberculosis Laboratory Register - (Xpert MTB/RIF & MTB/XDR) 183
HMIS ६.४ A: क्षयरोग उपचार व्यवस्थापन कार्ड (डी.एसटि.बि) (Tuberculosis Treatment Management card (DSTB) 186
HMIS ६.४ B: क्षयरोग उपचार कार्डः बिरामीका लागि (TB Treatment card-Patient) 193
HMIS ६.४C: औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन कार्ड(DR TB Treatment Management Card) 194
HMIS ६.४D:औषधी प्रतिरोधी क्षयरोग उपचार कार्ड (DR TB Treatment Card-Patient) 200
HMIS ६.५B: औषधी प्रतिरोधी क्षयरोग उपचार रजिष्टर (DR Tuberculosis Treatment Register) 209
HMIS ६.६: क्षयरोग स्क्रिनिंग तथा सम्पर्क परीक्षण फाराम 212
-Tuberculosis Screening and Contact Examination 212
HMIS ६.७: सम्पर्क परीक्षण तथा क्षयरोग प्रतिरोधात्मक उपचार रजिष्टर (Contact Investigation and Tuberculosis Preventive Therapy Register) 214
HMIS ६.८: क्षयरोग प्रतिरोधात्मक उपचार कार्ड (Tuberculosis Preventive Therapy Card) 216
HMIS ६.९: क्षयरोग प्रेषणपुर्जा (समुदाय, निजी स्वास्थ्य संस्था) TB Referral Form- Community, Private Sector) 218
HMIS ६.१०: aDSM Adverse Event Recording/Reporting Form 219
HMIS ७.१: एच.आई.भी. परीक्षण तथा परामर्श सेवा रजिष्टर (HIV Testing and Counselling Register) 223
HMIS ७.३: एच.आई.भी. रोकथाम सेवाः एचआइभी स्व—जाँच रजिष्टर (HIV Self-Testing Register) 231
HMIS ७.४: एच.आई.भी. उपचार सेवा रजिष्टर (HIV Treatment Care Register) 232
HMIS ८.१: बिरामी भर्ना रजिष्टर (Patient Admission Register) 253
HMIS ८.२: बिरामी डिस्चार्ज रजिष्टर (Patient Discharge Register) 256
HMIS ८.३: आकस्मिक सेवा रजिष्टर (Emergency Service Register) 259

HMIS ८.४ Special Newborn Care Unit/ Neonatal Intensive Care Unit/ Kangaroo Mother Care Unit Register 263

HMIS ८.५: अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र रजिष्टर (One-Stop Crisis ManagementCenter-OCMC) 268

HMIS ८.६: सामाजिक सेवा इकाई रजिष्टर (Social Service Unit-SSU) 271

HMIS ९.१: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन (FCHV Report Collection Form) 274

HMIS ९.२: समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (Community Level Health Service Monthly Reporting Form-Immunization and PHC ORC) 275

HMIS ९.३: आधारभूत स्वास्थ्य सेवाकेन्द्रको मासिक प्रगति प्रतिवेदन फाराम (Basic Health Facilities Monthly Reporting Form) 284

HMIS ९.४: सरकारी अस्पताल मासिक प्रतिवेदन फाराम (Hospital Level Monthly Reporting Form) 350

HMIS ९.५: निजी तथा गैर-सरकारी स्वास्थ्य संस्था मासिक प्रतिवेदन फाराम (Non-Public Health Facility Monthly Reporting Form) 361

ABBREVIATIONS 362

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको परिचय

परिचयः

कुनै पनि संस्था जीवन्त रहन सूचना व्यवस्थापन प्रणाली आवश्यक पर्दछ । सूचना प्रणालीबाट प्राप्त सूचनाले संस्थाको कुशल व्यवस्थापन गर्न मद्धत गर्दछ । गुणस्तरीय सूचना प्राप्त गरि स्वास्थ्य संस्थाहरूको व्यवस्थापन प्रभावकारी बनाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आ.व. २०५१/५२ देखि एकीकृत रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System-HMIS) लागू गरेको हो । यस अघि विभिन्न स्वास्थ्य कार्यक्रमहरूको छुट्टाछुट्टै तवरले झण्डै ११० अभिलेख तथा प्रतिवेदन फारामहरूको प्रयोग गरि सूचना सङ्कलन गर्ने गरिन्थ्यो जुन खर्चिलो, अव्यावहारिक तथा झन्झटिलो थियो । आ.व. २०४३/४४ मा एकीकृत परियोजना सुरू भए पश्चात स्वास्थ्य कार्यक्रमहरू एकीकरण गरिए र स्वास्थ्य क्षेत्र एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको आवश्यकता महसुस गरियो । सोही अनुरुप आ.व. २०५१/५२ देखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विगतका अभिलेख प्रतिवेदन फारामहरूलाई परिमार्जन गरी ३८ वटा अभिलेख तथा प्रतिवेदन फारामहरू तय गरी एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू गरिएको हो ।

एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तर्गत प्रयोग भएका अभिलेख प्रतिवेदन फारामहरू आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गरी अद्यावधिक हुँदै आइरहेका छन् । तदनुरुप आ.व. २०७०/७१ मा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तत्कालिन समयमा नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (Nepal Health Sector Support Programme-NHSSP) ले निर्धारण गरेका नियमित स्वास्थ्य सेवा सम्बन्धी कतिपय सूचकहरूको अनुगमन गर्न आवश्यक पर्ने सूचनाहरू उपलब्ध नभएको स्थिति र कतिपय कार्यक्रमहरू सूचना प्रणालीमा समावेश नभई छुट्टै अभिलेख प्रतिवेदन हुने गरेको अवस्थालाई समेत मध्यनजर गरि व्यापक परिमार्जन गरिएको थियो । देश संघीय संरचनामा गए पश्चात आ.व. २०७४/७५ मा थप केहि परिमार्जन सहित लागू हुँदै आएको भएता पनि यस बिचमा स्वास्थ्य क्षेत्रमा भएका थुप्रै परिवर्तनहरूलाई समेट्न नसकिएको महसुस गरिएको थियो । यस बीचमा जनस्वास्थ्यका विभिन्न नयाँ कार्यक्रमहरू लागू भई सञ्चालनमा आएको भएतापनि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली भित्र समाहित हुन सकेको थिएन । यसका अतिरिक्त नियमित सञ्चालनमा रहेका कार्यक्रम तथा तिनका रणनीतिहरूमा समेत थुप्रै परिमार्जन भएको भएतापनि परिमार्जित कार्यक्रमका कतिपय महत्वपूर्ण पक्ष तथा सूचनाहरूलाई यस प्रणालीमा समावेश गर्न सकिएको थिएन। साथै जनस्वास्थ्य सेवा ऐन २०७५ र नियमावली २०७७ ले प्रत्याभूत गरेका आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको अनुगमन गर्नका लागि थप तथ्याङ्क तथा सूचनाहरूको आवश्यकता समेत महसुस गरिएको थियो ।यी सबै आवश्यकताहरूलाई दृष्टिगत गरि आर्थिक वर्ष २०७८/७९ मा विद्यमान स्वास्थ्यका सूचकहरू, अभिलेख तथा प्रतिवेदन फारामहरूमा केही परिमार्जन गरेपछि केहि छुट संसोधनहरू २०८२/८३ मा पनि अद्यावधि गर्ने कार्यलाई पूरा गरी स्वास्थ्यका विभिन्न क्षेत्र तथा कार्यक्रमहरूलाई विस्तृत रुपमा समेट्ने प्रयास गरिएको छ ।

विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरू, जनस्वास्थ्य तथा तथ्याङ्कका विषय विज्ञ, स्वास्थ्यकर्मीहरूसँगको छलफल, परामर्श तथा कार्यशालाहरूबाट प्राप्त सुझावहरूका आधारमा अभिलेख, प्रतिवेदन फारामहरू र सूचकहरू थप तथा परिमार्जन गरिएका छन् । यसलाई लागू गर्नुपूर्व काठमाडौं जिल्लाको केही स्वास्थ्य संस्थाहरूमा परीक्षण गरिएको थियो । यस फिल्ड परिक्षणबाट प्राप्त भएका सुझावहरूलाई समेत समावेश गरी वर्तमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तर्गतका अभिलेख तथा प्रतिवेदन फारामहरूलाई देशभरि विस्तार गर्ने गरि अन्तिम रुप दिईएको हो । हालको अभिलेख फारामहरूलाई आठ वटा खण्डहरूमा र प्रतिवेदन फारामहरूलाई छुट्टै एक खण्डमा विभक्त गरी जम्मा ७८ किसिमका अभिलेख फारामहरू (कार्ड, रजिष्टर) तथा ५ किसिमका प्रतिवेदन फारामहरू गरी जम्मा ८३ किसिमका अभिलेख र प्रतिवेदन फारामहरूको व्यवस्था गरिएको छ ।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली स्वास्थ्य प्रणालीका विभिन्न संस्थाहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, गाउँघर क्लिनिक, खोप क्लिनिक, आधारभूत स्वास्थ्य संस्था, विभिन्न तहका अस्पताल तथा निजी तथा गैर-सरकारी संस्थाबाट प्रदान गरिएको सेवाहरूको अभिलेख राख्ने, सूचना सङ्कलन गर्ने, प्रशोधन गर्ने, विश्लेषण गर्ने तथा सूचनाको आधारमा निर्णयमा पुग्ने प्रकृया हो । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् मूल्याङ्कनका प्रत्येक चरणमा सूचनाको प्रयोगलाई जोड दिएको छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट स्वास्थ्यकर्मी, कार्यक्रम व्यवस्थापक, तथा नीति निर्माताहरूलाई तथ्यपरक निर्णय लिई कार्यक्रम व्यवस्थापन गर्न मासिक रुपमा सूचना उपलब्ध हुन्छ।

तथ्यपरक कार्यक्रम व्यवस्थापन तथा योजना तर्जुमा

तथ्य भन्नाले अनुसन्धान, अभ्यास वा अनुभवबाट प्राप्त जानकारीहरू हुन। कुनै पनि अनुसन्धान, अभ्यास वा अनुभवबाट प्राप्त भएका जानकारी र नतिजाहरूमा आधारित भइ कार्यक्रम तथा नीतिका बारेमा निर्णय गर्ने प्रक्रियालाई तथ्यपरक निर्णय पद्धति भनिन्छ ।यस्ता तथ्याङ्कलाई आधार मानेर आवश्यक निर्णय लिन सकिन्छ जुन यथार्थपरक एवम् प्रभावकारी हुन्छन् । साथै, जनस्वास्थ्य क्षेत्रका कार्यक्रमको योजना तर्जुमा, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका लागि समेत तथ्याङ्क आवश्यक पर्दछ ।

जनस्वास्थ्य क्षेत्रमा HMIS त्यस्तो सूचना प्रणाली हो जसको संजाल स्थानीय स्तरका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका देखि संघीय स्तरसम्म विकास भएको छ ।यसले स्वास्थ्यकर्मी, कार्यक्रम व्यवस्थापक तथा नीति निर्माताहरूलाई तथ्यपरक निर्णय लिई कार्यक्रम व्यवस्थापन गर्न मासिक रुपमा सूचना उपलब्ध गराउँछ ।यद्धपि स्वास्थ्य व्यवस्थापनका विभिन्न तहहरूमा HMIS बाट उपलब्ध सूचनाहरूको पूरा उपयोग भने हुन सकेको छैन ।

HMIS को उपयोगिता

कार्यक्रम व्यवस्थापनमा HMISबाट प्राप्त तथ्याङ्कको उपयोग निम्न किसिमले गर्न सकिन्छः

- कार्यक्रमको वर्तमान अवस्था बारे थाहा दिन ।
- लक्ष्य अनुसारको उपलब्धिको अवस्था थाहा पाउन ।
- सेवाको पहुँच थाहा पाउन ।
- सेवाबाट वन्चित समूहहरूको पहिचान गर्न ।
- समस्याहरूको पहिचान गर्न ।
- लगानी अनुसारको उपलब्धिको अवस्था थाहा पाउन ।
- स्वास्थ्य योजना तर्जुमा गर्न ।
- कार्यक्रमको अनुगमन गर्न ।
- कार्यक्रमको मूल्याङ्कन गर्न ।
- कार्ययोजना बनाएर समस्या समाधान गर्न ।

यस निर्देशिकाको प्रयोगबाट स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुरूप प्रयोग भएका विभिन्न सेवा रजिष्टरहरूमा सही किसिमले अभिलेख राख्न तथा प्रतिवेदन गर्न निर्देशन उपलब्ध हुन्छ। यसले तथ्याङ्कको अभिलेखमा एकरुपता कायम गर्न मद्धत गर्दछ। सही तरिकाबाट राखिएको अभिलेखका आधारमा मात्र तथ्याङ्कको सही विश्लेषण र विवेचना गरी निर्णय प्रक्रियामा प्रयोग गर्न सहयोग पुर्याउँदछ । सही तरिकाबाट राखिएको अभिलेखका आधारमा प्रतिवेदन बनाउन सहज हुन्छ । हरेक स्वास्थ्य संस्थामा यस निर्देशिकाको एक प्रति हुनु आवश्यक छ । स्वास्थ्यकर्मीहरूलाई सेवाको अभिलेख राख्न तथा प्रतिवेदन गर्नमा कुनै बुँदामा द्विविधा भएमा यस निर्देशिकाको सहयोग लिनुपर्दछ ।

अभिलेख (रजिष्टर, कार्ड) तथा प्रतिवेदन फारामहरू

सावीकमा प्रयोगमा रहेका फारामहरू			परिमार्जित फारामहरू		
क्र. स.	फाराम नं.	फारामको नाम	क्र. स.	फाराम नं.	फारामको नाम
अभिलेख फारामहरू(RECORDING TOOLS)					
१. साझा अभिलेख फारामहरू (Common Forms)			१. साझा अभिलेख फारामहरू (Common Forms) -८		
१	१.१.	मूल दर्ता रजिष्टर (Master Register)	१	१.१.	मूल दर्ता रजिष्टर (Master Register)
२	१.२	स्वास्थ्य सेवा कार्ड	२	१.२	स्वास्थ्य सेवा कार्ड
३	१.३.	बहिरङ्ग सेवा रजिष्टर (Outpatient Service Register)	३	१.३.	बहिरङ्ग सेवा रजिष्टर (Outpatient Service Register)
४	१.४	प्रेषण/स्थानान्तरण पुर्जा	४	१.४	प्रेषण/स्थानान्तरण पुर्जा
५	१.५	डिफल्टर/अनियमितता खोज पुर्जा	५	१.५	डिफल्टर/अनियमितता खोज पुर्जा
६	१.६	समायोजन फाराम (Tally Sheet)	६	१.६	समायोजन फाराम (Tally Sheet)
			७	१.७	मासिक अनुगमन पुस्तिका (आधारभूत स्वास्थ्य संस्था)
			८	१.८	मासिक अनुगमन पुस्तिका (अस्पताल)
नवशिशु तथा बाल स्वास्थ्य (Infant and Child Health)			२. नवशिशु तथा बाल स्वास्थ्य (Infant and Child Health) - ८		
७	२.१	बाल स्वास्थ्य कार्ड (Child Health Card)	९	२.१	बाल स्वास्थ्य कार्ड (Child Health Card)
८	२.२	खोप रजिष्टर (Immunization Register)	१०	२.२	खोप रजिष्टर (Immunization Register)
९	२.३	पोषण रजिष्टर (Child Nutrition Register)	११	२.३	पोषण रजिष्टर (Child Nutrition Register)
१०	२.४	नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (IMNCI Register)	१२	२.४	नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (IMNCI Register)
११	२.५	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card)	१३	२.५	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card)
१२	२.६	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (IMAM Register)	१४	२.६	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (IMAM Register)
१३	२.७	मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर- अस्पताल (IMAM Register- Hospital)	१५	२.७	मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर- अस्पताल (IMAM Register- Hospital)
			१६	२.८	पोषण पुनर्स्थापना गृह रजिष्टर (NRH Register)

परिवार स्वास्थ्य (Family Health)			३. परिवार कल्याण (Family Welfare)- १२		
१४	३.१	परिवार नियोजन सेवा कार्ड (Face Sheet)	१७	३.१	परिवार नियोजन सेवा कार्ड (Face Sheet)
१५	३.२	पिल्सडिपो सेवा रजिष्टर (Pills, Depo Service Register)	१८	३.२	परिवार नियोजनको अस्थायी साधन (पिल्स तथा गर्भ निरोधक सुई) सेवा रजिष्टर (Pills and Injectable Service Register)
१६	३.३	आइ.यु.सी.डी/ इम्प्लान्ट सेवा रजिष्टर (IUCD/Implant Service Register)	१९	३.३	परिवार नियोजनको अस्थायी साधन (आइ.यु.सी.डी/ इम्प्लान्ट) सेवा रजिष्टर (IUCD/Implant Service Register)
१७	३.४	परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर (Sterilization Service Register)	२०	३.४	परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर (Sterilization Service Register)
१८	३.५	मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (Maternal and Newborn Health Card)	२१	३.५	मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (Maternal and Newborn Health Card)
१९	३.६	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (Maternal andNewborn Health Service Register)	२२	३.६	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (Maternal andNewborn Health Service Register)
२०	३.७	सुरक्षित गर्भपतन सेवा रजिष्टर (Safe Abortion Service Register)	२३	३.७	सुरक्षित गर्भपतन सेवा रजिष्टर (Safe Abortion Service Register)
			२४	३.७a	औषधीद्वारा गरिने गर्भपतनको सेवाग्राही कार्ड
			२५	३.७b	MVA द्वारा गरिने गर्भपतनको सेवाग्राही कार्ड
			२६	३.७c	दोस्रो त्रैमासिकको गर्भपतनको सेवाग्राही कार्ड
			२७	३.७d	PAC सेवाको सेवाग्राही कार्ड
			२८	३.८	प्रजनन् स्वास्थ्य रुग्णता सेवा रजिष्टर (Reproductive Health Morbidity Register)
सामुदायिक सेवा (Community Services)			४. सामुदायिक सेवा (Community Services) - ३२		
२१	४.१	गाउँघर क्लिनिक रजिष्टर	२९	४.१	गाउँघर क्लिनिक रजिष्टर
२२	४.२	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रजिष्टर (FCHV Register)	३०	४.२	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रजिष्टर (FCHV Register)
२३	४.३	राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिष्टर (Vitamin A Register)	३१	४.३	राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिष्टर (Vitamin A Register)

			३२	४.४	स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा रजिष्टर (Health Promotion andHealth Education Register)
औलो, कुष्ठरोग र कालाजार (Malaria, Leprosy and Kalazar)			**५. कीटजन्य रोग, नसर्ने रोग तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा (Vector Borne, Non-Communicable Diseases & Senior Citizens' Health Service)- १०**		
२४	५.१	औलोरोग, कुष्ठरोग र कालाजारको नमूना सङ्कलन फाराम (Malaria, Leprosy and Kala-Azar Specimen Collection Form)	३३	५.१	औलोरोग, कुष्ठरोग र कालाजारको नमूना सङ्कलन फाराम (Malaria, Leprosy and Kala-Azar Specimen Collection Form)
२५	५.२	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (Malaria, Leprosy and Kalazar Laboratory Register)	३४	५.२	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (Malaria, Leprosy and Kalazar Laboratory Register)
२६	५.३	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (Malaria and Kalazar Treatment Register)	३५	५.३	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (Malaria and Kalazar Treatment Register)
२७	५.४	कुष्ठरोग परीक्षण तथा उपचार कार्ड (Leprosy Examination and Treatment Card)	३६	५.४	कुष्ठरोग परीक्षण तथा उपचार कार्ड (Leprosy Examination and Treatment Card)
२८	५.५	कुष्ठरोग उपचार रजिष्टर (Leprosy Treatment Register)	३७	५.५	कुष्ठरोग उपचार रजिष्टर (Leprosy Treatment Register)
			३८	५.६	पुनर्स्थापना सेवा रजिष्टर (Rehabilitation Service Register)
			३९	५.७	पुनर्स्थापना सेवा कार्ड (Rehabilitation Service Card)
			४०	५.८	कुष्ठरोग बिरामीको सम्पर्क जाँच रजिष्टर (Leprosy Contact Investigation Register)
			४१	५.९	नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा रजिष्टर (Non-Communicable Diseases and Mental Health Register)
			४२	५.१०	ज्येष्ठ नागरिक स्वास्थ्य सेवा रजिष्टर (Senior Citizens Health Service Register)

क्षयरोग (Tuberculosis)			६. क्षयरोग (Tuberculosis) -१५		
२९	६.१	सम्भावित क्षयरोगका बिरामी दर्ता रजिष्टर (Presumptive Tuberculosis Register)	४३	६.१	सम्भावित क्षयरोगका बिरामी दर्ता रजिष्टर (Presumptive Tuberculosis Register)
३०	६.२	खकार परीक्षण अनुरोध तथा नतिजा फाराम (Laboratory Request and Reporting Form)	४४	६.२	खकार परीक्षण अनुरोध तथा नतिजा फाराम (Laboratory Request and Reporting Form)
३१	६.३A	क्षयरोग प्रयोगशाला रजिष्टर (माइक्रोस्कोपी) (TB Laboratory Register - Microscopy)	४५	६.३A	क्षयरोग प्रयोगशाला रजिष्टर (माइक्रोस्कोपी) (TB Laboratory Register - Microscopy)
३२	६.३B	क्षयरोग प्रयोगशाला रजिष्टर (एक्स्पर्ट) Tuberculosis Laboratory Register- (Xpert MTB/RIF & MTB/XDR)	४६	६.३B	क्षयरोग प्रयोगशाला रजिष्टर (एक्स्पर्ट) Tuberculosis Laboratory Register - (Xpert MTB/RIF & MTB/XDR)
३३	६.४A	क्षयरोग उपचार व्यवस्थापन कार्ड (डी.एस टि.बि) (Tuberculosis Treatment Mnagement card (DSTB)	४७	६.४A	क्षयरोग उपचार व्यवस्थापन कार्ड (डी.एस टि.बि) (Tuberculosis Treatment Mnagement card (DSTB)
३४	६.४B	क्षयरोग उपचार कार्डः बिरामीका लागि (TB Treatment card-Patient)	४८	६.४B	क्षयरोग उपचार कार्डः बिरामीका लागि (TB Treatment card-Patient)
३५	६.४C	औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन कार्ड (DR TB Treatment Management Card)	४९	६.४C	औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन कार्ड (DR TB Treatment Management Card)
३६	६.४D	औषधी प्रतिरोधी क्षयरोग उपचार कार्ड (DR TB Treatment Card-Patient)	५०	६.४D	औषधी प्रतिरोधी क्षयरोग उपचार कार्ड (DR TB Treatment Card-Patient)
३७	६.५A	क्षयरोग उपचार मूल रजिष्टर (Tuberculosis Treatment Master Register)	५१	६.५A	क्षयरोग उपचार मूल रजिष्टर (Tuberculosis Treatment Master Register)
३८	६.५B	औषधी प्रतिरोधी क्षयरोग उपचार रजिष्टर (DR Tuberculosis Treatment Register)	५२	६.५B	औषधी प्रतिरोधी क्षयरोग उपचार रजिष्टर (DR Tuberculosis Treatment Register)
३९	६.६	क्षयरोग स्क्रिनिंग तथा सम्पर्क परीक्षण फाराम (Tuberculosis Screening and Contact Examination)	५३	६.६	क्षयरोग स्क्रिनिंग तथा सम्पर्क परीक्षण फाराम (Tuberculosis Screening and Contact Examination)

४०	६.७	सम्पर्क परीक्षण तथा क्षयरोग प्रतिरोधात्मक उपचार रजिष्टर (Contact Investigation and Tuberculosis Preventive Therapy Register)	५४	६.७	सम्पर्क परीक्षण तथा क्षयरोग प्रतिरोधात्मक उपचार रजिष्टर (Contact Investigation and Tuberculosis Preventive Therapy Register)
४१	६.८	क्षयरोग प्रतिरोधात्मक उपचार कार्ड (Tuberculosis Preventive Therapy Card)	५५	६.८	क्षयरोग प्रतिरोधात्मक उपचार कार्ड (Tuberculosis Preventive Therapy Card)
४२	६.९	क्षयरोग प्रेषण पुर्जा (समुदाय, निजी स्वास्थ्य संस्था) TB Referral Form- Community, Private Sector)	५६	६.९	क्षयरोग प्रेषण पुर्जा (समुदाय, निजी स्वास्थ्य संस्था) TB Referral Form- Community, Private Sector)
४३	६.१०	aDSM Adverse Event Recording/Reporting Form	५७	६.१०	aDSM Adverse Event Recording/Reporting Form
एच.आइ.भी. एड्स तथा यौनरोग			**७. एच.आइ.भी. एड्स तथा यौनरोग - १५**		
४४	७.१	एच.आई.भी. परीक्षण तथा परामर्श सेवा रजिष्टर (HIV Testing and Counselling Register)	५८	७.१	परीक्षण तथा परामर्श सेवा रजिस्टर (HIV Testing and Counselling Register)
४५	७.२	यौनजन्य रोग सङ्क्रमण उपचार रजिष्टर (Sexually Transmitted Infections Treatment Register)	५९	७.२	यौनजन्य रोग सङ्क्रमण उपचार रजिस्टर (Sexually Transmitted Infections Treatment Register)
४६	७.३	आमाबाट बच्चामा सर्ने एच.आई.भी रोकथाम सेवा रजिष्टर (PMTCT Service Register)	६०	७.३	एच.आई.भी. रोकथाम सेवाः एचआइभी स्व-जाँच रजिष्टर (HIV Self-Testing Register)
४७	७.४	एच.आई.भी. उपचार सेवा रजिष्टर (HIV Treatment Care Register)	६१	७.४	एच.आई.भी.. उपचार सेवा रजिस्टर (HIV Treatment Care Register)
४८	७.५	एच.आई.भी.उपचार सेवा कार्ड (HIV Treatment Care Record)	६२	७.५	एच.आई.भी.उपचार सेवा कार्ड (HIV Treatment Care Record)
४९	७.६	ओ.एस.टी. रजिष्टर (Opioid Substitution Therapy Register)	६३	७.६	ओ.एस.टी. रजिस्टर (Opioid Substitution Therapy Register)
			६४	७.७	एच.आई.भी. रोकथाम सेवाः पहिलो तथा पुनः भेट रजिस्टर
			६५	७.८	HIV Prevention Service - Needle Syringe Program (NSP) Register HMIS
			६६	७.९	Community-Led Testing (CLT) Register
			६७	७.१	एच.आइ.भी. हेरचाह तथा सहयोगः सामुदायिक हेरचाह केन्द्र रजिष्टर
			६८	७.११	एच.आइ.भी. हेरचाह तथा सहयोगः सीएचबीसी (CHBC) रजिष्टर
			६९	७.१२	प्रि-एक्सपोजर प्रोफाइल्याक्सिस् रजिष्टर
			७०	७.१३	पोष्ट्-एक्सपोजर प्रोफाइल्याक्सिस् रजिष्टर
			७१	७.१४	इन्डेक्स बेष्ड पार्टनर परीक्षण रजिष्टर
			७२	७.१५	एच.आई.भी. रिसेन्सी परीक्षण

अस्पताल (Hospital)			८. अस्पताल (Hospital)-६		
५०	८.१	बिरामी भर्ना रजिष्टर (Patient Admission Register)	७३	८.१	बिरामी भर्ना रजिष्टर (Patient Admission Register)
५१	८.२	बिरामी डिस्चार्ज रजिष्टर (Patient Discharge Register)	७४	८.२	बिरामी डिस्चार्ज रजिष्टर (Patient Discharge Register)
५२	८.३	आकस्मिक सेवा रजिष्टर (Emergency Service Register)	७५	८.३	आकस्मिक सेवा रजिष्टर (Emergency Service Register)
			७६	८.४	Special Newborn Care Unit/ Neonatal Intensive Care Unit/ Kangaroo Mother Care Unit Register
			७७	८.५	अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र रजिष्टर (OCMC Register
			७८	८.६	सामाजिक सेवा इकाई रजिष्टर (SSU Register)
प्रतिवेदन फारामहरू(REPORTING TOOLS)					
५३	९.१	महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन (FCHV Report Collection Form)	७९	९.१	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन (FCHV Report Collection Form)
५४	९.२	समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (Community Level Health Service Monthly Reporting Form-Immunization and PHC ORC)	८०	९.२	समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (Community Level Health Service Monthly Reporting Form-Immunization and PHC ORC)
५५	९.३	प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक/केन्द्र र सामुदायिक स्वास्थ्य एकाईको मासिक प्रगति प्रतिवेदन फाराम (PHCC, HP, Urban Health Clinic/ Center and Community Health Unit Monthly Reporting Form)	८१	९.३	आधारभूत स्वास्थ्य सेवा केन्द्रको मासिक प्रगति प्रतिवेदन फाराम (Basic Health Facilities Monthly Reporting Form)
५६	९.४	सरकारी अस्पताल प्रतिवेदन फाराम (Hospital Level Monthly Reporting Form)	८२	९.४	सरकारी अस्पताल मासिक प्रतिवेदन फाराम (Hospital Level Monthly Reporting Form)
५७	९.५	गैर-सरकारी स्वास्थ्य संस्था प्रतिवेदन फाराम (Non-Public Health Facility Reporting Form)	८३	९.५	निजी तथा गैर-सरकारी स्वास्थ्य संस्था मासिक प्रतिवेदन फाराम (Non-Public Health Facility Monthly Reporting Form)

१. साझा अभिलेख फारामहरू
COMMON FORMS

HMIS १.१: मूल दर्ता रजिष्टर

HMIS १.२ स्वास्थ्य सेवा कार्ड

HMIS १.३: बहिरङ्ग सेवा रजिष्टर

HMIS १.४: प्रेषण/स्थानान्तरण पुर्जा

HMIS १.५: डिफल्टर/अनियमितता अनुगमन पुर्जा

HMIS १.६: समायोजन फाराम

HMIS १.७: मासिक अनुगमन पुस्तिका (आधारभूत स्वास्थ्य संस्था)

HMIS १.८: मासिक अनुगमन पुस्तिका (अस्पताल)

HMIS १.१ : मूल दर्ता रजिष्टर (Master Register)

स्वास्थ्य संस्थामा जुनसुकै स्वास्थ्य सेवा लिन आएका व्यक्तिहरूको नाम र अन्य विवरण एउटै रजिष्टरमा दर्ता गर्नाले सेवा लिन आएका सबै व्यक्तिहरूको अभिलेखन रहने हुनाले संस्थामा कति जना सेवा लिन आए भन्ने जानकारी हुनुका साथै संस्थाको वास्तविक कार्यबोझको जानकारी प्राप्त हुन्छ। स्वास्थ्य संस्थामा सबै सेवाग्राहीहरूको विवरण सङ्कलन गरी अभिलेखन गर्न, सेवा सम्बन्धी विश्लेषण गर्न र प्रतिवेदन तयार गर्न यस रजिष्टरको आवश्यकता पर्दछ । सेवाग्राहीहरू जुनसुकै सेवा लिन स्वास्थ्य संस्थामा आएमा रजिष्टरमा उल्लेख भए बमोजिमका निजको नाम, थर, उमेर लगायतका सबै विवरण नछुटाई सोधेर स्पष्ट बुझ्ने अक्षरमा लेख्नुपर्दछ । स्वास्थ्य संस्थामा सञ्चालनहुने खोप सेवा लिन आएका सेवाग्राहीहरूलाई यस रजिष्टरमा दर्ता गर्नुपर्दैन ।

रजिष्टरको नमूना

मूल दर्ता रजिष्टर

मितिः _____/_____/_____(गा/म/सा)

क्र.सं	दर्ता नम्बर		सेवाग्राहीको		जाती कोड	उमेर		ठेगाना			सम्पर्क नम्बर	सेवाको किसिम*	निशुल्क/शुल्क रु.	प्रेषण भई आएको संस्थाको नाम
	पहिलो पटक	थप पटक	नाम	थर		महिला	पुरुष	जिल्ला	नगर/गाउँपालिका	वडा नं.				
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५

नयाँ सेवाग्राही (महल नं. २)								नया सेवाग्राही (महल नं. १)							नयाँ सेवाग्राही (महल नं. ६)							जम्मा
लिङ्ग	उमेर समुह						जम्मा	उमेर समुह						जम्मा	जात/जाती समुह							
	०-९	१०-१४	१५-१९	२०-५९	६०-६९	≥७०		०-९	१०-१४	१५-१९	२०-५९	६०-६९	≥७०		दलित	जनजाती	मधेशी	मुस्लिम	ब्राह्मण/क्षेत्री	अन्य		
महिला																						
पुरुष																						

सेवाको किसिम (महल १३)					
सामान्य उपचार	१	परिवार नियोजन	५	चौमासे	९
IMNCI	२	क्षयरोग	६	नसर्ने रोग	१०
पोषण	३	कुष्ठरोग	७	अन्य (खुलाउने)	११
सुरक्षित मातृत्व	४	किटजन्य रोग	८		

रजिष्टर भर्ने तरिकाः

मितिः सेवा दिएको दिनको मिति (गते/महिना/साल) पानाको सुरुमा माथि पट्टिको देब्रे कुनामा लेख्नुपर्दछ। पानामा दिइएका लहर (Row) मध्ये केही बाँकी रहेमा अर्को दिन सोही पानामा एउटा लहरमा मिति लेखि अर्को लहरबाट विवरण भर्न सुरु गर्नुपर्दछ । महिनाको सुरुमा नयाँ पेजबाट सेवाग्राहीलाई दर्ता गर्नुपर्दछ ।


महल नं.	महलशीर्षक	निर्देशन
१.	क्र. सं.	हरेक महिना नयाँ क्रम सङ्ख्या १ बाट सुरु गर्नुपर्दछ।
२-३	दर्ता नम्बर	दर्ता नम्बर एक आ.ब. का लागि १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ र अर्को आ.ब. सुरु भएपछि पुनः १ बाट सुरु गर्नुपर्दछ । दर्ता नम्बरले स्वास्थ्य संस्था र सेवाग्राहीका लागि दीर्घकालीन महत्व राख्दछ । यसैको आधारमा सेवाग्राहीको अभिलेखन हुन्छ र भविष्यमा सेवाग्राहीलाई पहिचान गरी पहिल्याउन सकिन्छ।
२	दर्ता नम्बर पहिलो पटक	कुनै व्यक्ति प्रथम पटक सेवा लिन आउँदा सो व्यक्तिलाई नयाँ दर्ता नम्बर प्रदान गर्नुपर्दछ । एक पटक दर्ता भएको सेवाग्राही एक आर्थिक वर्ष भित्र जुनसुकै सेवा जति पटक लिन आए तापनि नयाँ दर्ता नं. दिनु हुँदैन ।
३	दर्ता नम्बर थप पटक	एक आर्थिक वर्षभित्र थप पटक (पुनः जुनसुकै स्वास्थ्य सेवा लिनुपर्ने भएमा) स्वास्थ्य सेवा लिन आएका सेवाग्राहीलाई पहिलो पटक दिइएको दर्ता नं. यस महलमा चढाउनुपर्दछ । (✓) चिन्ह लगाउनु हुदैन।
४	नाम	सेवाग्राहीको नाम यस महलमा लेख्नुपर्दछ ।

महल नं.	महलशीर्षक	निर्देशन
५	थर	यस महलमा सेवाग्राहीको थर लेख्नुपर्दछ ।
६	जाति कोड	सेवाग्राहीको जात/जातिअनुसारको कोड यस महलमा लेख्नु पर्दछ, जस्तै ०१, ०२,.. ०६। जाति कोड रजिष्टरको पछाडि उल्लेख गरिएको छ । सेवाग्राहीको कार्डमा उक्त जाति कोड समेत प्रष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।
७-८	उमेर (महिला/पुरुष)	सेवाग्राही महिला भए महल ७ मा र पुरुष भए महल ८ मा पूरा भएको उमेर (वर्षमा) जनाउनु पर्दछ । सेवाग्राही एक वर्षभन्दा कम उमेरको भएमा पनि वर्षमा जनाउनु पर्दछ, जस्तैः ०/१२, १/१२, २/१२.....। ०/१२ भन्नाले १ महिना भन्दाकम उमेर भएको शिशुलाई बुझाउँदछ ।
९-११	ठेगानाः जिल्ला, नगर /गाउँपालिका, वडा नम्बर	सेवाग्राही हाल धेरैजसो बसोबास गरेको जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बर सम्बन्धित महलमा लेख्नु पर्दछ।
१२	सम्पर्क नम्बर	सेवाग्राहीको सम्पर्क फोन नम्बर यस महलमा लेख्नुपर्दछ ।
१३	सेवाको किसिम	सेवाग्राही कुन सेवा लिन आएको हो, सो सेवा समूहको कोड लेख्नुपर्दछ । जस्तैः सामान्य उपचार=१, आई.एम.एन.सी.आई=२, पोषण=३, सुरक्षित मातृत्व=४, परिवार नियोजन=५, क्षयरोग=६, कुष्ठरोग=७, कीटजन्य रोग=८, यौनरोग=९, नसर्ने रोग=१० अन्य (खुलाउने)=११
१४	निःशुल्क/ शुल्क रु.	सेवाग्राहीलाई दर्ता गर्दा दर्ता शुल्क बापत शुल्क लिइएको भएमा शुल्क रुपैयाँमा र निःशुल्क गरिएको भए निःशुल्क लेख्नुपर्दछ ।
१५	प्रेषण भई आएको स्वास्थ्य संस्थाको नाम	यदि सेवाग्राही अर्को स्वास्थ्य संस्थाबाट प्रेषण भई आएको भएमा कुन संस्थाबाट प्रेषण भई आएको हो, यस महलमा सो संस्थाको नाम लेख्नुपर्दछ ।
नयाँ /जम्मा सेवाग्राही, जातिगत आधारमा सेवाग्राही संख्या		प्रत्येक पेजको अन्तमा रहेका संक्षिप्त तालिकामा लिङ्ग र उमेर समूह अनुसार जम्मा सेवाग्राही र नयाँ सेवाग्राहीको संख्या तथा लिङ्ग र जातजाति अनुसार नयाँ सेवाग्राहीको संख्या उल्लेख गर्नुपर्दछ ।यी तालिकाहरूले प्रतिवेदन तयार गर्न सहज बनाउँछन् ।

HMIS १.२: स्वास्थ्य सेवा कार्ड (Health Service Card)

स्वास्थ्य संस्था वा गाउँघर क्लिनिकमा स्वास्थ्य सेवा दिएको विवरण यसमा उल्लेख गरी यो कार्ड सेवाग्राहीलाई प्रदान गरिन्छ । स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीलाई बहिरङ्ग सेवा, कुष्ठरोग सेवा, परिवार नियोजन सेवा तथा अन्य स्वास्थ्य सेवा दिन र दोहोर्याएर आएमा पहिले दिएको सेवा र उपचार हेरी आगामी सेवा दिनका लागि यस कार्डको प्रयोग गर्नु पर्दछ । यस कार्डको महत्व सेवाग्राही र सेवाप्रदायक दुवैका लागि हुने भएकाले स्वास्थ्य सेवाको क्रममा र ठीक भइसकेपछि पनि नमासिने र नहराउने गरी सुरक्षित राख्न सल्लाह दिनुपर्दछ। साथै हरेक पटक स्वास्थ्य सेवा लिन आउँदा सेवाग्राहीले यो कार्ड अनिवार्य रूपमा लिई आउनुपर्दछ ।

कार्डको नमुना:



HMIS 1.2: Health Service Card

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

जिल्ला: ..... स्वास्थ्य संस्थाको नाम: .....

स्वास्थ्य सेवा कार्ड

मुल दर्ता नं.		नाम, थर	जाती कोड	लिङ्ग	उमेर
ORC दर्ता नं.					

ठेगाना	जिल्ला	नगर/गाउँपालिका	वडा नं.	सम्पर्क नं.

मिति (ग.म.सा.)	ओ.पि.डि. दर्ता नं.	शिकायत / निदान	उपचार र सल्लाह

हरेक पटक आउँदा यो पूर्जा अनिवार्य रूपमा लिइ आउनु होला ।

परिवार नियोजन ..... दर्ता नं.

मिति	जाँच परिक्षण	उपचार र सल्लाह	फर्कर आउने मिति	सेवा प्रदायकको सही

प्रजनन् स्वास्थ्य रुग्णता सेवा ..... दर्ता नं.

मिति	जाँच परिक्षण	उपचार र सल्लाह	फर्कर आउने मिति	सेवा प्रदायकको सही

कुष्ठरोग सेवा ..... दर्ता नं.

मिति	जाँच परिक्षण	उपचार र सल्लाह	फर्कर आउने मिति	सेवा प्रदायकको सही

भर्नेतरिका:

महल शीर्षक	निर्देशन
जिल्ला	स्वास्थ्य संस्था रहेको जिल्लाको नाम लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
मूलदर्ता नं.	मूलदर्ता रजिष्टरको दर्ता नं. लेख्नुपर्दछ ।
ORC दर्ता नं.	गाउँघर क्लिनिकमा सेवा लिन आएको सेवाग्राहीको गाउँघर क्लिनिक (Outreach clinic - ORC) रजिष्टरको दर्ता खण्ड (HMIS ४.१.१) बाट दर्ता नं. लेख्नुपर्दछ ।
नाम, थर, जातिकोड, लिङ्ग, उमेर	सेवालिने सेवाग्राहीको नाम, थर, जातिकोड, लिङ्ग र उमेर सम्बन्धित कोठामा लेख्नुपर्दछ । उमेर लेख्दा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ । ५ वर्षभन्दा मुनिका बच्चाहरूलाई यो कार्ड दिइँदैन ।
ठेगाना	सेवालिने व्यक्तिको ठेगानामा अक्सर बसोबास गर्ने जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बर र सम्पर्क फोन नं. सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
मिति	सेवा लिएको दिनको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ । यो कार्ड वर्षभरि नै प्रयोग गरिने हुँदा अर्को पटक सेवा लिन आउँदा पुनःमिति लेख्नुपर्दछ ।

महल शीर्षक	निर्देशन
ओ.पी. डी. दर्ता नं.	यदि सेवाग्राही सामान्य उपचारको लागि आएको भए बहिरङ्ग रजिष्टरबाट सम्बन्धित बिरामीको दर्ता नं. चढाउनुपर्दछ । अर्को पटक नयाँ रोग लागेर आएमा बहिरङ्ग रजिष्टर अनुसार नयाँ दर्ता नं. लेख्नुपर्दछ ।
सिकायत र निदान	बिरामीको सिकायत र समस्या सुनी निजलाई के भएको हो, सो निदान गरी लेख्नुपर्दछ ।
उपचार र सल्लाह	बिरामीको रोगको निदान (Diagnosis) गरिसकेपछि निजलाई दिइएको उपचार, सल्लाह वा प्रेषण आदिको विवरण यस महल अन्तर्गत लेख्नु पर्दछ ।
परिवार नियोजन .....दर्ता नं.	सेवा लिने व्यक्ति परिवार नियोजन सेवा लिन आएको भए परिवार नियोजन ..... पछिको खाली ठाउँमा सेवाको नाम लेखि दर्ता नं. लेख्नुपर्दछ । जस्तैः डिपो सेवा लिन आएको भए खाली ठाउँमा डिपो लेखि **'परिवार नियोजनको अस्थायी साधन (पिल्स, तथा गर्भ निरोधक सुइ) सेवा रजिष्टर' बाट** डिपो सेवाको दर्ता नं. लेख्नुपर्दछ । यदि गाउँघर क्लिनिकबाट परिवार नियोजनको सेवा दिएको भए ORC लेखि गाउँघर क्लिनिक रजिष्टरको परिवार नियोजन सेवाको दर्ता नं. लेख्नुपर्दछ ।
मिति	परिवार नियोजन सेवा दिएको मिति लेख्नु पर्दछ।
जाँच परीक्षण	परिवार नियोजन सेवा लिन आएको व्यक्तिको रक्तचाप आदि जाँच तथा परीक्षण गरिएको बेहोरा यस महलमा लेख्नुपर्दछ ।
उपचार सल्लाह	परिवार नियोजन सेवा लिन आएको व्यक्तिलाई दिएको उपचार सल्लाह लेख्नुपर्दछ। जस्तैः पिल्स दिएको भए पिल्स साइकल, डिपोको डोज, आई.यु.सी.डी. लगाउँदा दुखाई कम हुने औषधी, आइरन आदि उपचार लगायत अन्य सल्लाह सुझाव दिएको पनि यस महलमा लेख्नुपर्दछ ।
फर्केर आउने मिति	परिवार नियोजन सेवा लिन आउने सेवाग्राही सेवा निरन्तरताको लागि पुनः आउनु पर्ने मिति लेख्नुपर्दछ ।
सेवाप्रदायकको सही	परिवार नियोजन सेवा प्रदायक स्वास्थ्यकर्मीले सेवा प्रदान गरेपश्चात् माथि उल्लिखित विवरण कार्डमा भरी सही गर्नुपर्दछ ।
प्रजनन् स्वास्थ्य रुग्णता सेवा.....दर्ता नं.	सेवालिने व्यक्ति प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आएको भए प्रजनन् स्वास्थ्य रुग्णता ..... पछिको खाली ठाउँमा सेवाको नाम लेखि दर्ता नं. लेख्नुपर्दछ । यदि गाउँघर क्लिनिकबाट प्रजनन् स्वास्थ्य रुग्णताको सेवा दिएको भए ORC लेखि गाउँघर क्लिनिक रजिष्टरबाट प्रजनन् स्वास्थ्य रुग्णता सेवाको दर्ता नं. लेख्नुपर्दछ ।
मिति	प्रजनन् स्वास्थ्य रुग्णता सेवा दिएको मिति लेख्नु पर्दछ।
जाँच परीक्षण	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आएको व्यक्तिको रक्तचाप आदि जाँच तथा परीक्षण गरिएको बेहोरा यस महलमा लेख्नुपर्दछ ।
उपचार सल्लाह	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आएको व्यक्तिलाई दिएको उपचार सल्लाह लेख्नुपर्दछ ।
फर्केर आउने मिति	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आउने सेवाग्राही सेवा निरन्तरताको लागि पुनः आउनुपर्ने मिति लेख्नुपर्दछ ।
सेवाप्रदायकको सही	प्रजनन् स्वास्थ्य रुग्णता सेवा प्रदायक स्वास्थ्यकर्मीले सेवा प्रदान गरेपश्चात् माथि उल्लिखित विवरण कार्डमा भरी सही गर्नुपर्दछ ।
कुष्ठरोग सेवा— दर्ता नं.	यदि सेवाग्राही कुष्ठरोगसम्बन्धी स्वास्थ्य सेवा लिन आएको भए निजको कुष्ठरोग रजिष्टरमा दर्ता भएको दर्ता नं. लेख्नुपर्दछ । अन्य विवरण परिवार नियोजन सेवामा जस्तै भर्नुपर्दछ ।

HMIS १.३: बहिरङ्ग सेवा रजिष्टर (Outpatient Register)

विभिन्न स्तरका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य प्रवर्द्धन केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईहरूमा प्रत्येक दिन जाँच तथा उपचारका लागि आएका ५ वर्षभन्दा माथिका बिरामीहरूको अभिलेख यस रजिष्टरमा राखिन्छ । यसै रजिष्टरको तल्लो भागमा स्वास्थ्य संस्थामा बहिरङ्ग सेवा लिन आएका बिरामीहरूको रोग, जात—जाति र लिङ्ग अनुसार प्रतिवेदन तयार गरी विश्लेषण गरिन्छ । स्वास्थ्य संस्थामा उपचारका लागि आएका ५ वर्षभन्दा मुनिका बच्चाहरूलाई बहिरङ्ग सेवा प्रदान गर्दा आई.एम्.सी.आई रजिष्टर (HMIS २.४) मा दर्ता गरी सेवा प्रदान गर्नुपर्दछ ।

रजिष्टरको नमूना

मितिः _____/_____/_____(गा/म/सा)

बहिरङ्ग सेवा रजिष्टर

क्र.सं	मूल दर्ता नम्बर	OPD दर्ता नम्बर		सेवाग्राहीको नाम	जाति कोड	उमेर		ठेगाना		सम्भावित क्षयरोगका बिरामी		अनुसन्धान मूलक परीक्षण	सम्भावित निदान (Provisional Diagnosis)	ICD Code	उपचार र सल्लाह	Surgical Procedure (Day Care Surgery)	सङ्क्रमक रोग	नि:शुल्क सेवा कोड	प्रेषण भई	
		नयाँ	पुरानो	थर		महिला	पुरुष	जिल्ला	नगर/गाउँपालिका	हो	होइन								आएको संस्थाको नाम	गएको संस्थाको नाम
१	२	३	४	५	६	७	८	९		१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	
								जिल्ला	नगर गाउँपालिका	१	२						१			
								वडा नं	सम्पर्क नं											

जातीगत आधारमा सेवाग्राही (नयाँ मात्र, महल नं. ६)								पुरानो सेवाग्राहीको जम्मा संख्या (महल नं ४)
लिङ्ग	जात/जाती समुह						जम्मा	
	दलित १	जनजाती २	मधेशी ३	मुस्लिम ४	ब्राह्मण/क्षेत्री ५	अन्य ६		
महिला								
पुरुष								

सम्भावित क्षयरोगका बिरामी संख्या (महल नं११)	
महिला	
पुरुष	

नि:शुल्क सेवाको लक्षित समूह कोड (महल नं. १८)							
लिङ्ग	अति गरिब/गरिब =१	असहाय = २	अपाङ्ग = ३	जेष्ठ नागरिक = ४	म.स्वा.स्व.से = ५	अन्य = ६	जम्मा
महिला							
पुरुष							

भर्ने तरिका

मितिः प्रत्येक दिन सुरुमा मिति (गते, महिना र सालमा) लेखि सेवा प्रदान गरेको विवरण भर्नुपर्दछ । सो पानामा विवरण लेख्ने ठाउँ बाँकी भएमा अर्को दिनको मिति (गते, महिना र सालमा) लेखि क्रमशः बाँकी ठाउँ नछोडी प्रयोग गर्नुपर्दछ तर महिना सकिएमा भने अर्को पानावाट निरन्तरता दिनु पर्दछ ।

महल नं	महल शीर्षक	भर्ने तरिका
१	क्र.सं.	प्रत्येक महिना सेवा लिन आएका बिरामीको क्रम सङ्ख्या १ बाट सुरु गर्नुपर्दछ ।
२	मूलदर्ता नं.	मूलदर्ता रजिष्टरमा दर्ता हुँदाको नम्बर बिरामी पुर्जाबाट यस महलमा चढाउनुपर्दछ ।
३ र ४	O.P.D दर्ता नं. (नयाँ/पुरानो)	बिरामी दर्ता गर्दा प्रत्येक आ.व. मा नयाँ दर्ता नम्बर दिई सुरु गर्नुपर्दछ । एउटा रोग लागेर उपचार गराउन आएको बिरामी सोही रोगको उपचारका लागि दोहोयाई (फलोअप) आएमा पुरानो महलमा पहिलेको दर्ता नम्बर लेख्नुपर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ । रेफर भई आएका सेवाग्राहीहरूका हकमा सोही सेवा भएमा दर्ता नं. नयाँ दिई पुरानाको महलमा Referred-in लेख्नुपर्दछ र पुरानो बिरामीको रूपमा लिनुपर्दछ । यदि स्वास्थ्य संस्थामा सेवा लिने लामो अवधिका सेवाहरू जस्तै नसर्ने रोग, क्षयरोग तथा परिवार नियोजन का सेवाग्राहीहरू अर्को आर्थिक वर्षमा सेवा लिन आएमा पुराना सेवाग्राहीको रुपमा मान्नु पर्दछ ।
५	बिरामीको नाम, थर	यस महलको माथिल्लो भागमा बिरामीको नाम र तल्लो भागमा थर लेख्नुपर्दछ ।

महल नं	महल शीर्षक	भर्ने तरिका
६	जाति कोड	सेवालिने व्यक्तिको जाति यकिन गरी जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तैः ०१,०२,..... ०६)
७ र ८	उमेर	बिरामी महिला भए महिलाको महलमा र पुरुष भए पुरुषको महलमा पूरा भएको उमेर (वर्षमा) लेख्नुपर्दछ ।
९	ठेगाना	बिरामी प्रायः बसोबास गर्ने जिल्ला, नगर पालिका/गाँउपालिका र वडा नं. र सम्पर्क फोन नं. यस महलका सम्बन्धित स्थानमा लेख्नुपर्दछ ।
१० — ११	संभावित क्षयरोगका बिरामी	उपचार लिनआएको बिरामी सम्भावित क्षयरोगको बिरामी भए महल १० को कोड नं १ मा र सम्भावित क्षयरोगको बिरामी नभएमा महल न ११ को कोड नं २ मा गोलो संकेत गर्नु पर्दछ । महल १० को कोड १ मा गोलो घेरा लागेको सेवाग्राहीलाई सम्भावित क्षयरोग दर्ता रजिष्टर(HMIS ६.१) मा समेत अभिलेख राख्नु पर्दछ ।
१२	अनुसन्धानमूलक परीक्षण	बिरामीको रोगनिदान गर्ने क्रममा एक्सरे, प्रयोगशाला वा अन्य जाँच गरेको बेहोरा यस महलमा लेख्नुपर्दछ ।
१३	सम्भावित निदान	यस महलमा स्वास्थ्यकर्मीले निदान गरे अनुसार बिरामीलाई लागेको सम्भावित मुख्य रोगको नाम लेख्नुपर्दछ । (Multiple classification गर्नुपर्ने भएमा क्रमश लेख्नु पर्दछ तर ICD CODE लेख्दा ति मध्ये मुख्य एक रोगको मात्र वर्गीकरण गर्नु पर्दछ ।
१४	ICD Code	यस महलमा रोगको अन्तराष्ट्रिय वर्गीकरण अनुसारको कोड (INTERNATIONAL CLASSIFICATION OF DISEASE CODE (ICD-११)) Alpha Numeric नम्बर लेख्नुपर्दछ । यदि सोहि रोगको follow up का लागि आएको भएमा दोहोर्याएर आउदा को ICD code लेख्नु पर्दैन।
१५	उपचार र सल्लाह	निदान भएको रोगको उपचारका लागि बिरामीलाई दिइएको औषधीको नाम (मात्रा र अवधि खुल्ने गरी) र बिरामीलाई दिएको सल्लाह यस महलमा लेख्नुपर्दछ ।
१६	Surgical Procedure (Day Care Surgery)	उपचारको क्रममा गरिएको सानोतिनो सर्जिकल प्रकृया यस महलमा लेख्नुपर्दछ ।
१७	लैङ्गिक हिंसा	उपचारका लागि आएका सेवाग्राही लैङ्गिक हिंसाबाट पीडित भई आएको भएमा यस महलको कोड १ मा गोलो घेरा लगाउनुपर्दछ । त्यस्ता सेवाग्राहीहरुलाई OCMC सेवा एकाईबाटट सेवा दिई सोही बमोजिम रेकडिङ्ग तथा रिपोर्टिङ्ग गर्नु पर्दछ ।
१८	निःशुल्क सेवा कोड	अस्पतालहरूमा बिरामीले निःशुल्क सेवा पाएको भएमा सामाजिक सेवा ईकाई सञ्चालन निर्देशिका बमोजिम कुन वर्गमा पर्दछन्, सो हेरी निःशुल्क जनाई कोड उल्लेख गर्नुपर्दछ। जस्तैः १=अतिगरिब र गरिब, २=असहाय, ३=अपाङ्ग, ४=ज्येष्ठ नागरिक (६० वर्षमाथिका), ५=महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, ६=अन्य (खुलाउने)। प्रत्येक पानाको समूह कोडको जम्मा सङ्ख्या त्यस पानाको अन्तिममा बनाएको सङ्क्षिप्त तालिकामा उल्लेख गर्नुपर्दछ ।
१९	प्रेषण भई आएको संस्थाको नाम, गएको संस्थाको नाम	दर्ता गरिएको बिरामी यदि प्रेषण भई आएको भए यस महलको माथिल्लो भागमा प्रेषण गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ र बिरामीलाई प्रेषण गरिएको छ भने तल्लो भागमा प्रेषण गरिएको स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।

प्रत्येक पेजको पुछारमा रहेको जातिगत आधारमा नयाँ सेवाग्राहीहरूको महिला/पुरुष समूह अनुसारको जम्मा संख्या लेख्नुपर्दछ । पुरानो सेवाग्राहीको पनि महिला/पुरुष समूह अनुसारको जम्मा संख्या लेख्नुपर्दछ । साथै सम्भावित क्षयरोगका बिरामीको महिला/पुरुष अनुसारको संख्या र निःशुल्क सेवाको लक्षित समूह कोडमा महिला/ पुरुष अनुसारको जम्मा संख्या लेख्नुपर्दछ ।यसरी विवरण भर्दा हेर्नु पर्ने सम्बन्धित महलको नं. प्रत्येक टेबलको शिर्षकमा उल्लेख गरिएको छ।

HMIS १.४: प्रेषण/ स्थानान्तरण पुर्जा (Referral/ Transfer Slip)

सेवा लिन आउने बिरामी वा सेवाग्राहीहरूलाई तोकिएको सेवा लिन अनुकूल पर्ने गरी अर्को स्वास्थ्य संस्थामा प्रेषण/ स्थानान्तरण गर्नुपर्दा यस फारामको प्रयोग गर्नुपर्दछ। प्रेषण गरिएको संस्थाले सेवा लिन आएको व्यक्तिलाई सेवा प्रदान गरी प्रेषण गरी पठाउने संस्थालाई अनिवार्य रूपले फिर्ती जानकारी दिनुपर्दछ ।

पुर्जाको नमुना:

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

प्रेषण/स्थानान्तरण पूर्जा

मितिः ... ... / ... ... / २० ...

१. संस्थाको नाम, ठेगानाः ... २. सम्पर्क नं. ...

३. सेवाग्राहीको नाम, थरः ... ४. लिङ्गः ... ५. उमेरः ...

६. ठेगानाः जिल्लाः ... नगर/गाउँपालिकाः ... वडा नं. ...

७. लिइरहेको सेवाः ... ८. सम्पर्क गर्नुपर्ने मितिः / / (ग.म.सा.)

९. अवस्थाः	BP	Pulse	Temp	Respiration	Weight (kg)	Height (cm)	MUAC (mm)	Edema on both Feet (+/++/+++)

१०. उपचार विधि वा रेजिमेनः ...

११. प्रयोग भएको औषधीः ...

१२. अन्य परिक्षण गर्नपर्ने भए उल्लेख गर्नेः ...

१३. स्थानान्तरण/ प्रेषण गरिनुको कारणः ...

१४. अन्य केही भए उल्लेख गर्नेः ...

क्षयरोगका बिरामीको लागि थप बिवरण	
क्षयरोगको प्रकारः	
दर्ता बर्गिकरणः	

खकार परिक्षण नतिजा		
मिति	ल्याब नं.	परिणाम
अन्य परिक्षणको नतिजा		

श्री ... ...

८	सम्पर्क गर्नुपर्ने मिति	स्थानान्तरण गरिने व्यक्तिलाई प्रदान गरिने सेवालाई नियमितता दिन प्रेषण/स्थानान्तरण गरिएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्ने मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ ।
९	बिरामीको अवस्था	प्रेषण/स्थानान्तरण गरी पठाइने बिरामीको BP, Pulse, Temperature, Respiration, Weight, Height, MUAC, Odema on both feet आदिको विवरण आवश्यकता अनुसार लेख्नुपर्दछ ।
१०	उपचार विधि	प्रेषण/स्थानान्तरण गरिएको व्यक्तिलाई प्रेषण गर्नुभन्दा अघि कुन विधिबाट उपचार दिइराखिएको थियो, सो बारे लेख्नुपर्दछ ।
११	प्रयोग भएका औषधीहरू	प्रयोग भएको औषधीहरूको नाम तथा परिमाण लेख्नुपर्दछ ।
१२	अन्य परीक्षण गर्नुपर्ने भए उल्लेख गर्ने	प्रेषण/स्थानान्तरण गरिने व्यक्तिलाई अन्यकुनै परीक्षण समेत गर्नुपर्ने भए परीक्षणको विधि वा प्रकार लेख्नुपर्दछ ।
१३	प्रेषण/स्थानान्तरण गरिनुको कारण	सेवाग्राहीलाई के कारणले वा कुन सेवाका लागि प्रेषण/स्थानान्तरण गरिएको हो, सो कारण विस्तृत रुपमा यस महलमा खुलाउनुपर्दछ ।
१४	अन्य केही भए उल्लेख गर्ने	प्रेषण/स्थानान्तरण गरिने व्यक्तिका बारेमा माथि उल्लेख गरिएका विवरणबाहेक अन्य केही उल्लेख गर्नुपर्ने भए यस महलमा उल्लेख गर्नुपर्दछ ।
	श्री–/प्रेषण/स्थानान्तरण गर्नेको नाम, पद, सही	श्री को पछाडि खाली रहेको भाग ..... मा प्रेषण/स्थानान्तरण गरिने स्वास्थ्य संस्थाको पूर्ण विवरण भरी तल स्थानान्तरण/ प्रेषण गर्नेको नाम, पद र सही समेत उल्लेख गर्नुपर्दछ ।
पुर्जाको अधकट्टीभाग - बिरामी प्रेषण भई गएको स्वास्थ्य संस्थाले भर्ने **(सेवा दिएको विवरण तथा फिर्ती जानकारी)**		
फिर्ती जानकारी पठाइएको संस्था		प्रेषण/स्थानान्तरण गर्ने स्वास्थ्य संस्थाको नाम र ठेगाना (जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बर) लेख्नुपर्दछ ।
सेवाग्राहीको नाम थर, लिङ्ग, उमेर, ठेगाना		सेवा लिने व्यक्तिको नाम, थर, उमेर,लिङ्ग र पूरा ठेगाना लेख्नुपर्दछ ।
सम्पर्क गर्न आएको मिति		प्रेषण/स्थानान्तरण भई स्वास्थ्य संस्थामा सम्पर्क गर्न आएको मिति लेख्नुपर्दछ ।
दिइएको सेवा		प्रेषण/स्थानान्तरण भई आएको स्वास्थ्य संस्थाले दिएको सेवाको विवरण लेख्नुपर्दछ।
५	९ महिनामा	एफ.आई.पि.भी. (खोले मात्र) दादुरा-रुबेला (खोले मात्र) पि.सि.भी (खोले मात्र)	• दाँया पाखुराको माथिल्लो भाग छालामिच (Intradermal) • बाँया पाखुराको माथिल्लो भाग छाला र मासु बीच (Subcutaneous) • दाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular)	• पोलियो • दादुरा र रुबेला • निमोनिया (न्युमोकोकस रोगहरु)
६	१२ महिनामा	जापानिज इन्सेफलाइटिस	दाँया तिघ्राको माथिल्लो बाहिरी भाग छाला र मासु बीच (Subcutaneous)	• जापानिज इन्सेफलाइटिस
७	१५ महिनामा	दादुरा-रुबेला (खोले मात्र) टाइफाईड	• बाँया पाखुराको माथिल्लो भाग छाला र मासु बिच (Subcutaneous) • बाँया तिघ्राको बिच बाहिरी भाग मासुमा (Intramuscular)	• दादुरा र रुबेला • टाइफाईड
८	कक्षा १ की छात्रा र विद्यालय जाने १० वर्षकी किशोरी	एच.पि.भी	बाँया पाखुराको बिच बाहिरी भाग मासुमा (Intramuscular)	पाठेघरको मुखको क्यान्सर

HMIS २.३: पोषण रजिष्टर (Nutrition Register)

दुई—वर्षमुनिका बालबालिकाको पोषण स्थितिको नियमित रूपमा मासिक अनुगमन गरी उपयुक्त पोषणस्तर कायम रहेको यकिन गर्न, पोषण सेवा दिन आवश्यक विवरण र अभिलेख यस रजिष्टरमा राखिन्छ । पोषण सेवाप्रदान गर्ने हरेक स्वास्थ्य संस्थाले यस रजिष्टरको प्रयोग गर्नुपर्दछ । पोषण सेवा प्रदान गर्दा पहिलो पटक बच्चालाई दर्ता गरिसकेपछि बच्चाको उमेर २ वर्ष नभएसम्म प्रत्येक महिना बच्चाको तौल अनुगमन गर्ने व्यवस्था गरिएको छ । यसै रजिष्टरमा पोषणसँग सम्बन्धित उक्त बच्चालाई दिइएका सबै सेवाको विवरण अद्यावधिक गर्नुपर्दछ ।

यस रजिष्टरमा ४ भाग रहेका छन् । पहिलो भागमा २ वर्षमुनिका बालबालिकाहरूको पोषण रजिष्टर, दोस्रो भागमा भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, तेस्रो भागमा वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बालबालिकाको जात/जातिगत मासिक विवरण र चौथो भागमा किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश रहेको छ ।

गाउघर क्लिनिकबाट पोषण सेवा लिएका बालबालिकाहरूको विवरण गाउँघर क्लिनिक सञ्चालन गरिसकेपछि पोषण रजिष्टरमा (**HMIS २.३**) अद्यावधिक गर्नु पर्दछ ।

पहिलो भागको पोषण रजिष्टरमा स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र रहेको वडा भन्दा बाहिरको अन्य वडा वा अन्य गा.पा/न.पा. का लागि "अन्य" लेखी पाना छुट्याउनु पर्दछ ।

रजिष्टरको नमुनाः

२.३.१ २ वर्ष मुनिका बाल—बालिकाहरूको पोषण रजिष्टर

२ वर्ष मूनीका बालबालिका

क्रम संख्या	मूल दर्ता नं.	बालबालिकाको नाम, थर	लिङ्ग	ठेगानाः जिल्ला	उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन (तौल किलोग्राममा उल्लेख गर्ने)														शिशुलाई जन्मेको ६ महिनासम्म् स्तनपान मात्रै गराएको	६ महिनापछि स्तनपान साथै ठोस, अर्धठोस र नरम खाना शुरु									
	सेवा दर्ता नं.	बालबालिकाको अभिभावकको नाम	म पु	नगर/गाउँपालिका- वडा नं.	उमेर तौल (दोस्रो)		२८ दिन भित्र		१ महिना		२ महिना		३ महिना		४ महिना		५ महिना		६ महिना								७ महिना		८ महिना	
		सम्पर्क फोन नं.	जाती कोड	गाउँ/टोल			तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	गराएको	नगराएको	मिति	गराएको	नगराएको	मिति	तौल	मिति	तौल	मिति
१	२	३	४ ५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३
			१ २		स		सामान्य																							
					म		जोखिम														१	२	म	१	२	म				
					सा		अति जोखिम																सा			सा				

को पोषण रजिष्टर

वार्ड नं.

उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन (तौल किलोग्राममा उल्लेख गर्ने)																								बाल मिटा वितरण (महिनामा)						अतिरिक्त पोषिलो आहार लिएको उमेर (महिनामा)					
९ महिना		१० महिना		११ महिना		१२ महिना		१३ महिना		१४ महिना		१५ महिना		१६ महिना		१७ महिना		१८ महिना		१९ महिना		२० महिना		२१ महिना		२२ महिना		२३ महिना		२३ महिना पुरा भएको		६-११ मसलासहित		१२-१७		१८-२३ मसलासहित			
तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	तौल	मिति	बाद अनुगमन पटक	मिति								
३४	३५	३६	३७	३८	३९	४०	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०	६१	६२	६३	६४	६५	६६	६७	६८	६९	७०	७१	७२						
																																					६	७	८	९	१०	११
																																१		१		१		१२	१३	१४	१५	१६	१७
																																						१८	१९	२०	२१	२२	२३

२.३.२ भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

भिटामिन ए, जुकाको औषधि र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (अभियान)

आर्थिक वर्षः २०७ ... / २०७ ...

कार्यक्रमको नाम		चरण १						चरण २						कैफियत
		मिति			लक्ष्य	प्रगति संख्या	प्रगति प्रतिशत	मिति			लक्ष्य	प्रगति संख्या	प्रगति प्रतिशत	
		गते	महिना	साल				गते	महिना	साल				
१		२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
भिटामिन ए	६-११ महिनाका बालबालिका													
	१२-५९ महिनाका बालबालिका													
जुकाको औषधि	१२-५९ महिनाका बालबालिका													
विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम	जुकाको औषधि दिइएका छात्रा (कक्षा १-१०) संख्या													
	जुकाको औषधि दिइएका छात्र (कक्षा १-१०) संख्या													

२.३.३ वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बाल–बालिकाको जात/जातिगत मासिक विवरण

बृध्दि अनुगमनमा आएका २ वर्ष मुनिका कम तौल (जोखिम र अति जोखिम) भएका (नयाँ) बालबालिकाको जात जातीगत मासिक विवरण

महिना	जम्मा	जाती कोड											
		दलित		जनजाती		मधेशी		मुस्लीम		ब्राहमण/क्षेत्री		अन्य	
		महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
श्रावण													
भाद्र													
आश्वीन													
कार्तिक													

२.३.४ किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश फाराम

HMIS 2.3

किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश फाराम

आर्थिक वर्ष: .....

१३ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको संख्या (जनामा)

(विद्यालय, स्वास्थ्य संस्था र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले प्रयोग गरेका अभिलेख फाराम बाट समायोजन गरी प्रत्येक क्षेत्रको जम्मा संख्या लेख्ने)

प्रतिवेदन श्रोत	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	वैशाख	जेष्ठ	असार	यस आ.ब. को जम्मा
१	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
विद्यालय													
स्वास्थ्य संस्था													
महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका													
जम्मा													

२६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको संख्या (जनामा)

(विद्यालय, स्वास्थ्य संस्था र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले प्रयोग गरेका अभिलेख फाराम बाट समायोजन गरी प्रत्येक क्षेत्रको जम्मा संख्या लेख्ने)

प्रतिवेदन श्रोत	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	वैशाख	जेष्ठ	असार	यस आ.ब. को जम्मा
१	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
विद्यालय													
स्वास्थ्य संस्था													
महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका													
जम्मा													

परिमार्जित आ.ब २०७८/७९ *छपाई आ.ब २०७८/७९*

रजिष्टर भर्ने तरिकाः

२.३.१:२ वर्षमुनिका बाल–बालिकाहरूको पोषण रजिष्टर

वडा नम्बरः पोषण रजिष्टरका पानाहरूको माथिल्लो भागमा कुन वडाको अभिलेख राख्न छुट्ट्याइएका हुन्, सोही वडाको नम्बर लेख्नुपर्दछ । स्वास्थ्य संस्था रहेको स्थानीयतह भन्दा बाहिरका सेवाग्राहीहरुको लागि अर्को छुट्टै पानामा अन्य जनाउनु पर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र. सं.	प्रत्येक महिना सेवा लिन आएका बिरामीको क्रम सङ्ख्या १ बाट सुरु गर्दै जानुपर्दछ । अर्को महिनामा पुनः क्र.सं. १ बाट सुरु गर्नुपर्दछ ।
२	मूल दर्ता नम्बर	मूलदर्ता रजिष्टरमा दर्ता गर्दाको नम्बर बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नु पर्दछ ।
	सेवा दर्ता नम्बर	प्रत्येक आ.व. का लागि सेवा दर्ता नम्बर १ बाट सुरु गर्नुपर्दछ । प्रथम पटक पोषण सेवा लिन आउँदा मात्र नयाँ दर्ता नम्बर दिई दर्ता गर्नुपर्दछ र सो सेवा दर्ता नम्बर बाल स्वास्थ्य कार्डमा जनाउनुपर्दछ । पोषण सेवाका लागि दोहोऱ्याई आएका बच्चालाई पोषण सेवा प्रदान गर्दा पहिले दर्ता गरेकै महलमा अभिलेख गर्नुपर्दछ, यस रजिष्टरमा पुनः दर्ता गर्नुपर्दैन । यदि गाउँ–घर क्लिनिकबाट पोषण सेवा लिइरहेको सेवाग्राही स्वास्थ्य संस्थामा सोही सेवाको लागि आएको भए मूलदर्ता नम्बरको महलमा ORC लेखि सेवादर्ता नम्बरको महलमा गाउँ–घर क्लिनिकबाट प्रदान गरिएको सेवादर्ता नम्बर लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
३	बाल—बालिकाको नाम थर	महल नं. ३ को माथिल्लो भागमा पोषण सेवा लिन आएको बच्चाको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नु पर्दछ ।
	अभिभावकको नाम	महल नं. ३ को बीचको भागमा बच्चाको अभिभावकको नाम लेख्नुपर्दछ ।
	सम्पर्क फोन नं.	महल नं. ३ को तल्लो भागमा बच्चाको अभिभावकको सम्पर्क नं. लेख्नुपर्दछ ।
४-५	बाल—बालिकाको लिङ्ग	
	महिला, पुरुष	सेवा लिन आउने बच्चा महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	जात/जाति कोड	महल नं. ४ र ५ को तल्लो खाली भागमा सेवा लिने बच्चाको जात/जाति यकिन गरी रजिष्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तैः ०१, ०२,..... ०६) । प्रत्येक पानाको जात/जाति कोडको जम्मा सङ्ख्या पानाको अन्तमा बनाइएको सङ्क्षिप्त तालिकामा उल्लेख गर्नुपर्दछ ।
६	ठेगाना जिल्ला, नगर/गाउँपालिका, वडा नं., गाउँ/टोल	सेवा लिन आएका सेवाग्राहीको ठेगाना जिल्ला, नगर / गाउँपालिका, वडा नं. र गाउँ/टोलसमेत खुल्ने गरी लेख्नुपर्दछ । सम्बन्धित पालिकाको कार्यक्षेत्रभन्दा बाहिरबाट सेवा लिनआएका सेवाग्राहीका हकमा अनिवार्य रूपमा पूरा ठेगाना लेख्नुपर्दछ भने कार्य क्षेत्रभित्रका सेवाग्राहीका हकमा सम्बन्धित वडाको गाउँ/टोल लेख्नु पर्दछ ।
७	जन्म मिति	यस महलमा बच्चाको जन्म मिति गते, महिना, साल ढाँचामा लेख्नु पर्दछ ।
८	जन्म तौल (ग्राममा)	यस महलमा बाल स्वास्थ्य कार्ड वा मातृ तथा नवजात शिशु स्वास्थ्य कार्डबाट बच्चाको जन्म तौल (ग्राममा) लेख्नुपर्दछ । यदि घरमा प्रसूति भई बच्चाको तौल लिन नसकेको भए यस महलमा (-) चिन्ह लगाउनुपर्दछ । यस महलमा खालि छोड्नु हुदैन।
९	बच्चाको पोषण अवस्था	बाल स्वास्थ्य कार्डमा संलग्न बच्चाको वृद्धि अनुगमन रेखाचित्रअनुसार बच्चाको तौलका आधारमा पोषण स्थितिको यकिन गर्नुपर्दछ । बच्चाको उमेरअनुसार तौल स्थिति सामान्य वा जोखिम वा अति जोखिम **(हरियो रंगमा भए सामान्य, पहेँलो रंगमा भए जोखिम र रातो रंगमा भए अति जोखिम**) के मा पर्दछ त्यसपछिका महलहरुमा सोहीअनुसारको तौल के.जी. मा लेख्नुपर्दछ ।
१०×११	२८ दिनभित्र	२८ दिनभित्रका नवजात शिशुको वृद्धि अनुगमनका लागि लिइएको तौलका आधारमा बच्चाको पोषण अबस्था (महल ८) अनुसार सामान्य वा जोखिम वा अति जोखिमको ठाडो लहरअनुसार महल १० मा बच्चाको तौल लेखि महल ११ को ठाडो कोठामा तौल लिइएको दिनको गते, महिना र साल लेख्नुपर्दछ ।
१२-२३	यसै गरी बच्चाको पूरा भएको उमेर (महिना) अनुसार जुन उमेर समूहको बच्चाको तौल लिएको हो, सोही उमेर समूहको महलमा माथि उल्लेख गरे बमोजिम अभिलेख राख्नुपर्दछ । जस्तैः १ महिना भित्रका बच्चा भएमा ० महिना, १ महिना पूरा भई २ महिना नपुगेको भएमा १ महिना, एवम् प्रकारले ११ महिना पूरा भई १२ महिना (एक वर्ष) नपुगेकालाई ११ महिनाको हिसाब गर्नुपर्दछ । यदि एउटा स्वास्थ्य संस्थाबाट बृद्धि अनुगमन सेवा लिईरहेको सेवाग्राही अर्को स्वास्थ्य संस्थामा गएर सेवा लिन आएमा यस अघि लिएको बृद्धि अनुगमनको सेवा यकिन गरि निज सेवाग्राहीलाई दोहोर्याई आएको सेवाग्राहीको रुपमा गणना गरि सम्बन्धित महलमा अध्यावधिक गर्नु पर्छ ।	

महल नं.	महल शीर्षक	निर्देशन
२४, २५ र २६	शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्रै गराएको	वृद्धि अनुगमनका लागि आएका ६ महिनापछिका (१८० दिन पुरा भएका) शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको/नगराएको यकिन गरी ६ महिना पछिको ११ महिनाभित्रको पहिलो भेटमा सोध्ने र गराएको भए महल २४ को १ मा गोलो घेरा लगाउनुपर्दछ । बच्चालाई ६ महिना नपुग्दै आमाको दूधका साथै अन्य खानेकुरा पनि खुवाउने गरेको भए महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ र सो सम्बन्धी सेवा दिएको(स्वास्थ्य संस्थामा आएको) दिनको मिति महल नं. २६ को गते, महिना, सालमा लेख्नुपर्दछ । यसको विवरण बाल स्वास्थ्य कार्डबाट अध्याबधिक गर्नु पर्दछ । (६ देखि ११ महिनासम्म लाई सोध्ने) एक जना आमालाई उक्त अवधिमा एक पटक मात्र सोधिएको सुनिश्चित हुनु पर्दछ ।
२७, २८ र २९	६ महिनापछि स्तनपानका साथै ठोस, अर्ध–ठोस तथा नरम खाना सुरु	शिशुलाई ६ महिना पूरा भएपछि आमाको दूधको साथै ठोस, अर्ध–ठोस तथा नरम खाना खुवाउन सुरु गरेको छ/छैन, यकिन गरी त्यसअनुसारको खाना दिइएको भए महल २७ को १ मा र नदिएको भए महल २८ को २ मा गोलो घेरा लगाउनु पर्दछ । सो कुरा सुनिश्चित गरेको दिनको मिति (स्वास्थ्य संस्थामा आएको दिन) महल २९ मा ग/म/सा मा लेख्नुपर्दछ । यसको विवरण बाल स्वास्थ्य कार्डबाट अध्याबधिक गर्नु पर्दछ । (६ देखि ११ महिनासम्म लाई सोध्ने)
३०-६५	उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन	वृद्धि अनुगमनका लागि आएका ७ देखि २३ महिनासम्मका बच्चाहरूको अभिलेख महल ९ देखि २२सम्म राखिए जस्तै उमेर र तौलका आधारमा बच्चाहरूको पोषण अवस्था सम्बन्धित महलमा सामान्य वा जोखिम वा अति जोखिम जुन हो, सो कोठामा तौल लेखि ठाडो कोठामा तौल लिइएको दिनको गते, महिना र साल लेख्नुपर्दछ । महल नं ६४ र ६५ मा २३ महिना उमेर पुरा हुँदाको मिति तथा उक्त समयामा वृद्धि अनुगमन गरेको पटक दिईएको महलमा उल्लेख गर्नु पर्दछ । नयाँ बच्चा दर्ताको अवस्थामा नै उसको २३ महिना पुग्ने मिति महल नं. ६५ मा उल्लेख गर्नु पर्दछ र २३ महिना पुगेको महिनामा उसले कति पटक तौल लिएको हो सो संख्या लेख्नु पर्दछ । एक जना बच्चाको २३ महिना भित्रमा एक स्थानवाट मात्र उक्त विवरणको प्रतिवेदन हुने गरि अन्तिम पटकको वृद्धि अनुगमन गर्ने स्वास्थ्य संस्थावाट मात्र प्रतिवेदन गर्नु पर्दछ ।
६६×७१	बाल भिटा वितरण (महिनामा)	६ देखि ११ महिनासम्मका बाल–बालिकालाई बालभिटा पहिलो पटक स्वास्थ्य संस्थाबाट वितरण गरिएको भए महल ६६ को ठाडो महलमा गते, महिना, सालमा वितरण गरिएको दिनको मिति लेख्नुपर्दछ । यदि म. स्वा. स्व. से.बाट वितरण गरिएको भए सुनिश्चित गरी महल ६७ को १ मा गोलो घेरा लगाउनुपर्दछ । अन्य उमेर समूहको पनि यसै गरी अभिलेख राख्नुपर्दछ ।
७२	अतिरिक्त पोसिलो आहार लिएको उमेर (महिना)	६ देखि २३ महिनाका बालबालिकाले अतिरिक्त पोसिलो आहार प्राप्त गरेको वा नगरेको सुनिश्चित गर्नुपर्दछ । यदि बच्चाले अतिरिक्त पोसिलो आहार गरेको भएमा कुन उमेरमा लिएको हो, सो यकिन गरी सम्बन्धित उमेर (महिना) मा गोलो लगाउनुपर्दछ । **नोटः कार्यक्रम लागू भएका जिल्लाका स्वास्थ्य संस्थाहरूले मात्र यो अभिलेख राख्नुपर्दछ ।**

२.३२ भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (अभियान)

प्रत्येक वर्षको कार्तिक र वैशाख महिनामा (२ चरण) ६ देखि ५९ महिनाका बालबालिकाहरूलाई भिटामिन ए क्याप्सुल र १२ देखि ५९ महिनाका बालबालिकाहरूलाई जुकाको औषधी वितरण गरेको अभिलेख अभियान सञ्चालनको समयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले बितरणको समयमा प्रयोग गरेका भिटामिन ए कार्यक्रम रजिष्टर (**HMIS -४.३**)

बाट उतार गरी राख्न र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमअन्तर्गत विद्यालयका छात्र-छात्राहरूलाई मंसिर र जेष्ठ महिनामा जुकाको औषधी वितरण गरेको अभिलेख राख्नको लागि पनि यस रजिष्टरमा व्यबस्था गरिएको छ ।

रजिष्टर भर्ने तरिका

महल नं.	महल शीर्षक	निर्देशन
भिटामिन ए वितरण गरिएको बच्चाको उमेर समूह (६ देखि ११ महिना, १२ देखि ५९ महिना), जुकाको औषधी वितरण गरिएको उमेर समूह (१२ देखि ५९ महिना) को अभिलेख महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले बितरणको समयमा प्रयोग गरेका **भिटामिन ए कार्यक्रम रजिष्टर (HMIS-४.३) बाट** उतार गरी चरण अनुसार सम्बन्धित महलमा चढाउनु पर्दछ । त्यस्तै गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमअन्तर्गत कक्षा १ देखि १०सम्मका छात्र— छात्राहरूलाई जुकाको औषधी पाएकाको सङ्ख्या सम्बन्धित विद्यालयहरूबाट प्राप्त प्रतिवेदनलाई समायोजन गरी छात्रा/छात्रअनुसार सम्बन्धित महलमा चढाउनु पर्दछ ।		
२ देखि ४ र ८ देखि १०	मिति	पहिलो चरणमा सञ्चालन भएको मिति (गते, महिना, साल) २ देखि ४ महलमा र दोस्रो चरणमा सञ्चालन भएको मिति (गते, महिना, साल) ८ देखि १० महलमा लेख्नुपर्दछ ।
५ र ११	लक्ष्य	कार्यक्रमको लक्षित जनसङ्ख्याका आधारमा अभियानको लक्ष्य यस महलमा लेख्नुपर्दछ ।
६ र १२	प्रगति सङ्ख्या	अभियान सम्पन्न भइसकेपछि सो अभियानमा भएको प्रगति पहिलो चरणको महल ६ र दोस्रो चरणको महल १२ मा लेख्नुपर्दछ ।
७ र १३	प्रगति प्रतिशत	कार्यक्रमको लक्ष्य र प्रगतिका आधारमा हुन आउने प्रगति प्रतिशत पहिलो चरणको महल ७ र दोस्रो चरणको महल १३ मा लेख्नुपर्दछ ।

२.३.३ दुई वर्षमुनिका कम तौल भएका नयाँ बाल—बालिकाको जात/जातिगत मासिक विवरण

रजिष्टरको अन्तिम पानामा वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बाल—बालिकाको जात/जातिगत मासिक विवरण फाराम राखिएको छ । प्रत्येक महिनामा खुला समायोजन फाराम प्रयोग गरी वृद्धि अनुगमन गरिएका २ वर्षमुनिका बाल—बालिकाहरूमध्ये कम तौल (पोषण स्थिति जोखिम र अति जोखिम) भएका बाल—बालिकाको सङ्ख्या जात/जाति कोड अनुसार महिला र पुरूषको सङ्ख्या छुट्टाछुट्टै तयार गरी मासिक रूपमा सम्बन्धित महलमा अनिवार्य रूपमा भर्नुपर्दछ । एउटा बच्चा दुइ वर्ष मुनिको अवधिमा जति पटकको जोखाइमा कम तौल आएको भए पनि एक पटक मात्रै यस महलमा उल्लेख गर्नु पर्दछ।

२.३४ किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश फाराम

यो फाराम विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत किशोरी लक्षित आइरन फोलिक एसिड वितरणको अभिलेखलाई समायोजन गरी स्वास्थ्य संस्थास्तरमा अध्यावधिक तथ्याङ्क राख्ने उद्देश्यले तयार गरिएको हो । यो फाराममा समावेश गर्नु पर्ने जानकारी विद्यालय, स्वास्थ्य संस्था र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले किशोरी लक्षित आइरन फोलिक एसिड वितरणको अभिलेख राख्न प्रयोग गर्ने अभिलेख फारामबाट उतार गर्नुपर्दछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको हकमा यो विवरण HMIS ४.२ बाट उतार गर्न सकिन्छ ।

जस्तै स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र मातहतका विद्यालयबाट वितरण भएको आइरन फोलिक एसिड चक्कीको विवरण प्रत्येक विद्यालयले भरेको अभिलेख फारामबाट सङ्कलन गरी जम्मा जोडेर सम्बन्धित महिनाको महलमा चढाउनु पर्दछ । त्यसैगरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत् वितरण भएको हो भने प्रत्येक म.स्वा.स्व.से को मासिक प्रतिवेदनबाट जम्मा संख्या सम्बन्धित महिनाको महलमा चढाउनु पर्दछ। स्वास्थ्य संस्थाले किशोरीलाई आइरन फोलिक एसिड वितरण गरेको भए सो को विवरण निर्धारित ढाँचामा छुट्टै अभिलेख राख्ने र सोको संख्या स्वास्थ्य संस्था अभिलेख खण्डको सम्बन्धित महलमा चढाउनु पर्दछ । १३ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको संख्यालाई माथिल्लो तालिकामा र २६ हप्तासम्म पाएका किशोरीको संख्यालाई तल्लो तालिकामा चढाउनु पर्दछ । प्रत्येक महिनामा आइरन फोलिक एसिड पाएका जम्मा किशोरीको संख्या जम्मा खण्डको सम्बन्धित महलमा लेख्नुपर्दछ ।

HMIS २.४: नवजातशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (IMNCI Register)

पाँच वर्षमुनिका बच्चाहरूलाई लाग्ने विभिन्न रोगहरूको एकीकृत पहिचान गरी बच्चाहरूको स्वास्थ्यका लागि उचित सल्लाह तथा सेवाहरू दिइएका छन् कि छैनन् भनी यकिन गर्न यस रजिष्टरको आवश्यकता परेको हो । बच्चाहरूमा सामान्यतया देखिने विभिन्न समस्याहरूको एकीकृत रूपले अनुगमन गरी आवश्यक सेवा दिइएको अभिलेख यस रजिष्टरमा राखिन्छ । ५ वर्षमुनिका बाल–बालिकाहरूको मृत्युका मुख्य कारक रोगहरूको अभिलेख गरी प्रतिवेदन तयार गर्ने कार्यमा प्रयोग गरिने भएकाले बाल स्वास्थ्यको प्रयोजनका लागि यो निकै महत्वपूर्ण रजिष्टर हो ।

नोट: यस रजिष्टरमा २ वटा उमेर समूहका लागि छुट्टाछुट्टै दुई भाग छुट्याइएका छन् । अघिल्लो भाग २ महिनादेखि ५ वर्ष उमेर समूहका लागि हो भने पछाडिको भाग बेग्लै रङमा २ महिना मुनिका बच्चाहरूका लागि हो । यो रजिष्टर भर्दा निम्न कुराहरू माथि विचार पुऱ्याउनु पर्दछ । रजिष्टर भर्दा मूल्याङ्कन (Assessment) गर्दाका चरण अनुसार नै प्रत्येक कोठाहरू क्रमैसँग भर्दै जानुपर्दछ । मूल्याङ्कन गर्नुपर्ने कुनै पनि भागलाई छुटाउनु हुँदैन।

रजिष्टरको नमूना :

IMNCI Register for Children Aged २ Months to ५९ Months

IMNCI REGISTER FOR CHILDREN AGED 2 - 59 MONTHS

SN., MRN, SRN	Date, Name, Caste and Ethnicity code, Address	Sex, Age, Weight, Temperature, and Referral	Patients sings and symptoms (Circle all the codes that apply)												Classification & Code			Treatment and counseling				Referred to	Follow up			Remarks
			1. General danger signs (GDS)		2. Acute respiratory infection (ARI)		3. Diarrhoea		4. Fever		5. Ear infection		6. Nutrition status		Major classifications	Number	ICD Code	Medicine	Counselling to mother	Treatment Outcome			Date (DD/MM/YY)	Result	
1	2	3 4	5 6		7 8		9 10		11 12		13 14		15 16		17	18	19	20	21 22	23 24		25	26 27	28	29
	Date DD MM YY Name Caste Ethnicity code Address District Rural/Municipality, Ward no.	Female 1 Male 2 Age in months Weight (kg) Temp (.C) Referred by FCHV 1 PHC/ORC 2 HF 3	Yes 1 No 2 Unable to drink 3 Vomiting all 4 Convulsion 5 Lethargic/ Unconscious 6		Yes 1 No 2 Days: Respiratory rate Chest indrawing 1 Stridor 2 Wheezing 3		Yes 1 No 2 Days Blood 3 Lethergic/ Unconcious 4 Irritable 5 Sunken eyes 6 Unable to drink 7 Drinks eagerly 8 Skin pinch very slowly 9 Skin pinch slowly 10		Yes 1 No 2 Days Malaria risk Yes 3 No 4 Stiff neck 5 Nasal discharge 6 Microscopic +ve 7 -ve 8 RDT +ve 9 -ve 10 Falciparum 11 Non Falciparum 12 General rash 13 Hazy Cornea/Oral Ulcer (deep & spread) 14 Pus from eye/ Oral ulcer 15		Yes 1 No 2 Ear pain 3 Ear discharge 4 Days: Tender swelling behind the ear 5		Severe wasting 1 Oedema feet 2 Very low weight 3 Low weight 4 Normal weight 5 MUAC Red 6 Yellow 7 Green 8 Severe pallor 9 Some pallor 10		Number of classification: ICD code for one major diagnosis: Others		Food 1 Fluid 2 Immediate visit 3 Regular follow up 4	Improved 1 Referred 2 LAMA/ Absconded 3 Death 4		Day: Month: Year:	Improved 1 Same 2 Worse 3	

IMNCI Register for Children Aged below २ Months (०- ५९ days)

IMNCI REGISTER FOR CHILDREN AGED BELOW 2 MONTHS

SN, MRN, SRN	Date, Name, Caste and Ethnicity code	Sex, Age, Weight, Temperature, and Referral	Patients sings and symptoms (Circle all the codes that apply)												Classification & Code			Treatment and Counselling					Referred to	Follow up			Remarks
			1. PSBI/LBI/NBI/Pneumonia				2. Diarrhoea		3. Breast feeding problem/Low weight		4. Assess breast feeding				Major classifications	Number	ICD Code	Medicine		Counselling to mother		Treatment Outcome		Date (DD/MM/YY)	Result	
1	2	3 4	5			6	7 8		9 10		11			12	13	14	15	16	17	18	19	20	21	22	23	24 25	26
	Date DD MM YY Name of Mother Name of Child Caste Ethnicity Code Address: District Rural/ Municipality, Ward no.	Female 1 Male 2 Age in weeks Weight (kg) Temp (.C) Referred by FCHV 1 PHC/ORC 2 HF 3	Convulsion 1 Respiratory rate (RR): Severe chest indrawing 2 Nasal flaring 3 Grunting 4 Unable to feed 5 Buldging fontanelle 6 Umbilicus infection to skin 7 Umbilicus red or with Pus 8 Temp >37.5 C 9 Temp <35.5 C 10 Skin pustules: Severe or >10 11 Skin pustules: < 10 12 Lethargic/ Unconscious 13 Less than normal movement 14 Jaundice upto hands feet 15 Jaundice 16 Pus from Eye 17				Yes 1 No 2 How many days? Blood 3 Sunken eyes 6 Restless/ Irritable 5 Lethargic/ Unconscious 4 Skin pinch very slowly 7 Skin pinch slowly 8		Breastfed 1 Difficult feeding 2 How many times in 24 hours Receive other food/ drinks 3 How often? Times: Feed by bottle 4 Feed by spoon 5 Very low weight 6 Low weight 7 Normal weight 8 Oral Ulcer/Thrush 9		Includes all 4 points of attachment Includes all 4 points of Position Suckling: Effectively	Yes 1 No 2 Yes 3 No 4 Yes 5 No 6	Others	Number of classification: ICD code for one major diagnosis:		Ampicillin 1 Amoxycillin 2 If Gentamycin 1 5 2 6 3 7 4		Breast feeding 1 Keep warm 2 Immediate visit 3 Regular follow up 4	Improved 1 Referred 2 LAMA/ Absconded 3 Death 4		Day: Month: Year:	Improved 1 Same 2 Worse 3	

रजिष्टर भर्ने तरिका

दुई महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरूका लागि

महल नं.	महल शीर्षक		निर्देशन
१	SN, MRN, SRN	SN (Serial number)	सि. नं. प्रत्येक महिना १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
		MRN	स्वास्थ्य संस्थामा सेवा लिन आउँदा मूलदर्ता रजिष्टरमा दर्ता गर्दाको मूल दर्ता नं. (Master registration number) बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नुपर्दछ ।
		SRN	यस रजिष्टरमा दर्ता गर्दाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ र सो सेवा दर्ता नं. बाल स्वास्थ्य कार्डमा समेत सम्बन्धित स्थानमा उल्लेख गर्नु पर्दछ । प्रत्येक आ.व. मा सेवादर्ता नं. (Service registration number) १ बाट सुरु गरी एक आर्थिक वर्षसम्मका लागि क्रमशः लेख्दै जानुपर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ ।
२	Date, Name, Caste and Ethinicity Code, Address	Date	सेवाग्राही दर्ता भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Name	यस कोठामा बिरामी बच्चाको नाम लेख्नुपर्दछ ।
		Caste	यस कोठामा बिरामी बच्चाको थर लेख्नुपर्दछ ।
		Ethinicity Code	यस कोठामा बिरामी बच्चाको वर्गीकरण अनुसार जातिकोड लेख्नुपर्दछ ।
		Address	यस कोठामा बिरामी बच्चाको ठेगाना लेख्नु पर्दछ । District: जिल्लाको नाम: Rural/Municipality, Ward Number: गाउँ/नगरपालिका र वडा नं लेख्नु पर्दछ ।
३ and ४	Sex, Age, Weight, Temperature and Referral		महल ३ र ४ मा बिरामी बच्चाको Sex, Age, Weight, Temp, Refer को विवरण लेख्नुपर्दछ । Age, Weight, Temp को विवरण लेख्दा अंक मात्र लेखे पुग्छ ।
	Female/ Male		बिरामी बच्चा महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Age in Month		महल ४ को यस कोठामा बिरामी बच्चाको पूरा भएको उमेर महिनामा लेख्नुपर्दछ । यदि बिरामी बच्चा ५ महिनाको छ भने ५ मात्र लेख्नुपर्दछ (महिना लेख्नु पर्दैन)
	Weight (kg.)		महल ४ को यस कोठामा बिरामी बच्चाको तौल के. जी. मा लेख्नुपर्दछ । यदि बिरामी बच्चा ५ KG छ भने ५ मात्र लेख्नुपर्दछ (KG लेख्नु पर्दैन)
	Temp (°C)		महल ४ को यस कोठामा बिरामी बच्चाको तापक्रम सेल्सियसमा लेख्नुपर्दछ ।
	Referred by FCHV, PHC/ORC, HF		बच्चा महिला स्वास्थ्य स्वयंसेविकाले रेफर गरेको भए १, गाउँ घर क्लिनिकबाट रेफर गरी पठाएको भए २ र स्वास्थ्य संस्थाले रेफर गरेको भए ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
५ and ६	General danger signs (GDS)		बिरामी बच्चामा तल उल्लेखित General danger signs (GDS) भएमा महल ६ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Unable to drink		बिरामी बच्चाले पिउन नसकेमा महल ६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
	Vomiting all	बिरामी बच्चाले खाएका जति सबै बान्ता गर्ने गरेको भए महल ६ को ४ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Convulsion	बिरामी बच्चालाई कम्पन भएको भए वा अहिले आईरहेको भए महल ६ को ५ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Lethargic/Unconscious	बिरामी बच्चा सुस्त (Lethargic) वा बेहोस (Unconscious) भए महल ६ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।
७ and ८	Acute respiratory infection (ARI)	बिरामी बच्चामा Acute respiratory infection (ARI) सम्बन्धी लक्षण भएमा महल ८ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Days	बिरामी बच्चालाई खोकी लागेको वा सास फेर्न कठिनाइ भएको भए कति दिनदेखि यस्तो भएको हो ? सोधेर महल ७, ८ को खाली ठाउँमा दिन अंकमा (१, २ ....) लेख्नुपर्दछ ।
	Respiratory rate	बिरामी बच्चाको सासदर महल ७, ८ को खालीठाउँमा लेख्नुपर्दछ । सास दरको अंक मात्र लेख्नुपर्दछ (यदि सास दर ४० प्रतिमिनेट छ भने ४० मात्र लेख्ने, ४०/m लेख्नु पर्दैन ।
	Chest indrawing	बिरामी बच्चाको कोखा हानेको (Chest indrawing) भए महल ८ को यस कोठाको १ मा गोलो लगाउनु पर्दछ ।
	Stridor	बिरामी बच्चाले सास भित्र लिंदा घ्याघ्र्यार् आवाज आएको भए महल ८ को यस कोठाको कोड २ मा गोलो लगाउनु पर्दछ ।
	Wheezing	बिरामी बच्चामा Wheezing छ भने महल ८ को यस कोठाको कोड ३ मा गोलो लगाउनुपर्दछ ।
९ and १०	Diarrhoea	बिरामी बच्चामा पखालाको चिन्ह तथा लक्षण भएमा महल १० को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । पखालाको लक्षण भएमा मात्र सोसँग सम्बन्धित महल ९ का लक्षणहरू सोधी परीक्षण गर्नुपर्दछ ।
	Days	बिरामी बच्चालाई कति दिनदेखि पखाला लागेको हो सोधेर महल १० को खाली ठाउँमा दिन अंकमा (१, २ ....) लेख्नुपर्दछ ।
	Blood	बिरामी बच्चालाई पखाला र दिसामा रगत देखिएको भए महल १० को ३ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Lethargic/ Unconscious	बिरामी बच्चा सुस्त वा बेहोस भए महल १० को ४ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Irritable	बिरामी बच्चा छटपटिने वा झिझिने भए महल १० को ५ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Sunken eyes	बिरामी बच्चाको आँखा गढेको भए महल १० को ६ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Unable to drink	बिरामी बच्चाले पिउन नसक्ने भए महल १० को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Drinks eagerly	बिरामी बच्चालाई झोल पदार्थ दिँदा निकै तिर्खाए झैं गरी पिउँछ भने महल १० को ८ मा गोलो घेरा लगाउनु पर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
	Skin pinch very slowly		बिरामी बच्चाको पेटको छाला तानेर छोड्दा धेरै बिस्तारै फर्किन्छ भने महल १० को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Skin pinch slowly		बिरामी बच्चाको पेटको छाला तानेर छोड्दा बिस्तारै फर्किन्छ भने महल १० को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
११ and १२	Fever		बिरामी बच्चालाई ज्वरो आएका लक्षण हरू भए १२ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । ज्वरोसम्बन्धी सिकायत भएमा मात्र सोसँग सम्बन्धित महल ११ का लक्षण हरू सोधी परीक्षण गर्नुपर्दछ ।
	Days		बिरामी बच्चालाई कति दिनदेखि ज्वरो आएको हो, सोधेर महल ११ को Days को खालीठाउँमा दिन संख्यामा लेख्नुपर्दछ ।
	Malaria Risk	Yes	बिरामी बच्चा बस्ने स्थान औलोको उच्च/मध्यम/कम जोखिममा भए महल १२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		No	बिरामी बच्चा बस्ने स्थान औलोको जोखिममा नभएमा महल १२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Stiff neck		बिरामी बच्चाको गर्धन अररो भएको भए महल १२ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Nasal Discharge		बिरामी बच्चाको नाकबाट सिंगान बगेको छ भने महल १२ को ६ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Microscopic +Ve		बिरामी बच्चामा Malaria Microscopic +Ve भए १२ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Microscopic -Ve		बिरामी बच्चाको रक्तनमूना परीक्षणको नतिजा Microscopic -Ve भए महल १२ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
	RDT +Ve		बिरामी बच्चामा Malaria RDT +Ve भए महल १२ को ९मा गोलो घेरा लगाउनु पर्दछ । RDTबाट रक्त नमूना परीक्षण गरिएका सबै विरामीहरूको विवरण औलो, कुष्ठ, कालाजार रोगको प्रयोगशाला रजिष्टर (HMIS ५.२) मा रेकर्ड अद्यावधिक गर्नुपर्दछ ।
	RDT -Ve		बिरामी बच्चामा Malaria RDT —Ve भए महल १२ को १० मा गोलो घेरा लगाउनु पर्दछ ।
	Falciparum		बिरामी बच्चामा रगत जाँचबाट Falciparum Malaria पोजिटिभ भएमा महल १२ को ११ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Non-Falciparum		बिरामी बच्चामा Falciparum बाहेक मलेरियाका अन्य प्रकार भएमा महल १२ को १२ मा गोलो घेरा लगाउनुपर्दछ ।
	General rash		बिरामी बच्चामा General rash भए महल १२ को १३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Hazy Cornea/Oral Ulcer (Deep and Spread)		बिरामी बच्चाको कर्निया धमिलो भए वा मुखभित्रका घाउ गहिरा र बढि फैलिएका छन् भने महल १२ को १४ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Pus from Eye/Oral Ulcer		बिरामी बच्चाको आँखाबाट पिप बगेको भए वा मुखभित्रका घाउ छ भने महल १२ को १५ मा गोलो घेरा लगाउनु पर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१३ and १४	Ear infection		बिरामी बच्चामा कानको सङ्क्रमण भएमा महल १४ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Ear pain		बिरामी बच्चामा कान दुखेको (Ear pain) भए महल १४ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Ear discharge		बिरामी बच्चाको कानबाट पिप बगेको भए महल १४ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Days		बिरामी बच्चाको कानबाट पीप बगेको छ भने कति दिनदेखि पिप वगेको छ, महल १४ को खाली स्थानमा दिन अंकमा (१,२ .....) लेखुपर्दछ ।
	Tender swelling behind the ear		बिरामी बच्चाको कानको पछाडिपट्टि दुख्ने गरी सुनिएको भए महल १४ को ५ मा गोलो घेरा लगाउनु पर्दछ ।
१५ and १६	Nutrition status		महल १५ र १६ मा बिरामी बच्चाको पोषण स्थितिका बारेमा उल्लेख गर्नुपर्दछ । यस रजिष्टरमा दर्ता भएका सम्पुर्ण बच्चाको Nutrition status assessment गर्नुपर्दछ ।
	Severe wasting		बिरामी बच्चामा देखिने गरी शरीरको मासु कडा किसिमले सुकेको भए महल १६ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Oedema feet		बिरामी बच्चाका दुवै खुट्टामा सुन्निएको (औलाले हल्का थिच्दा खाल्डो पर्ने गरी) भएमा महल १६ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Very Low Weight		बिरामी बच्चाको उमेर अनुसार धेरै कम तौल भए महल १६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Low weight		बिरामी बच्चाको उमेर अनुसार कम तौल भए महल १६ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Normal weight		बिरामी बच्चाको तौल सामान्य (Normal weight) भए महल १६ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	MUAC	Red	बच्चाको Middle Upper Arm Circumference (MUAC) को नाप लिई सोको आधारमा बच्चाको पोषण स्थितिको लेखाजोखा गरिन्छ । बिरामी बच्चाको पाखुराको नाप फित्ताको रातो भागमा भए, महल १६ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Yellow	बिरामी बच्चाको पाखुराको नाप फित्ताको पहेंलो भागमा भए, महल १६ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Green	बिरामी बच्चाको पाखुराको नाप फित्ताको हरियो भागमा भए, महल १६ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Severe pallor		बिरामी बच्चाको हत्केला र हस्तरेखामा सेतोपन (Severe pallor) भए महल १६ को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Some pallor		बिरामी बच्चाको हत्केलामा केही सेतोपन (Some pallor) तर हस्तरेखा सेतो नभएको भए महल १६ को १० मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१७	Major classifications		माथि उल्लेख भएका Sign and Symptom का आधारमा प्रोटोकल अनुसार बिरामीको रोगको वर्गीकरण (Major Classification) प्राथमिकताका आधारमा मुख्यलाई पहिलो, त्यसपछि दोस्रो गरी क्रमशः महल १७ मा लेख्नुपर्दछ र दर्ता गरिएको बच्चामा उल्लखित शिकायत कुनै नपाईए तापनि पोषण स्थितिको कम्तिमा दुई वर्गीकरणको उल्लेख गर्नु पर्दछ ।
	Others		CB-IMNCI Treatment Chart Booklet मा उल्लेखभएका बर्गिकरण बाहेक अन्यकुनै समस्या भएमा यस कोठामा उल्लेख गर्ने ।
१८	Number of classification		बिरामी बच्चामा पाइएका लक्षण तथा चिन्हका आधारमा महल १७ (अन्य समेत) मा गरिएका Classification हरूको जम्मा संख्या महल नं १८ मा लेख्नुपर्दछ ।
१९	ICD code		बिरामी बच्चाको रोगको वर्गीकरणअनुसार मुख्य वर्गीकरण Major Classification कुन हो, सो रोगको ICD code महल १९ मा लेख्नुपर्दछ । सोही ICD code कोड अनुसार मासिक प्रतिवेदन फाराम (९.३) को Morbidity को सम्बन्धित महलमा समायोजन गरी प्रतिवेदन गर्नु पर्दछ ।
२०	Medicine		बिरामीको उपचारको लागि प्रयोग गरिएका औषधीहरू परिमाण समेत खुल्ने गरी स्पष्टसँग यस महलमा लेख्नुपर्दछ ।
२१ and २२	Counseling to mother	Food	आमालाई खाना सम्बन्धी सल्लाह दिइएको भए महल २२ को १ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Fluid	आमालाई झोलिलो खानेकुरा सम्बन्धी सल्लाह दिइएको भएमहल २२ को २ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Immediate visit	आमालाई यथाशीघ्र थप उपचारका लागि स्वास्थ्य संस्थामा जाने सल्लाह दिइएको भए महल २२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Regular follow up	आमालाई नियमित फलोअप गर्ने सल्लाह दिइएको भए महल २२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
२३ and २४	Treatment Outcome	Improved	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजाअनुसार अवस्थामा सुधार आएमा महल २४ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Referred	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजा प्रेषण गरेको खण्डमा महल २४ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		LAMA/ Absconded	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजाअनुसार LAMA/Absconded मा महल २४ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Death	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजाअनुसार शिशुको मृत्यु भएको खण्डमा महल २४ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
२५	Referred to		बच्चालाई प्रेषण गर्नुपर्ने भएमा प्रेषण गरिएको स्वास्थ्य संस्थाको नाम महल २५ मा लेख्नुपर्दछ ।
२६, २७	Follo	Date	बच्चालाई अनुगमनका लागि ल्याएको मिति (गते, महिना, साल) महल २६ लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
and २८	w up	Res ult	Improved	बच्चालाई अनुगमनका लागि ल्याइएको मितिमा बच्चाको स्थिति सुधार भएको भएमा महल २८ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Same	बच्चालाई अनुगमनका लागि ल्याउँदा बच्चाको स्थिति उस्तै रहेको भएमा महल २८ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Worse	बच्चालाई अनुगमनका लागि ल्याइएको मितिमा बच्चाको स्थिति पहिले भन्दा अझ खराब भएको रहेछ भने महल २८ को ३ मा गोलो घेरा लगाउनुपर्दछ। यस्ता बच्चालाई सोही संस्थाबाट थप उपचार व्यवस्थापन गर्नुपर्ने अवस्थामा पहिलेको Classification परिवर्तन हुने भएकोले पुनः दर्ता गरी बर्गिकरण तथा उपचार गर्नुपर्दछ ।
२९	Remarks			माथि उल्लेख गरिएबाहेक अन्य केही लेख्नुपर्ने भए यस महलमा लेख्नुपर्दछ ।

दुई महिनाभन्दा मुनिका (० देखि ५९ दिनसम्मका) शिशुहरूका लागि

महल नं.	महल शीर्षक		निर्देशन
१	SN (Serial number)		सि.नं. प्रत्येक महिना १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
	MRN		स्वास्थ्य संस्थामा सेवा लिन आउँदा मूलदर्ता रजिष्टरमा दर्ता गर्दाको मूलदर्ता नं. (Master Registration Number) बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नुपर्दछ ।
	SRN		यस रजिष्टरमा दर्ता गर्दाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ र सो सेवा दर्ता नं. बाल स्वास्थ्य कार्डमा समेत सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ । प्रत्येक आ.व. मा सेवा दर्ता नं. (Service Registration Number) १ बाट सुरु गरी एक आर्थिक वर्षसम्मका लागि क्रमशः लेख्दै जानु पर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ ।
२	Date, Name of Mother, Name of Child, Caste and Ethnicity Code, Address	Date	यस रजिष्टरमा दर्ता गर्दाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ र सो सेवा दर्ता नं. बाल स्वास्थ्य कार्डमा समेत सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ । प्रत्येक आ.व. मा सेवा दर्ता नं. (Service registration number) १ बाट सुरु गरी एक आर्थिक वर्षसम्मका लागि क्रमशः लेख्दै जानु पर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ ।
		Name of Mother	सेवाग्राही दर्ता भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Name of Child	यस कोठामा बिरामी शिशुको आमाको नाम लेख्नुपर्दछ ।
		Caste	यस कोठामा बिरामी शिशुको जाति लेख्नुपर्दछ ।
		Ethnicity Code	यस कोठामा बिरामी शिशुको जातिकोड लेख्नुपर्दछ ।
		Address	यस कोठामा बिरामी बच्चाको ठेगाना लेख्नु पर्दछ । District: जिल्लाको नाम; Rural/Municipality, Ward Number: गाउँ-नगरपालिका र वडा नं लेख्नु पर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
३ and ४	Sex, Age, Weight, Temp & Reffer		महल ३ र ४ मा बिरामी शिशुको Sex, Age, Weight, Temp, Refer को विवरण लेख्नुपर्दछ ।
	Female/Male		बिरामी शिशु महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगानुपर्दछ ।
	Age in Weeks		महल ४ को यस कोठामा बिरामी शिशुको पूरा भएको उमेर हप्तामा लेख्नुपर्दछ । यदिशिशु १ हप्ता पुगेको छैन भने पुरा भएको दिन को मुनि ७ लेख्नु पर्दछ जस्तै १ दिन पुरा नभएको शिशु लाई ०/७, १ दिन पुरा भएको शिशु लाई १/७ लेख्नु पर्दछ,
	Weight (kg.)		महल ४ को यस कोठामा बिरामी शिशुको तौल के. जी. मा लेख्नु पर्दछ । यदि बिरामी बच्चा ४KG छ भने ४ मात्र लेख्नुपर्दछ (KG लेख्नु पर्दैन)
	Temp (°C)		महल ४ को यस कोठामा बिरामी शिशुको तापक्रम सेल्सियसमा लेख्नुपर्दछ ।
	Referred by FCHV, PHC/ORC, HF		बच्चा म.स्वा.स्वयंसे. ले रेफर गरेको भए १, गाउँघर क्लिनिकबाट रेफर गरी पठाएको भए २ र स्वास्थ्य संस्थाले रेफर गरेको भए ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
५ and ६	PSBI/LBI/NBI	Convulsion	बिरामी शिशुलाई कम्पन भए महल ६ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Respiratory rate (R/R):	बिरामी शिशुको सासदर गनेर महल ६ को खाली ठाउँमा लेख्नुपर्दछ ।
		Severe chest indrawing	बिरामी शिशुको कडासँग कोखा हानेको (Severe chest indrawing) भए महल ६ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Nasal flaring	बिरामी शिशुको नाकको पोरा फुल्ने भएको भए महल ६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Grunting	बिरामी शिशुले कनेको छ भने महल ६ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Unable to feed	बिरामी शिशुले दुध चुस्न तथा निल्न नसकेमा महल ६ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Bulging fontanelle	बिरामी शिशुको तालु उक्सेको भए महल ६ को ६ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Umbilicus infection to skin	बिरामी शिशुको नाइटोको रातोपना छालासम्म फैलिएको भए महल ६ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Umbilicus red or Pus	बिरामी शिशुको नाइटो रातो भएको भए वा पिप भएमा महल ६ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Temp >३७.५	बिरामी शिशुको तापक्रम ३७.५ डिग्री सेल्सियसभन्दा बढी भए महल ६ को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Temp <३५.५ C	बिरामी शिशुको तापक्रम ३५.५ डिग्री सेल्सियसभन्दा कम भएमहल ६ को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pustules: Severe or>१०	बिरामी शिशुको छालामा फोकाहरू धेरै (१० वा सो भन्दाबढी) वा एउटा मात्र पनि ठुलो पिलो भए महल ६ को ११ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pustules<१०	बिरामी शिशुको छालामा साना, साना फोकाहरू (१० भन्दाकम) भए महल ६ को १२ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
		Lethargic /Unconscious	बिरामी शिशु सुस्त वा बेहोस भए महल ६ को १३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Less than normal movement	बिरामी शिशुको चलाई सामान्यभन्दा कम भए महल ६ को १४ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Jaundice up to hands and feet	बिरामी शिशुको हात र पैतालासम्म कमलपित्त फैलिएको भए महल ६ को १५ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Jaundice	बिरामी शिशुलाई कमलपित्त भएको (शिशुको हात र पैतालासम्म नफैलिएको) भए महल ६ को १६ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Pus from Eye	बिरामी शिशुको आँखाबाट पिप बगेको भए महल ६ को १७ मा गोलो घेरा लगाउनु पर्दछ ।
७ and ८	Diarrhoea	Yes	बिरामी शिशुमा पखालाको चिन्ह तथा लक्षण भएमा महल ८ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । पखालाको लक्षण भएमा मात्र सोसँग सम्बन्धित महल ७ का लक्षण हरू सोधी परीक्षण गर्नुपर्दछ ।
		No	बिरामी बच्चालाई पखाला नलागेको भए महल ८ को २ मा गोलो घेरा लगाउनु पर्दछ । नोट : झाडा पखालाको जाँच गरिसकेपछि प्रत्येक बच्चाको महल ९ मा उल्लेख गरिएका Breast feeding problem/Low weight का बारेमा अनिवार्यरुपमा परीक्षण गर्नुपर्दछ ।
		How many days:	बिरामी शिशुलाई कति दिनदेखि पखाला लागेको हो ? सो सोधी महल ८ को खाली ठाउँमा दिन अंकमा (१,२, ...) लेख्नुपर्दछ ।
		Blood	बिरामी शिशुको दिसामा रगत देखिएको भए महल ८ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Lethargic/ Unconscious	बिरामी शिशु सुस्त (Lethargic) वा बेहोस (Unconscious) भए महल ८ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Restless/ Irritable	बिरामी शिशु छटपटिने वा झिझिने भए महल ८ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Sunken eyes	बिरामी शिशुको आँखा गढेको भए महल ८ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pinch very slowly	बिरामी शिशुको पेटको छाला तानेर छोड्दा धेरै बिस्तारै (२ सेकेन्डभन्दा बढी समय) फर्किन्छ भने महल ८ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pinch slowly	बिरामी शिशुको पेटको छाला तानेर छोड्दा बिस्तारै (२ सेकेन्डसम्म) फर्किन्छ भने महल ८ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
९ and १०	Low weight/ Feeding Problem	Breastfed	बिरामी शिशुले स्तनपान गर्ने गरेको भए महल १० को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Difficult feeding	बिरामी शिशुलाई स्तनपान/खानासम्बन्धी समस्या भए महल १० को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		How many times in २४ hours: ____	बिरामी शिशुलाई अन्तिम २४ घण्टामा कति पटक स्तनपान गराइएको थियो भनी सोधेर महल १० को खालीठाउँमा पटक अंकमा (१, २, ...) लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
		Receive other food/ drinks		बिरामी शिशुलाई अन्य खानेकुरा वा झोल पदार्थ खुवाएको भए महल १० को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		How often: _____ times		यदि महल १० को ३ मा गोलो घेरा लगाइएको भए बिरामी शिशुलाई कति पटक अन्य खानेकुरा वा झोल पदार्थ खुवाएको थियो भनी सोधेर महल १० को खालीठाउँमा पटक अंकमा (१,२, ...) लेख्नुपर्दछ ।
		Feed by bottle		बिरामी शिशुलाई बोतलबाट खुवाएको भए महल १० को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Feed by spoon		बिरामी शिशुलाई चम्चाबाट खुवाएको भए महल १० को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Very low weight		बिरामी शिशुको उमेरअनुसार धेरै कम तौल भए महल १० को ६ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको रातो खण्डमा परेमा)
		Low weight		बिरामी शिशुको उमेरअनुसार कमतौल भए महल १० को ७ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको पहेंलो खण्डमा परेमा)
		Normal weight		बिरामी शिशुको उमेरअनुसार तौल सामान्य (Normal weight) भए महल १० को ८ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको हरियो खण्डमा परेमा)
		Oral Ulcer/Thrush		बिरामी शिशुको मुखभित्र घाउ वा सेतो दाग भए महल १० को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
यदि विरामी शिशुलाई तुरुन्त उपचार केन्द्रमा प्रेषण गर्नुपर्ने कारण छैन भने र स्तनपान गराउन गाह्रो भएको छ वा स्तनपान २४ घण्टामा ८ पटक भन्दा कम गराइन्छ वा अरु दुध/झोल कुरा खुवाइन्छ वा उमेर अनुसार तौल कम छ भने मात्र Breastfeeding Assess गर्नुपर्दछ ।				
११ and १२	Assess breast feeding	Includes all ४ points of attachment	Yes	शिशुलाई स्तनपान गराउँदा स्तन सम्पर्कका ४ चिन्हहरूः चिउँडोले स्तन छोएको (१), मुख पूरा खोलेको (२), शिशुको तल्लो ओठ बाहिर फर्केको (३) र स्तनको कालो भाग शिशुको मुखको तलभन्दा माथितिर धेरै देखिएको (४) गरी ४ वटै अवस्था छ भने Yes मानी महल १२ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	सही स्तन सम्पर्क (Good Attachment) को माथि उल्लिखित सम्पूर्ण (४ वटै) चिन्ह नभएमा No मानी महल १२ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Includes all ४ points of Position	Yes	शिशुलाई स्तनपान गराउँदाका ४ सही आसनका चिन्हहरुः शिशुको टाउको र जीउ सीधा पारेर समातेको (१), शिशुको मुख स्तनतिर फर्काएर शिशुको नाक स्तनको मुन्टोको ठीक अगाडि पारेको (२), शिशुको शरीर आफ्नो जीउसँग टाँसेर राखेको (३), र शिशुको गर्धन र काँधमात्र नभई सम्पूर्ण शरीरलाई नै हातले आड दिइराखेको (४) मध्ये यी चारवटै सही आसन अपनाएको भए Yes मानी महल १२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	सही आसन (Good Position) को माथि उल्लिखित सम्पूर्ण (४ वटै) चिन्ह नभएमा No मानी महल १२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
		Suckling: Effectively	Yes	शिशुले दूध चुस्दा बिस्तारै, गहिरोसित, कहिले—काहीं अडिई, अडिई दूध चुस्छ, शिशुले दूध निलेको घाँटीमा देखिन्छ र दूध निलेको आवाज पनि सुन्न सकिन्छ जस्ता सबै चिन्हहरू देखिएको भए Yes मानी महल १२ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	प्रभावकारी चुसाई (Suckling Effectively) को माथि उल्लिखित सम्पूर्ण चिन्ह नभएमा No मानी महल १२ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।
१३	Major Classifications			माथि उल्लेखभएका Sign and Symptom को आधारमा प्रोटोकल अनुसार बिरामीको रोगको वर्गीकरण (Major Classifications) प्राथमिकताको आधारमा मुख्यलाई पहिलो, त्यसपछि दोस्रो गरी क्रमशः महल १३ मा लेख्नुपर्दछ । उल्लखित शिकायत कुनै नपाइए तापनि कम्तीमा दुई वर्गीकरण (PSBI/LBI/NBI) मध्ये कुनै १ र Problem/No Feeding problem मध्ये कुनै १ खुलाउनुपर्दछ ।
	Others			CB-IMNCI Treatment Chart Booklet मा उल्लेख भएका बर्गिकरण बाहेक अन्य कुनै समस्या भएमा यस कोठामा उल्लेख गर्ने ।
१४	Number of classifications			बिरामी बच्चाकोमा पाइएका लक्षण तथा चिन्हका आधारमा महल १४ मा गरिएका Classification हरूको जम्मा सङ्ख्या (अन्य समेत) लेख्नुपर्दछ ।
१५	ICD code			बिरामी बच्चाको रोगको वर्गीकरण अनुसार मुख्य वर्गीकरण (Major Classification) प्राथमिकताको आधारमा मुख्य रोगको ICD code महल १५ मा लेख्नुपर्दछ । सोही ICD code कोड अनुसार मासिक प्रतिवेदन फाराम (९.३) को Morbidity को सम्बन्धित महलमा समायोजन गरी प्रतिवेदन गर्नु पर्दछ ।
१६ and १७	Medicine			बिरामीको उपचारका लागि प्रयोग गरिएका औषधीहरू (Ampicillin & Amoxicillin) परिमाणसमेत खुल्ने गरी स्पष्टसँग यस महलमा लेख्नुपर्दछ ।
	Gentamicin			यदि Gentamicin औषधी (सुई) प्रयोग गरी उपचार गरिएको भए दिइएको डोज अनुसार महल १६ को सम्बन्धित अङ्कमा गोलो लगाउनुपर्दछ ।
१८ and १९	Counselling to mother		Breast feeding	स्तनपान सम्बन्धी सल्लाह आमालाई दिइएको भए महल १९ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Keep warm	शिशुलाई न्यानो राख्ने सम्बन्धी सल्लाह आमालाई दिइएको भए महल १९ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Immediate visit	शिशुको स्वास्थ्य अवस्थामा सुधार हुन नसेकेमा वा खतराको लक्षण देखिएमा यथाशीघ्र थप उपचारका लागि स्वास्थ्य संस्थामा आउने सल्लाह दिइएको भए महल १९ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Regular follow up	आमालाई नियमित फलोअप (अनुगमन) गर्ने सल्लाह दिइएको भए महल १९ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Treatment Outcome		Improved	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजा अनुसार अवस्थामा सुधार आएमा महल २१ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
२० and २१			Referred	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजा प्रेषण गरेको खण्डमा महल २१ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			LAMA/ Absconded	बिरामीबच्चाको उपचार तथा व्यवस्थापन नतिजा अनुसार LAMA/Absconded मा महल २१ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Death	बिरामी बच्चाको उपचार तथा व्यवस्थापन नतिजाअनुसार शिशुको मृत्यु भएको खण्डमा महल २१ को ४ मा गोलो घेरा लगाउनु पर्दछ ।
२२	Referred to			शिशुलाई प्रेषण गर्नुपर्ने भएमा प्रेषण गरेको स्वास्थ्य संस्थाको नाम महल २१ मा लेख्नुपर्दछ ।
२३, २४ and २५	Follow up	Date		शिशुलाई फलोअप (अनुगमनका) लागि ल्याएको भए सोको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Result	Improved	फलोअप समयमा शिशुको स्थिति पहिलेभन्दा सुध्रेको भएमा महल २५ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Same	फलोअपका समयमा शिशुको स्थिति पहिलेकै जस्तो भएमा महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Worse	फलोअपका लागि ल्याइएको मितिमा बच्चाको स्थिति पहिले भन्दा अझ खराब भएको रहेछ भने महल २५ को ३ मा गोलो घेरा लगाउनुपर्दछ । यस्ता बच्चालाई सोही संस्थाबाट थप उपचार व्यवस्थापन गर्नुपर्ने अवस्थामा पहिलेको Classification परिवर्तन हुने भएकोले पुनःदर्ता गरी बर्गिकरण तथा उपचार गर्नुपर्दछ ।
२६	Remarks			माथि उल्लेख भएबाहेक अन्य केही भए महल २५ मा उल्लेख गर्नुहोस् ।

जातजातिअनुसार नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) सेवा पाएका सेवाग्राहीको समायोजन फाराम

हरेक महिना मासिक प्रतिवेदन तयार गर्दा यस रजिष्टरको अन्तमा राखिएको जातजातीगत विवरण समेत अद्यावधिक गर्नुपर्दछ । जातजातिगत विवरण तयार गर्दा २ महिना मुनिका विरामी शिशुको व्यवस्थापन खण्ड र २ महिनादेखि ५९ महिना उमेरसम्मका विरामी बच्चाको व्यवस्थापन खण्डमा दर्ता भएका विरामी बच्चाको संख्या लिंगसमेत खुल्ने गरी फरक-फरक समायोजन फारम प्रयोग गरि सम्वन्धित उमेर समूहको महलमा अद्यावधिक गर्नुपर्दछ ।

HMIS २.५: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत ६ देखि ५९ महिनाका बालबालिकालाई बहिरङ्ग उपचार सेवा (Outpatient Therapeutic Center - OTC) मा भर्ना गरी उपचार गर्दा प्रत्येक बच्चालाई यो दर्ता कार्ड दिइन्छ । यो दर्ता कार्ड बच्चाको परिचयपत्रको रूपमा पनि प्रयोग गर्न सकिन्छ । यो कार्ड स्वास्थ्यकर्मीले भरी आमा वा बच्चा हेरविचार गर्ने व्यक्तिलाई दिएर पठाउनुपर्दछ ।

यस दर्ता कार्डमा बहिरङ्ग सेवाको उपचारको तथ्याङ्क भरिएको हुन्छ र बच्चालाई बहिरङ्ग सेवामा ल्याउँदा आमा वा बच्चाको हेरविचार गर्ने व्यक्तिले यो कार्ड लिएर आउनुपर्दछ । यस दर्ता कार्डबाट बच्चाको प्रगति र सुधारको पहिचान गरिन्छ र साथै बिरामीका लागि घर लैजाने तयारी उपचारात्मक खाना (RUTF) को मात्राको पनि यसमा उल्लेख गरिएको हुन्छ । प्रत्येक बिरामी बच्चाको उपचारको परिणाम/उपलब्धि पनि यस दर्ता कार्डले दिन्छ ।

कार्डको नमुनाः

HMIS 2.5: IMAM Child Health Card

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

स्वास्थ्य संस्थाको नाम: ... जिल्ला ... नगर/गाउँपालिका ...

शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड

मूल दर्ता नं.		सेवा दर्ता नं.	
बच्चाको नाम, घर		ठेगानाः जिल्ला	
उमेर (महिना)		नगर/गाउँपालिका, वडा नं.	
लिङ्ग	पुरूषः १ महिला २	गाँउ/ टोल	
भर्नाको आधार	एम.यु.ए.सी. १ उ.अ.ती. (z-score) २	दुवै खुट्टा सुन्निएको ३	

भेट मिति	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (से.मी.)	तौल (के.जी.)	उ.अ.ती. (z-score)	आज दिएको RUTF पाकेट
उमेर अनुसारको खोपको लागि प्रेषण:			गरेको	नगरेको	खोप दिएको	

मिति (ग.म.सा.)	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (से.मी.)	तौल (के.जी.)	उ.अ.ती. (z-score)	आज दिएको RUTF पाकेट

डिस्चार्ज परिणाम	निको भएको	निको नभएको	डिफल्टर	प्रेषण (अस्पताल)	अन्य (गल्ति भनी)	मृत्यु भएको
	१	२	३	४	५	६
डिस्चार्ज मिति						

परिमार्जित आ.ब. २०७८/७९ छपाई आ.ब. २०७८/७९

HMIS 2.5: IMAM Child Health Card

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

स्वास्थ्य संस्थाको नाम: ... जिल्ला ... नगर/गाउँपालिका ...

शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड

मूल दर्ता नं.		सेवा दर्ता नं.	
बच्चाको नाम, घर		ठेगानाः जिल्ला	
उमेर (महिना)		नगर/गाउँपालिका, वडा नं.	
लिङ्ग	पुरूषः १ महिला २	गाँउ/ टोल	
भर्नाको आधार	एम.यु.ए.सी. १ उ.अ.ती. (z-score) २	दुवै खुट्टा सुन्निएको ३	

भेट मिति	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (से.मी.)	तौल (के.जी.)	उ.अ.ती. (z-score)	आज दिएको RUTF पाकेट
उमेर अनुसारको खोपको लागि प्रेषण:			गरेको	नगरेको	खोप दिएको	

मिति (ग.म.सा.)	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (से.मी.)	तौल (के.जी.)	उ.अ.ती. (z-score)	आज दिएको RUTF पाकेट

डिस्चार्ज परिणाम	निको भएको	निको नभएको	डिफल्टर	प्रेषण (अस्पताल)	अन्य (गल्ति भनी)	मृत्यु भएको
	१	२	३	४	५	६
डिस्चार्ज मिति						

परिमार्जित आ.ब. २०७८/७९ छपाई आ.ब. २०७८/७९

भर्ने तरिका:

महल शीर्षक	निर्देशन
स्वास्थ्य संस्थाको नाम, जिल्ला, नगर/ गाउँपालिका	बहिरङ्ग उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम र सो संस्था रहेको जिल्ला र स्थानीयतहको नाम लेख्नुपर्दछ ।
मूलदर्ता नं.	मूलदर्ता रजिष्टरमा दर्ता गर्दाको दर्ता नं. लेख्नुपर्दछ ।
सेवा दर्ता नं.	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS २.६) मा दर्ता गर्दाको नम्बर लेख्नुपर्दछ । यो नम्बर प्रत्येक आ. ब. मा १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
बच्चाको नामथर, ठेगाना, उमेर, लिङ्ग	बिरामी बच्चाको नाम, थर, लिङ्ग, उमेर (महिनामा) र ठेगाना (जिल्ला, नगर/गाउँपालिका, वडा नं., र गाउँ टोल) सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
भर्नाको आधार	बच्चाको पोषण अवस्था जाँच गरिसकेपछि बच्चा भर्ना गर्नुको आधार Mid Upper Arm Circumference (MUAC), उचाइ अनुसारको तौल (z score), वा पोषणजन्य कारणले सुन्निएका कुन—कुन हुन्, सम्बन्धित आधारको कोडमा गोलो चिन्ह लगाउनुपर्दछ ।
भेट मिति	बिरामी बच्चा प्रत्ये कभेटमा आउँदा दिइएका महलहरूमा मिति (ग/म/सा) लेख्नुपर्दछ । बिरामी बच्चा हरेक भेटमा आउँदा उसको पाखुराको नाप (MUAC), उचाइ र लम्बाइ, तौल, उचाइ अनुसारको तौल (z-score) र RUTF दिएको प्याकेट सङ्ख्या सोही अनुसार सम्बन्धित महलहरूमा लेख्नु पर्दछ ।
उमेर अनुसारको खोपको लागि प्रेषण	सेवाग्राही बच्चाले निर्दिष्ट खोपहरू लगाएको सुनिश्चित गर्नुपर्दछ । बहिरङ्ग सेवा प्रदान गर्दाको समयमा बच्चाको उमेर अनुसारको दिनुपर्ने खोप उपलब्ध नभएमा स्वास्थ्यकर्मीले खोप क्लिनिकमा जान सुझाव दिई कार्डमा सोहीअनुसारको महलमा गोलो चिन्ह लगाउनुपर्दछ । खोप लगाएपछि कार्डमा सो मिति (ग/म/सा) सम्बन्धित महलमा लेख्नुपर्दछ ।
डिस्चार्ज परिणाम	अन्तमा बच्चाको डिस्चार्ज परिणाम (निको भएको, त्रुटि वा डिफल्टर, निको नभएको, अस्पताल पठाउने, अन्य (गल्ती भर्ना) मृत्यु) अनुसार सम्बन्धित परिणाममा गोलो चिन्ह लगाउनुपर्दछ । डिस्चार्जको परिमाण शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमको अद्यावधिक निर्देशिका अनुसार लेख्नु पर्दछ ।
डिस्चार्ज मिति	बच्चाको डिस्चार्ज परिणामसँगै डिस्चार्ज मिति (ग/म/सा) दिइएको महलमा लेख्नुपर्दछ ।

HMIS २.६: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (IMAM Register)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत ६ देखि ५९ महिनाका बाल—बालिकालाई बहिरङ्ग उपचार केन्द्र (Outpatient Therapeutic Center - OTC) मा भर्ना गरी उपचार सेवा प्रदान गर्न र अभिलेख राख्न यस रजिष्टरको प्रयोग गरिन्छ । बहिरङ्ग उपचार सेवा प्रदान गर्ने हरेक स्वास्थ्य संस्थाले यस रजिष्टरमा अभिलेख राखी उपचार सेवा दिनुपर्दछ ।

रजिष्टरको नमुना

HMIS 2.6

शिघ्र कुपोषणको एकिकृत

क्र.सं./ दर्ता	विरामीको नाम, थर, विवरण र भर्नाको किसिम			भर्ना, पोषणको अवस्था तथा प्रेषण संम्बन्धी विवरण (गोलो चिन्ह लगाउने)				मेडिकल इतिहास, शारीरिक परीक्षण र अन्य स्वास्थ्य सम्बन्धि जानकारी (गोलो चिन्ह लगाउने र लेख्ने)						
१	२		३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
क्र.सं.	नाम र थर		जाती कोड	**भर्ना मिति (ग.म.सा.)**			**भर्नाको आधार**	झाडापखाला	छ	छैन	मुख	सामान्य	घाउ	केन्डिडा
								वान्ता	छ	छैन	आँखा	सामान्य	भित्र गडेको	डिस्चार्ज
	लिङ्ग: महिला / पुरूष / उमेर (महिनामा)			**पोषणको अवस्था**				खोकी	छ	छैन	जलवियोजन	नभएको	मध्यम	कडा
	अभिभावकको नाम		नाता	उचाइ/लम्बाई (से.मी.)				सनपान गरेको	छ	छैन	छाला	सामान्य	लुतो	घाउ/खटिरा
मूल दर्ता नं.				तौल (के.जी.)				खानाको रुची	छ	छैन	ग्रन्थि सुन्निएको	छैन	घाटी	काखी/ग्रोइन
	जिल्ला	न.पा./गा.पा.	वडा नं.	एम.यू.ए.सि. (मि.मि.)			१	पिसाब भएको	छ	छैन	दादुराको खोप	लिएको	नलिएको	मि / दि / वर्ष
				उ. अ. तौल (Z-Score)			२	दिसा		पटक	पुर्ण खोप	लिएको	नलिएको	बाँकी
	गाँउ/टोल			दुवै खुट्टा सुन्निएको			३	आँखाको कोस	सामान्य	फिक्का	मित्र किसिमको सङ्गम		भएको	नभएको
	भर्ना किसिम (गोलो चिन्ह लगाउने)			प्रेषण किसिम	आफै/ स्वयं प्रेषण		१	कान	सामान्य	डिस्चार्ज	RUTF जाँच		पास	फेल
सेवा दर्ता नं.	नयाँ भर्ना		१		विशेष उपचार कक्ष		२	कोखा हानेको	छ	छैन	भर्ना गर्दा दिएको RUTF प्याकेट			
	पुनः दर्ता भएको (२ महिना भित्र)		२		गाउँघर क्लिनिक		३	श्वासप्रश्वास दर		प्रति मि.	शीघ्र कुपोषणको किसिम			
	बाहिरबाट आएको (बहिरङ्ग/विशेष उपचारकक्ष/ पोषण पुनःस्थापना गृहबाट)		३		म.स्वा.स्व.से.		४	तापक्रम		सेण्टिग्रेड	अतिरिक्त जानकारी:			
	डिफल्टर पछि भर्ना		४		पोषण पुनःस्थापना केन्द्र		५	हात/ खुट्टा	सामान्य	चिसो				
					अन्य स्वास्थ्य संस्था		६							
क्र.सं.	नाम र थर		जाती कोड	**भर्ना मिति (ग.म.सा.)**			**भर्नाको आधार**	झाडापखाला	छ	छैन	मुख	सामान्य	घाउ	केन्डिडा
								वान्ता	छ	छैन	आँखा	सामान्य	भित्र गडेको	डिस्चार्ज
	लिङ्ग: महिला / पुरूष / उमेर (महिनामा)			**पोषणको अवस्था**				खोकी	छ	छैन	जलवियोजन	नभएको	मध्यम	कडा
	अभिभावकको नाम		नाता	उचाइ/लम्बाई (से.मी.)				सनपान गरेको	छ	छैन	छाला	सामान्य	लुतो	घाउ/खटिरा
मूल दर्ता नं.				तौल (के.जी.)				खानाको रुची	छ	छैन	ग्रन्थि सुन्निएको	छैन	घाटी	काखी/ग्रोइन
	जिल्ला	न.पा./गा.पा.	वडा नं.	एम.यू.ए.सि. (मि.मि.)			१	पिसाब भएको	छ	छैन	दादुराको खोप	लिएको	नलिएको	मि / दि / वर्ष
				उ. अ. तौल (Z-Score)			२	दिसा		पटक	पुर्ण खोप	लिएको	नलिएको	बाँकी
	गाँउ/टोल			दुवै खुट्टा सुन्निएको			३	आँखाको कोस	सामान्य	फिक्का	मित्र किसिमको सङ्गम		भएको	नभएको
	भर्ना किसिम (गोलो चिन्ह लगाउने)			प्रेषण किसिम	आफै/ स्वयं प्रेषण		१	कान	सामान्य	डिस्चार्ज	RUTF जाँच		पास	फेल
सेवा दर्ता नं.	नयाँ भर्ना		१		विशेष उपचार कक्ष		२	कोखा हानेको	छ	छैन	भर्ना गर्दा दिएको RUTF			
	पुनः दर्ता भएको (२ महिना भित्र)		२		गाउँघर क्लिनिक		३	श्वासप्रश्वास दर		प्रति मि.	शीघ्र कुपोषणको किसिम			
	बाहिरबाट आएको (बहिरङ्ग/विशेष उपचारकक्ष/ पोषण पुनःस्थापना गृहबाट)		३		म.स्वा.स्व.से.		४	तापक्रम		सेण्टिग्रेड	अतिरिक्त जानकारी:			
	डिफल्टर पछि भर्ना		४		पोषण पुनःस्थापना केन्द्र		५	हात/ खुट्टा	सामान्य	चिसो				
					अन्य स्वास्थ्य संस्था		६							

परिमार्जित: आ.ब. २०७८/७९ *छपाई: आ.ब. २०७८/७९*

HMIS 2.6

। व्यवस्थापन रजिष्टर

ओषधीबाट व्यवस्थापन/ उपचार					फलो अप/भेट मिति र स्वास्थ्य अवस्था									डिस्चार्ज मिति र परिणाम
ओषधी		मात्रा	मिति											
१५		१६	१७	१८ १९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९
भिटामिन ए	(आइ.यू.)				एम.यू.ए.सि. (मि.मि.)									**डिस्चार्ज मिति**
एमोक्सीसीलिन					उचाइ/लम्बाई (से.मी.)									मि / दि / वर्ष
औलोको उपचार					तौल (के.जी.)									**डिस्चार्ज परिणाम**
अल्बेन्डाजोल	(एम.जी.)				उचाइ अ. तौल (Z-Score)									निको भएको १
अन्य ओषधी					दुवै खुट्टा सुन्निएको									Stable २
					वान्ता (पटक/ दिन)									डिफल्टर ३
					झाडापखाला (पटक/ दिन)									प्रेषण (अस्पताल) ४
					ज्वरो (पटक/ दिन)									मृत्यु ५
					खोकी (पटक/ दिन)									स्थानान्तरण भई अन्यत्र गएको ६
					जलवियोजन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	कैफियत:
					तापक्रम (से.ग्रे.)									
					श्वासप्रश्वास दर (प्रति मि.)									
					छाला संक्रमण	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	
					आज दिने RUTF (पाकेट)									
भिटामिन ए	(आइ.यू.)				एम.यू.ए.सि. (मि.मि.)									**डिस्चार्ज मिति**
एमोक्सीसीलिन					उचाइ/लम्बाई (से.मी.)									मि / दि / वर्ष
औलोको उपचार					तौल (के.जी.)									**डिस्चार्ज परिणाम**
अल्बेन्डाजोल	(एम.जी.)				उचाइ अ. तौल (Z-Score)									निको भएको १
अन्य ओषधी					दुवै खुट्टा सुन्निएको									Stable २
					वान्ता (पटक/ दिन)									डिफल्टर ३
					झाडापखाला (पटक/ दिन)									प्रेषण (अस्पताल) ४
					ज्वरो (पटक/ दिन)									मृत्यु ५
					खोकी (पटक/ दिन)									स्थानान्तरण भई अन्यत्र गएको ६
					जलवियोजन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	कैफियत:
					तापक्रम (से.ग्रे.)									
					श्वासप्रश्वास दर (प्रति मि.)									
					छाला संक्रमण	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	छ / छैन	
					आज दिने RUTF (पाकेट)									

परिमार्जित: आ.ब. २०७८/७९ *छपाई: आ.ब. २०७८/७९*

रजिष्टर भर्ने तरिका

महल नं.	शीर्षक	निर्देशन
१	क्र.सं. मूलदर्ता नं.	प्रत्येक महिनाक्र.सं. १बाट सुरु गरी लेखुपर्दछ । मूलदर्ता रजिष्टरमा दर्ता गर्दाको नम्बर शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्डबाट मूलदर्ता नंम्बरको महलमा र यस रजिष्टरमा दर्ता गर्दाको नम्बर सेवादर्ता नम्बरको महलमा लेखुपर्दछ । सेवादर्ता नं. प्रत्येक आ. व. मा १बाट सुरु गर्नुपर्दछ ।
२-३	**बिरामीको नामथर, विवरण र भर्नाको किसिम**	
	नाम, थर	सेवा लिन आएको बच्चाको पूरा नाम, थर यस महलमा उल्लेख गर्नुपर्दछ ।
	जात/जाति कोड	सेवा लिने बच्चाको थर रजिष्टरमा उल्लेख भएअनुसार जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेखुपर्दछ, जस्तैः ०१, ०२,.....,०६ ।
	लिङ्ग	सेवालिने बच्चा "महिला" भए महिलामा र "पुरुष" भए पुरुषमा गोलो घेरा लगाउनुपर्दछ ।
	उमेर (महिनामा)	सेवा लिने बच्चाको उमेर पूरा भएको महिनामा लेखुपर्दछ ।
	अभिभावकको नाम	बच्चाको अभिभावक (जस्तैः आमा, बुवा, हजुरआमा, हजुरबुवा आदि) को नाम यस महलमा लेखुपर्दछ ।
	नाता	बच्चाको अभिभावकसँगको नाता (जस्तैः आमा, बुवा, हजुरआमा, हजुरबुवा आदि) यस महलमा लेखुपर्दछ ।
	जिल्ला, न.पारगा.पा., वडा नं., गाउँ-टोल	हाल धेरैजसो बसोबास गरिरहेको जिल्ला, स्थानीय तह, वडा नम्बर र गाउँ/टोलसमेत यस महलहरूमा लेखुपर्दछ ।
	भर्नाको किसिम	सेवा लिने बच्चा भर्ना भएको किसिममा नयाँ भर्ना भएको भए कोड नं. १ मा, २ महिनाभित्र पुनःदर्ता भएको भए कोड नं. २ मा, बाहिरबाट प्रेषण भइ आएको (बहिरङ्ग/विशेष/उपचार कक्ष/पोषण पुनर्स्थापना गृह) भए कोड नं. ३ र त्रुटि वा डिफल्टर पछि भर्ना भएको भएकोड नं. ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
४-७	**भर्ना, पोषणको अवस्थातथा प्रेषण सम्बन्धी विवरण**	
	भर्ना मिति	बच्चाको भर्ना मिति (ग म सा) यस महलमा लेखुपर्दछ ।
	पोषण अवस्था (उचाइ-लम्बाइ)	२ वर्षमुनिका बच्चाको हकमा लम्बाइ र २ वर्षमाथिका (८७ से. मि. वा सोभन्दा माथि) बच्चाको हकमा उचाइ नापी यसैसँगको महल ६ मा से.मि. मा लेखुपर्दछ ।
	तौल	बच्चाको तौल लिई महल ६ मा के.जी. मा लेखुपर्दछ ।
	एम्. यु. ए. सी	बच्चाको पाखुराको नाप MUAC टेपले नापी यसैसँगको महल ६ मा मि.मि. मा लेखुपर्दछ ।
	उचाई अनुसारको तौल	उचाइअनुसारको तौल (z-score) टेबलको सहायतामा बच्चाको उचाइअनुसारको तौल यसैसँगको महल ६ मा लेखुपर्दछ ।
	दुवै खुट्टा सुन्निएका	पोषणजन्य कारणले बच्चाका दुवै खुट्टा तथा शरिरका अन्य भागहरू सुन्निएका छन्/छैनन् भनी जाँच गरी सुन्निएको भए प्रोटोकलअनुसार +, ++ वा +++ मा लेखुपर्दछ ।
	भर्नाको आधार	बच्चाको पोषण अवस्था जाँच गरिसकेपछि भर्नाको आधारअनुसार (एम्. यु. ए. सी., उ. अ. तौ. (z-score), वा दुवै खुट्टा सुन्निएका) कुनहो महल नं. ७ को सम्बन्धित कोड नं मा गोलो चिन्ह लगाउनुपर्दछ ।

महल नं.	शीर्षक	निर्देशन
	प्रेषणको किसिम	सेवा लिने बच्चा जहाँबाट प्रेषण भएको हो (आफैं/स्वयं प्रेषण, विशेष उपचार कक्ष तथा अन्य बहिरङ्ग कक्ष, गाउँ—घर क्लिनिक, म. स्वा. स्वयंसे., पोषण पुनर्स्थापना केन्द्र, वा अन्य स्वास्थ्य संस्था) महल ७ को सम्बन्धित कोडमा गोलो घेरा लगाउनुपर्दछ । .
८-१४	मेडिकल इतिहास, शारीरिक परीक्षण र अन्य स्वास्थ्यसम्बन्धी जानकारी	बच्चाको स्वास्थ्य परीक्षण गरी महल नं. ८ मा उल्लेख गरिएका विभिन्न लक्षण, चिन्ह तथा अवस्थाका बारेमा संगै रहेको महल ९ वा १० को अबस्थामा गोलो घेरा लगाउनु पर्दछ । महल ८ कै दिशा, स्वासप्रश्वास दर र तापक्रमको हकमा भने महल ९ को खाली कोठामा क्रमशः विवरणहरू भर्नुपर्दछ । त्यस्तै गरी महल ११ मा उल्लेख गरिएका शारीरिक अवस्था, दादुरा खोप र पूर्ण खोपको अबस्था, RUFT जाँच, बितरण प्याकेटको संख्याको विवरण महल १२, १३ वा १४ मा गोलो घेरा वा विवरण भर्नु पर्दछ । शीघ्र कुपोषणको किसिम SAM वा MAM के हो महल १४ मा लेख्नुपर्दछ । शीघ्र कुपोषणको एकीकृत व्यवस्थापनका लागि दर्ता भएका बच्चाहरूको आवश्यक अतिरिक्त जानकारी भएमा सोहीअनुसारको विवरण पनि यस महलमा लेख्नुपर्दछ ।
१५-१९	औषधीबाट व्यवस्थापन/उपचार	बच्चालाई उपचारको क्रममा महल १५ मा उल्लेख भएको औषधीहरू (भिटामिन ए, एमोक्सिसिलिन, औलोको औषधी, अल्बेन्डाजोल वा अन्य औषधी) दिइएको मात्रा महल १६ मा र मिति (गते, महिना, साल) महल १७, १८ र १९ मा लेख्नुपर्दछ ।
२०-२८	फलोअप भेट मिति	बिरामी बच्चा प्रत्येक फलोअप भेटमा आउँदा महल नं. २० मा उल्लेखित अवस्थाको जानकारी लिई सम्बन्धित महलमा लेख्नुपर्दछ । उक्त फलोअप भेट गरेको मिति (गते/महिना/साल) सम्बन्धित पटकको भेटको महलमा लेख्नुपर्दछ । बच्चाको प्रत्येक फलोअप भेटमा बच्चाको पाखुराको नाप (एम्. यु. ए. सी. मि. मि.), उचाइ/लम्बाइ (से.मि.), तौल (के.जी.) पोषणजन्य कारणले सुन्निएको, उचाइअनुसारको तौल, बान्ता, झाडापखाला, ज्वरो, खोकी, जलवियोजन, तापक्रम, श्वास—प्रश्वास दर, छाला सङ्क्रमण जाँच गरी प्रत्येक भेटमा दिने RUTF प्याकेट सङ्ख्या सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।
२९	डिस्चार्ज मिति र परिणाम	बच्चाको डिस्चार्ज भएको मिति (ग म सा) दिइएको कोठामा लेख्नुपर्दछ । अन्तमा बच्चाको डिस्चार्ज परिणामअनुसार निको भएको कोड १, Stable भए कोड २, डिफल्टर कोड ३, प्रेषण (अस्पताल) कोड ४, मृत्यु कोड ५ र स्थानान्तरण भई अन्यत्र गएको कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ । माथि लेखिएको बाहेक सोसम्बन्धी अन्य विवरण उल्लेख गर्नुपर्ने भएमा कैफियतको महलमा लेख्नुपर्दछ ।

HMIS २.७: मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर—अस्पताल (IMAM Register — Hospital)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत मेडिकल जटिलता सहितको कडा शीघ्र कुपोषण Severe Acute Malnutrition-SAM) भएका ६ देखि ५९ महिनाका बाल—बालिका र विशेष अवस्थाभएका (IMAM प्रोटोकलअनुसार) ६ महिनामुनिका बाल—बालिकालाई विशेष उपचार कक्षमा भर्ना गरी उपचार सेवा प्रदान गर्न र अभिलेख राख्न यस रजिष्टरको प्रयोग गरिन्छ । विशेष उपचार कक्ष भएका हरेक स्वास्थ्य संस्थाले यस रजिष्टरमा अभिलेख राखी उपचार सेवा दिनु पर्दछ ।

रजिष्टरको नमूना

HMIS 2.71

नाम र थर	जाती कोड	उमेर (महिनामा) महिला	उमेर (महिनामा) पुरुष	ठेगाना जिल्ला	ठेगाना नगर/गाउँपालिका	ठेगाना वडा नं	ठेगाना गाँउ/टोल	सम्पर्क नं.	अभिभावक/हेरचाह गर्नेको नाम र थर	जम्मा परिवार संख्या

सेवा दर्ता नं.	भर्ना मिति (ग.म.सा.)	भर्नाको किसिम (गोलो लगाउने)	आफै	प्रेषण म.स्वा.स्व.से	प्रेषण गाँउघर क्लिनिक	प्रेषण स्वास्थ्य संस्था	प्रेषण बहिरङ्ग		बुवा	आमा	जुम्ल्याहा	पुन:रोगी भर्ना
								भएको	१	२	३	४
								नभएको	१	२	३	४

नाप तौलको पटै	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२८
मिति																											
उचाई/लम्बाइ (से.मी.)																											
तौल (के.जी.)																											
उचाईको आधारमा तौल (z- score)																											
एम.यु.ए.सी. (मि.मि.)																											
दुवै खुट्टा सुन्निएका (• देखि +++)																											

प्रत्येक खाएपछि १० छाला चौडा पर्दासम्म दुवै हातको टेउकोदेखि बच्चा सुत्दाको केशनाली प्रारम्भिक बेलामा तौल घट्दा स्वभाविक हो। त्यस बारेमा डराउनु पर्दैन। अतिरिक्त हुनु सम्मानीय

तौल घट्दै

परिमार्जित आ.ब. २०७८/७९ छपाई आ.ब. २०७८/७९

HMIS 2.72


मिति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२८
खाना (F75/F100/RUTF)																											
मात्रा प्रति दिन (मिलि वा पाकेट)																											
खानाको पटक प्रति दिन																											
प्रति खानको मात्रा (दुध मात्र)																											
वम आइरन																											

उपचारात्मक खाना

	समय	खाना
A= अनुपस्थित		
V=वान्ता		
R= नमानेको		
NG= ट्युब लगाएको		
IV= IV फाल्नुहु		
मात्रा सिड्काको		
१०० %	x	x
	x	x
३/४	x	x
	x	
१/२	x	
	x	
१/४	x	
=मिलि=अतिरिक्त		

नर्सिङ्ग टिप्पणी	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२८
मिति																											
दिसा/पटक																											
वान्ता/पटक																											
जलीयोजन																											
छोकी																											
Septic Shock																											
स्वासप्रस्वास दर																											
Pulse rate																											
रक्तअल्पता																											
तापक्रम घिउज																											
तापक्रम सीज																											
अन्य सम्बन्धि रोग																											

परिमार्जित आ.ब. २०७८/७९ छपाई आ.ब. २०७८/७९



HMIS 2.73

	मिति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
नियमित औषधि	मिटामिन ए ... ... IU																												
	फोलिक एसिड ५ मि.ग्रा. (मुखबाट)																												
	एण्टिवायोटिक १ समय																												
	एण्टिवायोटिक २ समय																												
	मलेरीया																												
	जुका नियन्त्रण (पुनः स्थापना काल)																												
विशेष औषधि	एण्टिवायोटिक ३ समय																												
	रीसोमोल मि लि																												
	IV फ्लुड/रगत																												
	NG-ट्यूब																												

नाम, मात्रा, दिने तरीका (मुखबाबाट, मासुमा, वा नसाबाट) दिएको लेख्ने। x चिन्ह बाकसमा लगाउने यदि नसेते औषधि दिएको खण्डमा ।

परीक्षणको नतिजा	Hb/Pcv																												
	मलेरीया स्मेयर																												
	ग्लुकोज																												
	क्षयरोग परीक्षण																												
अवलोकन																													

परिमार्जित आ.ब. २०७८/७९

छपाई आ.ब. २०७८/७९

HMIS 2.74

बच्चाको स्वास्थ्य तथा पोषण सम्बन्धी थप विवरण, दिइएको उपचार तथा सल्लाह यस खाली ठाउँमा लेख्ने :

कार्ड	खोप लगाएको मिति				
छ ☐ छैन ☐	जन्म	१	२	३	४
वि.सि.जि.					
पोलियो					
हि.पि.वि.					
दादुरा			अन्य	अन्य	

डिस्चार्ज	मिति	हस्ताक्षर
स्वास्थ्य शिक्षा दिएको		
कुपोषण हुनुमा कारण		
झाडा पखाला, रुघाखोकी, ज्वरो		
छाला, आखा र कानको संक्रमण		
खेल्ने र सचेतिकरण		
बच्चाको पोषण		
बच्चाको हेरचाह		
सरसफाई		
यौन जन्य रोग		
परिवार नियोजन		
अन्य		

मिटामिन ए दिईएको	छ	छैन
खोपको मात्रा पुगेको	छ	छैन
स्तनपान डिस्चार्जको बेलामा	छ	छैन

परिमार्जित आ.ब. २०७८/७९

छपाई आ.ब. २०७८/७९

रजिष्टर भर्ने तरिका

शीर्षक	निर्देशन
नाम र थर	सेवा लिन आएको बच्चाको पूरा नाम, थर यस महलहमा उल्लेख गर्नुपर्दछ ।
जाति कोड	सेवा लिने बच्चाको जाति वर्गीकरण अनुसार जुनजाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ, जस्तैः ०१, ०२,...,०६ ।
उमेर (महिनामा)	सेवालिने बच्चाको उमेर पूरा भएको महिनामा "महिला" भए महिलामा र "पुरुष" भए पुरुषमा उल्लेख गर्नुपर्दछ ।
ठेगाना	जिल्ला, नगर/गाउँपालिकाः हाल धेरैजसो बसोबास गरिरहेको जिल्ला, नगर/गाउँपालिका, वडा नं. र गाउँ र टोलसमेत यी महलहरूमा लेख्नुपर्दछ । हाल धेरैजसो बसोबास गरिरहेको भन्नाले कम्तीमा ६ महिनादेखि बसिरहेको वा त्यहीँ बसोबास गर्ने मनसायले बसिरहेको भन्ने बुझ्नुपर्दछ ।
सम्पर्क नं.	बच्चाका अभिभावकको सम्पर्क नं. यस महलमा लेख्नुपर्दछ ।

अभिभावक/हेरचाह गर्नेको नाम र थर		बच्चाको अभिभावक (जस्तैः आमा, बुबा, हजुरआमा, हजुरबुवा आदि) को नाम र थर यस महलमा लेख्नुपर्दछ ।
जम्मा परिवार सङ्ख्या		बच्चाको घरमा रहेको जम्मा परिवार सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
सेवादर्ता नं.		बच्चाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
भर्ना मिति		बच्चाको भर्ना मिति (ग म सा) यस महलमा लेख्नुपर्दछ ।
भर्ना किसिम		बच्चाका अभिभावकलाई सोध्दै भर्नाको किसिम (आफै, प्रेषण) अनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
बुबा, आमा, जुम्ल्याहा		बच्चाका बुबा, आमा, जुम्ल्याहा भाइ/बहिनी भए/नभएको यकिन गरी सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
पुनः रोगी भर्ना		बच्चापुनः रोगी भई (२ महिनाभित्र) भर्ना भएमा सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
नापतौलको चार्ट	मिति	प्रत्येक मितिमा (ग म सा), बच्चाको उचाइ/लम्बाइ (से. मि.) र तौल (के.जी.) नापी सोही अनुसारका महलहरूमा लेख्नुपर्दछ । साथै उचाइ अनुसारको तौल (z-score) z-score टेबलको सहायताले यस महलमा लेख्नुपर्दछ ।
	उचाइ/लम्बाइ (से.मि.)	
	तौल (के.जी.)	
	उचाइअनुसारको तौल (z-score)	
	एम्.यु.ए.सी. (मि.मि.)	बच्चाको पाखुराको नाप सकिरटेप (एम्. यु. ए. सी. टेप) ले नापी यस महलमा मि.मि. मा लेख्नुपर्दछ ।
	दुवै खुट्टा सुन्निएका (० देखि +++)	सेवाग्राही बच्चा पोषणजन्य कारणले सुन्निएको छ/छैन भनी परीक्षणका लागि बच्चाका दुवै खुट्टा, हात, अनुहार जाँच गरी सुन्निएको नभएमा, ० वा सुन्निएको भए सोहीअनुसारं /+ , ++ वा +++ यस महलमा लेख्नुपर्दछ ।
तौल चार्ट		तौल चार्ट प्रत्येक खण्डले २० ग्राम तौल घटेको वा बढेको देखाउँछ । बच्चा सुन्निएको केसमा प्रारम्भिक बेलामा तौल घट्नु स्वभाविक हो । त्यसकारण ग्राफ सुरु गर्दा अन्तिमबाट सुरु गर्नु हुँदैन । बच्चाको माथि लिइएको दैनिक तौलअनुसार ग्राफको X-axis मा तौल उल्लेख गर्दै ग्राफ भर्नुपर्दछ ।
मिति		बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेपछिको प्रत्येक दिनको मिति यस महलमा लेख्नुपर्दछ ।
खाना(F७५/F१००/RUTF)		बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेको प्रकार अनुसार (F७५/F१००/RUTF) यस महलमा लेख्नुपर्दछ ।
मात्रा प्रतिदिन (मिलि वा प्याकेट)		बच्चालाई उपचारात्मक दुध वा खाना दिएको प्रकार अनुसार (F७५/F१००/RUTF), F७५/F१०० भए मिलिमा र RUTF भए प्याकेटमा यस महलमा लेख्नुपर्दछ ।
खानाको पटक प्रतिदिन		प्रत्येक दिन खुवाउने खाना (F७५/F१००/RUTF) को पटक यस महलमा लेख्नुपर्दछ ।
प्रति खानाको मात्रा (दूधमात्र)		बच्चालाई F७५/F१०० दूध मात्र खान दिएको भएमा प्रति खानाको मात्रा मिलिमा यस महलमा लेख्नुपर्दछ ।
थप आइरन		बच्चालाई थप आइरन दिएको भएमा सोको मात्रा यस महलमा लेख्नुपर्दछ ।
उपचारात्मक खाना		प्रत्येक मितिको महल (Column) मा समय र खानाको महललाई ३ वटा खाली महलहरू (Row) दिइएका छन् । त्यस्ता समय र खानाको महल (Row) प्रत्येक

	मितिमा जम्मा १० वटा छन् । प्रत्येक पल्ट खाना दिंदा मितिअनुसार खाना दिएको समय (२४ घण्टा अनुसार) र प्रकार (F७५/F१००/RUTF) उल्लेख गर्दै मात्रा लिएर खाएअनुसार महलहरू (Row) भर्नुपर्दछ । जस्तैः पूरै मात्रा लिएर खाएमा ४ वटा X चिन्ह, ३/४ मात्रा लिएर खाएमा ३ वटा कोठामा X चिन्ह, १/२ मात्रा लिएर खाएमा २ वटा कोठामा X चिन्ह र १/४ मात्रा लिएर खाएमा १ वटा कोठामा x चिन्ह लगाउनुपर्दछ । बच्चालाई खुवाउँदा बच्चा अनुपस्थित /Absent भएमा A, बान्ता / Vomit गरेमा V, खान नमाने /Refuse मा R र ट्युब लगाएको भएमा NG र IV दिएमा IV लेख्दै महलहरू (Row) मा भर्नुपर्दछ । अन्य केही भएमा कैफियतमा लेख्नुपर्दछ ।
सर्वेक्षण तालिका	प्रत्येक मितिमा मिति (ग म सा) उल्लेख गर्दै बच्चाको दैनिक दिसाको पटक, बान्ताको पटक, जलवियोजन, खोकी, सेप्टिकसक, श्वास—प्रश्वास दर, Pulse rate, रक्तअल्पता, तापक्रम (बिहान, साँझ), र छाला सम्बन्धी रोग भएमा प्रोटोकलअनुसार सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
नियमित औषधी	बच्चालाई भर्ना भएको पहिलो दिन भिटामिन ए र फोलिक एसिड दिइँदैन । बच्चालाई भिटामिन ए (मात्रा) र फोलिक एसिड दिएपछि मिति अनुसार सम्बन्धित महलहरूमा (ठीक) चिन्ह लेख्नुपर्दछ । साथै दिइएका एन्टिबायोटिकहरूको नामउल्लेख गर्दै दिएको समय सम्बन्धित महलहरूमा लेख्नुपर्दछ । त्यस्तै गरी जुका नियन्त्रण (पुनर्स्थापना काल) का औषधीहरू दिएमा सोको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
विशेष औषधी	विशेष औषधी विशेष केही एन्टिबायोटिक दिएमा सोको नाम उल्लेख गर्दै दिएको समय सम्बन्धित महलहरूमा लेख्नुपर्दछ । रिसोमोल दिएमा सोको मात्रा मि लि मा सोही अनुसारका महलहरूमा लेख्नुपर्दछ । IV र रगत, NG लगाएमा सोको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
परीक्षणको नतिजा	Hb र PCV, मलेरिया, ग्लुकोज र क्षयरोग परीक्षणको नतिजा सोही अनुसारका महलहरूमा लेख्नुपर्दछ ।
अवलोकन	अन्य केही अवलोकन भएमा यस महलमा लेख्नुपर्दछ ।
खोप	बच्चाको कार्ड भए, नभएको हेरी सोहीअनुसारका महलहरूमा चिन्ह लगाउनुपर्दछ ।
डिस्चार्ज	डिस्चार्ज पश्चात् डिस्चार्ज मिति (ग म सा) र हस्ताक्षर सोही अनुसारको महलहरूमा लेख्नुपर्दछ । साथै स्वास्थ्य शिक्षा दिएको मिति (गते, महिना, साल) र हस्ताक्षर, भिटामिन ए दिए, नदिएको, खोपको मात्रा पुगे, नपुगेको र डिस्चार्जको बेलामा स्तनपान गरिरहेको छ, छैन यकिन गरी सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।

HMIS २.८: पोषण पुनर्स्थापनागृह रजिष्टर (NRH Register)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम बाहेक पोषण पुनर्स्थापना गृहबाट समेत शीघ्र कुपोषणको उपचार सेवा प्रदानगरिन्छ । यसरी पोषण पुनर्स्थापना गृहबाट प्रदान गरिने सेवाको अभिलेख राख्न पोषण पुनर्स्थापना गृह रजिष्टरको प्रयोग गरिन्छ ।

रजिष्टरको नमूना

HMIS 2.8

नाम र थर	जाती कोड	उमेर (महिनामा) महिला	उमेर (महिनामा) पुरूष	ठेगाना प्रदेश	ठेगाना जिल्ला	ठेगाना वडा नं	ठेगाना गाँउ/टोल	सम्पर्क नं.	अभिभावक/ हेरचाह गर्नेको नाम र थर	जम्मा परिवार संख्या

सेवा दर्ता नं.	भर्ना मिति (ग.म.सा.)	भर्नाको किसिम (गोलो लगाउने) कडा	भर्नाको किसिम (गोलो लगाउने) मध्यम	आफै	प्रेषण अन्तरंग	प्रेषण म.स्वा.स्व.से	प्रेषण स्वास्थ्य संस्था	प्रेषण बहिरङ्ग		बुवा	आमा	जुम्ल्याहा	पुनःरोगी भर्ना
	गा म सा								भएको	१	२	३	४
									नभएको	१	२	३	४

		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
नाप तौलको चार्ट	मिति																												
	उचाई/लम्बाइ (से.मी.)																												
	तौल (के.जी.)																												
	उचाईको आधारमा तौल (z- score)																												
	एम.यु.ए.सी. (मि.मि.)																												
	दुवै खुट्टा सुन्निएका (० देखि +++)																												

प्रत्येक साप्ताहले २० ग्राम तौल घटेको वा बढेको देखाउछ। बच्चा सुधिएको कैसम्म प्रारम्भिक बेलामा तौल घट्दु स्वभाविक हो। त्यस कारण ग्राफ झुक गर्दा अत्तिनबर झुक मार्नु।

तौल चार्ट

परिमार्जित: आ.ब. २०७८/७९ छपाइ: आ.ब. २०७८/७९

HMIS 2.8

मिति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
खाना (F75/F100/RUTF)																												
मात्रा प्रति दिन (मिलि वा पाकेट)																												
खानाको पटक प्रति दिन																												
प्रति खानको मात्रा (दुध मात्र)																												
थप खाना																												

उपचारात्मक खाना

A= अनुपस्थित	समय																												
V=वान्ता	खाना																												
R= नमानेको	समय																												
NG= ट्युव लगाएको	खाना																												
IV= IV फ्लूड	समय																												
मात्रा लिइएको	खाना																												
	समय																												
१०० % x x	खाना																												
x x	समय																												
३/४ x x	खाना																												
x	समय																												
१/२ x	खाना																												
x	समय																												
१/४ x	खाना																												
	समय																												
	खाना																												
	समय																												
	खाना																												

सम्झिना चार्ट

मिति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
दिसा/ पटक																												
वान्ता/पटक																												
जलाविर्योजन																												
खोकी																												
Septic Shock																												
श्वासप्रश्वास दर																												
रक्तअल्पता																												
तापक्रम विहान																												
तापक्रम सोझ																												
दुतो																												

डिस्चार्ज मिति	निको भएर		LAMA		अन्य औषधि दिएको	छ	छैन	डिस्चार्जको बेलामा स्तनपान	छ	छैन	हस्ताक्षर
	प्रेषण		मृत्यु		खोपको मात्रा पुगेको	छ	छैन				

परिमार्जित: आ.ब. २०७८/७९ छपाइ: आ.ब. २०७८/७९

रजिष्टर भर्ने तरिका

शीर्षक		निर्देशन
नाम र थर		सेवा लिन आएको बच्चाको पूरा नाम, थर यस महलमा उल्लेख गर्नुपर्दछ ।
जाति कोड		सेवा लिने बच्चाको थर रजिष्टरमा उल्लेख भएअनुसार जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ, जस्तैः ०१, ०२,...,०६ ।
उमेर (महिनामा)		सेवा लिने बच्चाको उमेर पूरा भएको महिनामा "महिला" भए महिलामा र "पुरुष" भए पुरुषमा उल्लेख गर्नुपर्दछ ।
ठेगाना		जिल्ला, नगर/गाउँपालिकाः हाल धेरैजसो बसोबास गरिरहेको अथवा अक्सर बसोबास गरिरहेको जिल्ला, नगर र गाउँपालिका, वडा नं. र गाउँ र टोल समेत यी महलहरूमा लेख्नुपर्दछ । हाल धेरैजसो बसोबास गरिरहेको भन्नाले कम्तीमा ६ महिनादेखि बसिरहेको वा त्यहींबसोबास गर्ने मनसायले बसिरहेको भन्ने बुझ्नुपर्दछ ।
सम्पर्क नं.		बच्चाका अभिभावकको सम्पर्क नं. यस महलमा लेख्नुपर्दछ ।
अभिभावक/हेरचाह गर्नेको नाम र थर		बच्चाको अभिभावक (जस्तैः आमा, बुबा, हजुरआमा, हजुरबुवा आदि) को नाम र थर यस महलमा लेख्नुपर्दछ ।
जम्मा परिवार सङ्ख्या		बच्चाको घरमा रहेको जम्मा परिवार सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
सेवादर्ता नं.		बच्चाको सेवादर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
भर्ना मिति		बच्चाको भर्ना मिति (ग/म/सा) यस महलमा लेख्नुपर्दछ ।
भर्ना किसिम		बच्चाका अभिभावकलाई सोध्दै भर्नाको किसिम (आफै, प्रेषण) अनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
बुबा, आमा, जुम्ल्याहा		बच्चाका बुबा, आमा, जुम्ल्याहा भाइ/बहिनी भए/नभएको यकिन गरी सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
पुनः रोगी भर्ना		बच्चा पुनः रोगी भई (२ महिनाभित्र) भर्ना भएमा सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
नापतौलको चार्ट	मिति	प्रत्येक मितिमा (ग म सा), बच्चाको उचाइ/लम्बाइ (से. मि.) र तौल (के.जी.) नापी सोही अनुसारका महलहरूमा लेख्नुपर्दछ । साथै उचाइ अनुसारको तौल (z- score) z-score टेबलको सहायताले यस महलमा लेख्नुपर्दछ ।
	उचाइ/लम्बाइ (से.मि.)	
	तौल (के.जी.)	
	उचाइअनुसारको तौल (z-score)	
	एम्.यु.ए.सी. (मि.मि.)	बच्चाको पाखुराको मध्यभागको परिधिको नाप एम्. यु. ए. सी. टेपले नापी यस महलमा मि.मि. मा लेख्नुपर्दछ ।
	दुवै खुट्टा सुन्निएका (० देखि +++)	सेवाग्राही बच्चा पोषणजन्य कारणले सुन्निएको छ/छैन भनी परीक्षणका लागि बच्चा कादुवै खुट्टा, हात, अनुहार जाँच गरी सुन्निएको नभएमा, ० वा सुन्निएको भए सोहीअनुसार + , ++ वां +++ यस महलमा लेख्नुपर्दछ ।
तौल चार्ट		तौल चार्टको प्रत्येक खण्डले २० ग्रामतौल घटेको वा बढेको देखाउँछ । बच्चा सुन्निएको केसमा प्रारम्भिक बेलामा तौल घट्नु स्वभाविकहो । त्यसकारण ग्राफ सुरु गर्दा अन्तिमबाट सुरु गर्नु हुँदैन । बच्चाको माथि लिइएको दैनिक तौलअनुसार ग्राफको X-axis मा तौल उल्लेख गर्दै ग्राफ भर्नुपर्दछ ।

मिति	बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेपछिको प्रत्येक दिनको मिति यस महलमा लेख्नुपर्दछ ।
खाना(F७५/F१००/RUTF)	बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेको प्रकार अनुसार (F७५/F१००/RUTF) यस महलमा लेख्नुपर्दछ ।
मात्रा प्रतिदिन (मिलि वा प्याकेट)	बच्चालाई उपचारात्मक दुध वा खानादिएको प्रकार अनुसार (F७५/F१००/RUTF), F७५/F१०० भए मिलिमा र RUTF भए प्याकेटमा यस महलमा लेख्नुपर्दछ ।
खानाको पटक प्रतिदिन	प्रत्येकदिन खुवाउने खाना (F७५/F१००/RUTF) को पटक यस महलमा लेख्नुपर्दछ ।
प्रतिखानाको मात्रा (दूधमात्र)	बच्चालाई F७५/F१०० दूध मात्र खानदिएको भएमा प्रतिखानाको मात्रा मिलिमा यस महलमा लेख्नुपर्दछ ।
थपखाना	RUTF/ F७५/F१०० बाहेकका अन्य खाना खुवाइएमा यस महलमा √ चिन्ह लगाउनु पर्दछ ।
उपचारात्मक खाना	प्रत्येक मितिको महल (Column) मा समय र खानाको महललाई ३ वटा खाली महलहरू (Row) दिइएका छन् । त्यस्ता समय र खानाको महल (Row) प्रत्येक मितिमा जम्मा १० वटा छन् । प्रत्येक पल्ट खाना दिंदा मितिअनुसार खाना दिएको समय (२४ घण्टा अनुसार) र प्रकार (F७५/F१००/RUTF/थपखाना) उल्लेख गर्दै मात्रा लिएर खाएअनुसार महलहरू (Row) भर्नुपर्दछ । जस्तैः पूरै मात्रा लिएर खाएमा ४ वटा X चिन्ह, ३/४ मात्रा लिएर खाएमा ३ वटा कोठामा X चिन्ह, १/२ मात्रा लिएर खाएमा २ वटा कोठामा X चिन्ह र १/४ मात्रा लिएर खाएमा १ वटा कोठामा X चिन्ह लगाउनुपर्दछ । बच्चालाई खुवाउँदा बच्चा अनुपस्थित/ Absent भएमा A, बान्ता / Vomit गरेमा V, खान नमाने / Refuse मा R र ट्युब लगाएको भएमा NG र IV दिएमा IV लेख्दै महलहरू (Row) मा भर्नुपर्दछ । अन्य केही भएमा कैफियतमा लेख्नुपर्दछ ।
सर्वेक्षण तालिका	प्रत्येक मितिमा मिति (ग म सा) उल्लेख गर्दै बच्चाको दैनिक दिसाको पटक, बान्ताको पटक, जलवियोजन, खोकी, सेप्टिकसक, श्वासप्रश्वास दर, Pulse rate, रक्तअल्पता, तापक्रम (बिहान, साँझ), र छाला सम्बन्धी रोग भएमा प्रोटोकलअनुसार सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
अवलोकन	अन्य केही अवलोकन भएमा यस महलमा लेख्नुपर्दछ ।
	बच्चाको कार्ड भए, नभएको हेरी सोहीअनुसारका महलहरूमा चिन्ह लगाउनुपर्दछ । डिस्चार्जपश्चात् डिस्चार्ज मिति (ग म सा) र हस्ताक्षर सोहीअनुसारको महलहरूमा लेख्नुपर्दछ । डिस्चार्जको बेलामा स्तनपान गरिरहेको छ, छैन यकिन गरी सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।

३.परिवार कल्याण

HMIS ३.१: परिवार नियोजन सेवा कार्ड

HMIS ३.२: परिवारनियोजनकोअस्थायी साधन (पिल्स, आकस्मिक चक्की, डिपो, सायना प्रेस) सेवा रजिष्टर

HMIS ३.३: परिवारनियोजनकोअस्थायी साधन (आइ.यु.सी.डी/इम्प्लाण्ट) सेवा रजिष्टर

HMIS ३.४: परिवारनियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर

HMIS ३.५: मातृ तथा नवाशिशु स्वास्थ्य कार्ड

HMIS ३.६: मातृतथा नवाशिशु स्वास्थ्य सेवा रजिष्टर

HMIS ३.७: सुरक्षित गर्भपतन रजिष्टर

HMIS ३.७a: औषधीद्वारा गरिने गर्भपतनको सेवाग्राहीकार्ड

HMIS ३.७b: MVA द्वारा गरिने गर्भपतनको सेवाग्राहीकार्ड

HMIS ३.७c: दोस्रो त्रैमासिकको गर्भपतनको सेवाग्राहीकार्ड

HMIS ३.७d: PAC सेवाको सेवाग्राहीकार्ड

HMIS ३.८: प्रजनन् स्वास्थ्य रुग्णता सेवा रजिष्टर

HMIS ३.१: परिवार नियोजन सेवा कार्ड (Face Sheet)

परिवार नियोजन सेवा अपनाउने सेवाग्राहीहरूको व्यक्तिगत विवरणको अभिलेख राख्न यस कार्डको प्रयोग गरिन्छ । परिवार नियोजन सेवा प्रदान गर्दा भरिएको परिवार नियोजन सेवा कार्ड (फेस सिट) को पहिलो प्रति (पहेंलो रङको) मासिक प्रतिवेदनसँगै सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखामा पठाउनुपर्दछ । कार्डको दोस्रो प्रति (सेतो) सेवा दिने संस्थामा वडा अनुसार फाईलिङ्ग गरी व्यवस्थित गरी राख्नु पर्दछ र प्रत्येक पटक सेवाग्राही अनुगमनका लागि वा सेवाको निरन्तरताका क्रममा आउदा अध्यावधिक गरी राख्नुपर्दछ । यसै कार्डबाट सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाले परिवार नियोजन साधन प्रयोगकर्ताको व्यक्तिगत विवरणका साथै सेवा प्रदायकको प्रोत्साहन रकम प्रदान गर्न र अन्य विविध पक्षको विश्लेषण गर्न सक्दछ ।

नोटः सेवाग्राहीले परिवार नियोजनका कुनै पनि साधन पहिलो पटक सुरु गर्दा र लिइरहेको प. नि. साधनका बीचमा १ वर्षभन्दा बढी समयसम्म छोडी पुनः सोही सेवा लिन आउँदा र सेवाको परिवर्तन गर्दा समेत यो कार्ड अनिवार्य रूपमा भर्नुपर्दछ । सेवाग्राहीहरूको विस्तृत विवरणको विश्लेषणका लागि सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखालाई यस कार्डको आवश्यकता पर्ने भएकोले परिवार नियोजन सेवा प्रदानका क्रममा भरिएका फेस सिटहरूको पहिलो प्रति अनिवार्य रूपमा मासिक प्रतिवेदनसँगै सम्बन्धित स्थानीयतहको स्वास्थ्य शाखामा पठाउनु पर्दछ ।
सेवाग्राहीलाई सेवा दिनुभन्दा पहिले निजको चिकित्सा सम्बन्धी विवरण जाँच परीक्षण गरी अद्यावधिक गरेपछि मात्र सम्बन्धित साधन उपलब्ध गराउन मिल्ने वा नमिल्ने निर्क्यौल गरी सेवाग्राहीको व्यक्तिगत विवरणहरू भर्नुपर्दछ ।

कार्डको नमुनाः

HMIS 3.1 Face Sheet

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

परिवार नियोजन सेवा कार्ड

दर्ता नम्बरः				दर्ता मिति	गते	महिना	साल
स्वास्थ्य संस्थाको नाम				जिल्ला			
सेवा लिने व्यक्तिको ठेगाना	जिल्ला		नगर/गाउँपालिका		वडा नं.	
विवरण	नाम र थर		जाती कोड	उमेर	शिक्षा	पेशा
सेवाग्राहीको						
पति/पत्नीको (ऐच्छिक)						

हाल सम्मको जन्म सम्बन्धी बिबरण

जीवित जन्म संख्या	हाल जीवित बच्चाहरुको उमेर (कम देखि बढी उमेरसम्म क्रमशः उल्लेख गर्ने)	कैफियत	आखिरी रजस्वला भएको मिति		
			गते	महिना	साल
छोरीहरु					
छोराहरु					

विगतमा परिवार नियोजन साधनको प्रयोग (√)

पिल्स		डिपोप्रोभेरा		आइ.यु.सी.डी		इम्प्लान्ट		सायना प्रेस		अन्य		नगरेको	

पहिले प्रयोग गरेको साधन छोड्नुको कारण (√)

बच्चा जन्माउन		शारीरिक समस्या भएर		आवश्यक नभएर		अन्य (खुलाउने)	

चिकित्सा सम्बन्धी विवरण (हर्मोनल साधन लिने सेवाग्राहीका लागि) गोलो घेरा लगाउनुहोस् ।

१. खुट्टा सुन्निने र छिटो छिटो सास चल्ने रोग	छ	छैन	६. कमलपित रोग लागेको	छ	छैन
२. गर्भावस्थामा खुट्टा सुन्निने र दुखे रोग लागेको	थियो	थिएन	७. चिनीको रोग भएको	छ	छैन
३. रजस्वला मासिक रूपमा	हुन्छ	हुँदैन	८. बेस्करी टाउको दुखे	छ	छैन
४. दुई रजस्वला बीच रक्तश्राव	हुन्छ	हुँदैन	९. स्तनमा गाँठा गुठी	छ	छैन
५. रजस्वला अवधिमा रक्तश्रावको परिमाण	थोरै	धेरै	सामान्य		

चिकित्सा सम्बन्धी विवरण (आई.यू.सी.डी.का लागि) गोलो घेरा लगाउनुहोस् ।

१. तल्लो पेट दुखे समस्याः	छ	छैन
२. गन्हाउने पानी बग्ने समस्याः	छ	छैन
३. तीन महिना यता पाठेघर सम्बन्धी संक्रमणको उपचार गरेको	छ	छैन

आकस्मिक गर्भ निरोधको लागि प्रयोग गर्न लागेको भए निम्न विवरण भर्नुहोस्:

१. असुरक्षित यौन सम्पर्क भएको मिति (गते/महिना/साल)	ग	म	सा	
२. अब प्रयोग गर्न चाहेको साधनः				

हाल प्रयोग गर्न लागेको साधन

साधनको नाम	सुरु गरेको मिति			सेवा प्रदान गर्नेको नाम र थर	दस्तखत	कैफियत
	ग	म	सा			

अनुगमन, परीक्षण, उपचार र सल्लाह

सेवा लिएको मिति			शिकायत/ निदान	उपचार/ सल्लाह/ सुझाव	फर्कर आउने मिति		
ग	म	सा			ग	म	सा

अनुगमन, परीक्षण, उपचार र सल्लाह

सेवा लिएको मिति			शिकायत/ निदान	उपचार/ सल्लाह/ सुझाव	फर्कर आउने मिति		
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा
ग	म	सा			ग	म	सा

परिमार्जित: आ.ब २०७८/७९

छपाई: आ.ब. २०७८/७९

कार्ड भर्ने तरिका :

शीर्षक	निर्देशन
दर्ता नम्बर	परिवार नियोजनको साधन प्रयोग गर्दा सेवा रजिष्टरमा दर्ता गरेको सेवा दर्ता नम्बर लेख्नुपर्दछ ।
दर्ता मिति	दर्ता गरेको दिनको मिति (ग/म/सा) लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नामः	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
जिल्ला	स्वास्थ्य संस्था अवस्थित रहेको जिल्लाको नाम लेख्नुपर्दछ ।
सेवाग्राहीको ठेगाना	सेवा लिने व्यक्तिको पूरा ठेगाना (जिल्ला, गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. र वडा नं.) लेख्नुपर्दछ ।
सेवाग्राहीको विवरण	सेवा लिने व्यक्तिको नाम, थर, उमेर, शैक्षिक योग्यता र पेसाको विवरण सम्बन्धित महलमा लेख्नुपर्दछ ।
पति पत्नीको विवरण	सेवा लिने व्यक्तिको पति/पत्नीको नाम, थर, उमेर, शैक्षिक योग्यता र पेसाको विवरण सम्बन्धित महलमा लेख्नुपर्दछ । महिलाले पतिको नाम भन्न नचाहेमा (') चिन्ह दिनुपर्दछ ।
हालसम्मको जन्म सम्बन्धी विवरण	परिवार नियोजन सेवा लिन आएका सेवाग्राहीको हालसम्म जीवित जन्मेका छोरी र छोराहरूको सङ्ख्या लेखि हाल जीवित रहेका बच्चाहरूको उमेर (कम उमेरदेखि बढी उमेरसम्म क्रमशः) पूरा गरेको वर्षमा लेख्नुपर्दछ । अन्य केही भए कैफियत महलमा लेख्नुपर्दछ ।
विगतमा परिवार नियोजन साधनको प्रयोग	विगतमा प. नि. साधन (पिल्स/डिपो/सायना प्रेस/आईयुसीडी/इम्प्लान्ट कुनै साधन) प्रयोग गरेको भए सम्बन्धित कोठामा (√) चिन्ह लगाउने र सोबाहेक अन्य साधन प्रयोग गरेको भए अन्यको महलमा प्रयोग गरेको साधनको नाम लेख्नुपर्दछ । विगतमा कुनै पनि साधन प्रयोग नगरेको भए "नगरेको" कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।
पहिले प्रयोग गरेको साधन छोड्नुको कारण	अहिले प्रयोग गर्न लागेको साधनभन्दा पहिले यदि सेवाग्राहीले परिवार नियोजनका अन्य साधन प्रयोग गरेको भए के कारणले पहिले लिएको साधन प्रयोग गर्न छाडेको हो, सम्बन्धित कोठामा (√) चिन्ह लगाउने र साथै उल्लिखित भन्दा फरक कारणहरू भए अन्यको महलमा साधन छोड्नुको कारण लेख्नुपर्दछ ।
चिकित्सा सम्बन्धी विवरण (हर्मोनल साधनलिने सेवाग्राहीका लागि)	चिकित्सासम्बन्धी विवरणको प्रत्येक नम्बरको समस्या (रोग) बारे सोधेर, हेरेर वा परीक्षण गरेर सेवाग्राहीलाई उक्त समस्या भए/नभएको निश्चित गरी सोहीअनुसार सम्बन्धित महलमा घेरा लगाउनुपर्दछ ।
चिकित्सा सम्बन्धी विवरण (आईयुसीडी) साधन लिने सेवाग्राहीका लागि)	चिकित्सा सम्बन्धी प्रत्येक नम्बरको समस्या (रोग) बारे सोधेर वा परीक्षण गरेर भएको वा नभएको सोहीमा घेरा लगाउनुपर्दछ ।
हाल प्रयोग गर्न लागेको साधन	सेवाग्राहीले अहिले परिवार नियोजनको कुन साधन लिन लागेको हो (पिल्स, डिपो,सायना प्रेस, आईयुसीडी, इम्प्लान्ट, मिनिल्याप, भ्यासेक्टोमी, आकस्मिक गर्भनिरोध चक्की भए) सो साधनको नाम सम्बन्धित महलमा लेखि सो साधन सुरु गरेको मिति (ग/म/सा) उल्लेख गर्नुपर्दछ । साथै सेवा प्रदान गर्ने सेवा प्रदायकको नाम, थर सम्बन्धित महलमा लेखि अनिवार्य रूपमा सेवा प्रदायकको दस्तखत गर्नुपर्दछ । अन्य केही खुलाउनुपर्ने भएमा कैफियत महलमा उल्लेख गर्नुपर्दछ ।

अनुगमन, परीक्षण, उपचार र सल्लाह	परिवार नियोजनको सेवा लिइरहेका सेवाग्राहीहरू एउटै साधनका लागि पटक–पटक सेवा लिन आउने हुँदा स्वास्थ्य संस्थामा रहने परिवार नियोजन सेवा कार्डको पछाडीको भागमा अनुगमनको विवरण अद्यावधिक गर्नुपर्दछ ।
मिति	प्रत्येक पटक दोहो¥याएर सोही साधन लिनआएका सेवाग्राहीहरू सम्पर्क गर्न आएको मिति लेख्नुपर्दछ ।
सिकायत/निदान	प.नि. सेवा लिएको व्यक्तिको कुनै समस्या वा सिकायत भए सोको विवरण यस महलमा लेख्नुपर्दछ । प. नि. सेवाका लागि फेस सिट कार्ड प्रयोग गरिएको अवस्थामा निदान विवरणमा रक्तचाप र तौल अनिवार्य राख्नुपर्दछ ।
उपचार/सल्लाह/सुझाव	सेवा प्रदान गर्दा सेवाग्राहीहरूलाई दिइएको उपचार, परिमाण (पिल्स साइकल, डिपो मात्रा आदि) र दिईएको परामर्श खुल्ने गरी लेख्नुपर्दछ ।
फर्केर आउने मिति	सेवा लिने व्यक्ति पुनः सेवाका लागि कहिले आउनुपर्ने हो, सो मिति स्पष्ट उल्लेख गर्नुपर्दछ र स्वास्थ्य सेवा कार्डमा समेत उल्लेख गर्नुपर्दछ ।

HMIS ३.२: परिवार नियोजनको अस्थायी साधन (पिल्स, तथा गर्भ निरोधक सुइ) सेवा रजिष्टर (Pills and Injectable Service Register)

परिवार नियोजनका अस्थायी साधनको प्रयोगकर्ताले अपनाएको साधन, अपनाएको अवधि, साधन प्रयोग गर्न छोडेको अभिलेख राखी कुनै पनि समयमा नयाँ तथा लगातार प्रयोगकर्ताको संख्या र अन्य विवरणको अभिलेख राख्ने प्रयोजनका लागि यस रजिष्टरको प्रयोग गरिन्छ। सेवाग्राहीलाई एक पटक यस रजिष्टरमा दर्ता गरेपछि ३ बर्षसम्मका लागि उक्त सेवाग्राहीको परिवार नियोजन सेवा सम्बन्धी विवरण अभिलेख गर्न सकिन्छ ।

नोटः परिवार नियोजनको अस्थायी साधन (पिल्स, आकस्मिक चक्की, डिपो वा सायना प्रेस) प्रयोग गर्ने सेवाग्राहीको अभिलेख यस राजिष्टरमा राखी सेवा प्रदान गर्नुपर्दछ। प्रत्येक साधनका लागि सेवाग्राहीको संख्या अनुसार छुट्टाछुट्टै पाना प्रयोग गर्नुपर्दछ। जुन प्रयोजनका लागि ती छुट्याइएका पानाहरू प्रयोग भएका हुन्, त्यो पिल्स, डिपो वा सायना प्रेस कुन हो, पानाको शिरमा दिईएका विकल्पहरूमा √ चिन्ह लगाउनुपर्दछ। आकस्मिक चक्की प्रयोग गर्ने सेवाग्राहीहरूका लागि रजिष्टरमा छुट्टै पाना राखिएको छ । अन्य नगर/गाउँपालिका/वडाका सेवाग्राहीहरूका लागि छुट्टै पाना प्रयोग गरी अभिलेख राख्नुपर्दछ। सम्बन्धित संस्थाको कायम रहेको कार्यक्षेत्र भन्दा बाहिरका सेवाग्राहीहरूको संख्या अधिक हुने स्वास्थ्य संस्थाले अन्य स्थानबाट आउने सेवाग्राहीहरूको लागि मात्र छुट्टै रजिष्टर प्रयोग गर्न सक्नेछ। यो रजिष्टर स्वास्थ्य संस्थामा राखिन्छ । गाउँघर क्लिनिकमा दिईएको परिवार नियोजन (पिल्स, आकस्मिक चक्की, डिपो, सायना प्रेस) को सेवाको विवरण गाउँघर क्लिनिक सकिएपछि संस्थामा रहेको यस रजिष्टरमा अद्यावधिक गर्नुपर्दछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले वितरण गरेको पिल्सको विवरण प्रत्येक महिनाको म.स्वा.स्व.से को प्रतिवेदन सङ्कलन गर्ने समयमा कस-कसलाई वितरण गरेको हो सो को नामावली सहितको विवरण सङ्कलन गरी यस रजिष्टरको सम्बन्धित महलमा अनिवार्य रुपमा अद्यावधिक गरी सेवाको निरन्तरता जनाउनुपर्दछ।

रजिष्टरको नमुनाः


HMIS 3.2

परिवार नियोजनको अस्थायी साधन

पिल्स		डिपो		सायना प्रेस		प्रजनन उमेरका महिला संख्याः	

मुल दर्ता नं.	सेवा दर्ता नम्बर	मिति			प्रयोगकर्ता किसिम		सेवाग्राहीको		जाति कोड	गाउँ टोल	सम्पर्क नं.	उमेर (वर्ष)		पतिको नाम थर (ऐच्छिक)	साधन प्रयोग गर्दाको अवस्था	
		ग	म	सा	नयाँ	पुरानो	नाम	थर				<२०	≥२०		सुत्केरी भएको ४८ घण्टा देखी १ वर्ष भित्र	अन्य
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
															१	२
जम्मा														नयाँ प्रयोगकर्ता		
														हात अपनाईरहेका		
														Discontinued		
														साधन खर्च (साइकल/डोज)		

परिमार्जित आ.ब. २०७८/७९ छपाइ आ.ब. २०७८/७९



(पिल्स, तथा गर्भनिरोधक सुइ) सेवा रजिष्टर

HMIS 3.2

आ. ब. २०... /...												आ. ब. २०... /...												आ. ब. २०... /...											
क्र.सं.	घर	पत्नी	पति	मिति	उ.	ना.	छो.	ने.	डिपो	से.	जो.	क्र.सं.	घर	पत्नी	पति	मिति	उ.	ना.	छो.	ने.	डिपो	से.	जो.	क्र.सं.	घर	पत्नी	पति	मिति	उ.	ना.	छो.	ने.	डिपो	से.	जो.
४८	४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०	६१	६२	६३	६४	६५	६६	६७	६८	६९	७०	७१	७२	७३	७४	७५	७६	७७	७८	७९	८०	८१	८२	८३

परिमार्जित आ.ब. २०७८/७९ छपाइ आ.ब. २०७८/७९

आकस्मिक गर्भनिरोधक चक्की											
मुल दर्ता नं.	सेवा दर्ता नं	मिति			सेवाग्राहीको		जाती कोड	गाउँ टोल	उमेर (वर्ष)		डोज
		ग	म	सा	नाम	थर			<२०	≥२०	
१	२	३	४	५	६	७	८	९	१०	११	१२

रजिष्टर भर्ने तरिकाः

पिल्स/डिपो/सायना प्रेसः रजिष्टरको शिरमा कुन परिवार नियोजन सेवाको अभिलेख राख्न छुट्याइएको हो, सोही सेवाको दायाँपट्टिको खाली महलमा ठिक (√) चिन्ह लगाउनु पर्दछ ।

प्रजनन् उमेरका महिला संख्याः यस महलमा सम्बन्धित वडाको प्रजनन् उमेर (१५—४९ बर्ष) का महिला संख्या लेख्नुपर्दछ ।

महल नं.	महलशीर्षक		निर्देशन
१	मूलदर्ता नं.		मूलदर्ता रजिष्टरमा दर्ता गरि प्रदान गरिएको मूलदर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । यदि पहिलो पटक गाउँघर क्लिनिकबाट सेवा लिएको भए यस रजिष्टरमा अद्यावधिक गर्दा यस महलमा ORC को दर्ता नं. लेखि ORC लेख्नुपर्दछ ।
२	सेवादर्ता नम्बर		सेवाग्राहीलाई यस पिल्स/गर्भ निरोधक सुई सेवा रजिष्टरमा दर्ता गरिएको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । यस संस्थामा पहिलो पटक सेवा लिन आउने सेवाग्राहीलाई क्रमशः दर्ता गरी नयाँ दर्ता नम्बर दिइन्छ । पहिले यसै संस्थाबाट सेवालिई लामो समयसम्म सेवाबाट नियमित नभई पुनः सोही सेवा लिन आएमा उक्त सेवाग्राहीलाई हाल प्रयोगमा रहेको सेवा रजिष्टरमा दर्ता भएको भए सोही स्थानमा सेवाको विवरण चढाउनुपर्दछ र प्रयोगमा रहेको रजिष्टरमा दर्ता नदेखिएमा क्रमशः दर्ता गरी सेवादर्ता नम्बर प्रदान गर्नुपर्दछ ।
३—५	मिति		यस महलमा सेवाग्राहीलाई दर्ता गर्दाको दिनको मिति गते, महिना, सालमा लेख्नुपर्दछ।
६—७	प्रयोगकर्ता किसिम	नयाँ	नयाँ प्रयोगकर्ताहरूको क्रम सङ्ख्या हरेक महिनामा १ वाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ । एक जना महिला आफ्नो जीवन अवधि भरिमा एउटा साधनको लागि एक पटक मात्र नयाँ प्रयोगकर्ताको रुपमा गणना गर्नु पर्दछ।
		पुरानो	यदि सेवाग्राहीले पहिले लिएको सेवा बीचमा छोडी सोही सेवाको लागि आएमा वा पहिले लिएको सेवा निरन्तरताका लागि आएमा वा संस्था परिवर्तन गरी सोही सेवाको लागि आएको भए त्यस्ता सेवाग्राहीलाई नयाँ सेवा दर्ता नम्बर दिई पुराना सेवाग्राही मानी यस महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
८, ९	सेवाग्राहीको नाम थर		सेवाग्राहीको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।

महल नं.	महलशीर्षक		निर्देशन
१०	जाति कोड		यस महलमा सेवालिने व्यक्तिको जातजाति यकिन गरी रजिष्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । जस्तै ०१, ०२, ...०६ ।
११	ठेगाना (गाउँ/टोल)		सेवाग्राहीको गाउँ टोलको नाम उल्लेख गर्ने । अन्य गा.पा./न.पा./ उ.म.न.पा./म.न.पा. को सेवाग्राहीको हकमा जिल्ला, गा.पा./न.पा./ उ.म.न.पा./म.न.पा. समेत उल्लेख गर्नुपर्दछ ।
१२	सम्पर्क नम्बर		यस महलमा सेवाग्राही वा निजको नजिकको व्यक्तिको सम्पर्क फोन नम्बर लेख्नुपर्दछ ।
१३, १४	उमेर (<२०वर्ष, ≥२० बर्ष)		सेवाग्राहीको उमेर २० वर्षमुनि वा २० वर्ष वा सोभन्दा माथि जुन उमेर समूहमा पर्दछ, सोही महलमा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ । जस्तैः कुनै सेवाग्राही १९ वर्ष १० महिनाको भएमा उनको उमेर २० वर्षमुनिको महलमा १९ मात्र उल्लेख गर्ने ।
१५	पतिको नाम थर (ऐच्छिक)		यस महलमा सेवाग्राही महिलाको पतिको नाम लेख्नुपर्दछ । यदि महिलाले भन्न नचाहेमा (') चिन्ह दिनुपर्दछ ।
१६—१७	साधन प्रयोग गर्दाको अवस्था	सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म	साधन राख्दाको अवस्था सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म भएमा कोड १ र अन्य भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । नयाँ प्रयोगकर्तालाई मात्रै यस महलको विवरण सोधि सोही बमोजिम अध्यावधिक गर्नु पर्दछ ।
		अन्य	
आ. व. २०.../८..... पिल्स			सेवाग्राही पिल्स प्रयोगकर्ता भएमा सेवा लिन आएको महिनाको महलमा सेवाग्राहीलाई दिएको पिल्स साइकल र सेवा लिन आएको गते लेख्नुपर्दछ । लेख्दा पिल्सको साइकल सङ्ख्या लेखि त्यसपछि slash (/) गरी सेवा दिएको गते लेख्नुपर्दछ । दिइएको पिल्स साइकल जुन महिनासम्मका लागि पुग्दछ सो महिनासम्ममा (√) चिन्ह लगाई सेवा लिन आउनुपर्ने महिनामा डट (.) चिन्ह लगाउनुपर्दछ । जस्तैः कुनै सेवाग्राहीलाई श्रावण महिनाको १५ गते ३ साइकल पिल्स दिएको भए श्रावण महिनाको सम्बन्धित महलमा ३/१५ लेख्नुपर्दछ । दिइएको ३ साइकल पिल्स कार्तिक महिना १५ गतेसम्म पुग्दछ । त्यसैले भाद्र र आश्विन महिनाको महलमा (√) चिन्ह लगाउनुपर्दछ र कार्तिक महिनाको महलमा डट (.) चिन्ह लगाउनु पर्दछ । यदि सेवाग्राही महिला कार्तिक महिनाको अन्तसम्म सेवा लिन नआएमा सेवा नियमित नभएको जनाउन सोही महिनाको महलमा मात्र D लेख्नुपर्दछ । साथै सेवामा नियमित हुन नसकेको कारण पत्ता लगाउनु पर्दछ ।
आ. व. २०.../८..... डिपो र सायना प्रेस			सेवाग्राही डिपो र सायना प्रेस प्रयोगकर्ता भएमा सेवा लिन आएको महिनाको महलमा सेवा लिन आएको गते लेख्नुपर्दछ । दिइएको डिपो जुन महिनासम्मका लागि प्रभावकारी रहन्छ, सो महिनासम्म (√) चिन्ह लगाउनुपर्दछ र सेवा निरन्तरताको लागि पुनःआउनुपर्ने महिनामा डट चिन्ह लगाउनुपर्दछ । कुनै महिला असारको १५ गते डीपो सुई लिन आएमा असार महिनामा १५ लेखि श्रावण र भाद्र महिनाको महलमा (√) चिन्ह लगाउनु पर्दछ र असोज महिनाको सम्बन्धित कोठामा डट (.) लगाउनु पर्दछ । यदि सेवाग्राही महिला असोज महिनाको

महल नं.	महलशीर्षक	निर्देशन
		अन्तसम्म सेवा लिन नआएमा सेवा नियमित नभएको जनाउन सोही महिनाको महलमा मात्र D लेख्नुपर्दछ ।
जम्मा		पिल्स वा डिपो/सायना प्रेसका नयाँ प्रयोगकर्ता, हाल अपनाईरहेका प्रयोगकर्ता र सेवामा नियमित नभएकाको सङ्ख्या जम्मा भन्ने हरफमा लेख्नुपर्दछ । **यसमा रहेका विवरणहरु प्रत्येक पानाको जोड गरि सम्वन्धित महिनाको प्रतिवेदनमा उतार्नका लागि सहज हुनेछ ।**
नयाँ प्रयोगकर्ता		यस महिनामा पहिलो पटक यो साधन सुरु गरेका सेवाग्राहीहरूको सङ्ख्या प्रयोगकर्ताको किसिम नयाँ भन्ने महलको क्र. सं. अनुसार गणना गरी यस महलमा लेख्नुपर्दछ ।
हाल अपनाइरहेका		सम्बन्धित महिनाको महलमा गते लेखिएको (यस महिनामा दर्ता भएका नयाँ प्रयोगकर्ता) र सम्बन्धित महिनामा (√) चिन्ह लागेका (यस महिनामा साधन लिन आएका प्रयोगकर्ताहरू) संख्या जोड गरी यस महलमा जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
सेवा नियमित नभएका		सम्बन्धित महिनाको अन्तिम दिनसम्म सेवामा निरन्तरता नभई D उल्लेख भएका जम्मा संख्या यस महलमा लेख्नुपर्दछ ।
साधन खर्च (साइकल), (डोज)		सेवाग्राहीहरूलाई यस महिनामा वितरण गरेको पिल्स सङ्ख्या (साइकल) र लगाएको डिपो/सायना प्रेस (डोज) गणना गरी जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
साधन परिवर्तन अभिलेख		कुनै प्रयोगकर्ताले एउटा साधन प्रयोग गर्न छाडी अर्को साधन प्रयोग गर्न लागेमा प्रयोग गर्न छाडेको साधनका बाँकी कोठाहरूमा कुन साधन प्रयोग गर्न लागेको हो, सो साधनको नाम र निजले प्रयोग गर्न लागेको नयाँ साधनको दर्ता नम्बर जनाउनुका साथै सेवाग्राहीले हाल लिनलागेको साधनको सम्बन्धित पानामा नयाँ साधनको विवरण लेखि सम्बन्धित महिनाभन्दा पहिलेका महलमा प्रयोग गर्न छाडेको साधन र दर्ता नम्बर जनाउनुपर्दछ । प्रयोगकर्ताले हाल प्रयोग गर्न लागेको साधन पहिलो पटक प्रयोग गर्न लागेको भए नयाँ प्रयोगकर्ताको रूपमा अभिलेख राख्नुपर्दछ ।
स्थानान्तरण		यदि कुनै प्रयोगकर्ता अर्को कुनै स्वास्थ्य संस्थाबाट सोही साधन लिन चाहेमा प्रेषण/स्थानान्तरण पुर्जा (HMIS-१.४) सहित स्थानान्तरण गरी पठाउनुपर्दछ र रजिष्टरका बाँकी कोठाहरूमा स्थानान्तरण भई गएको संस्थाको नाम लेख्नुपर्दछ । अन्य स्वास्थ्य संस्थाहरुबाट प्रेषित भई आएका सेवाग्राहीलाई ***पुरानो प्रयोगकर्ता*** मानी सम्बन्धित सेवाको लागि छुट्टाइएको पानामा दर्ता गरी सेवा उपलब्ध गराउनुपर्दछ र साथै सम्बन्धित महिनाभन्दा पहिलेका महलमा कुन संस्थाबाट स्थानान्तरण भई आएको हो, सो संस्थाको नाम लेख्नुपर्दछ ।
आकस्मिक गर्भ निरोधक चक्की		
सामान्य विवरण		आकस्मिक गर्भनिरोधक चक्की सेवा लिन आएका सेवाग्राहीको महल नं १ देखि महल ११ सम्मको विवरण माथी उल्लेख भए अनुसार नै अभिलेख गर्नुपर्दछ ।
डोज		सेवाग्राहीलाई दिएको डोज संख्या यस मलमा लेख्नु पर्दछ । सेवाग्राहीलाई एक चक्की वा दुई चक्की जुन पनि दिएमा एक डोज भनेर बुझ्नुपर्दछ ।

HMIS ३.३: परिवार नियोजनको अस्थायी साधन (आइ.यु.सी.डी/इम्प्लाण्ट) सेवा रजिष्टर (IUCD/Implant Service Register)

स्वास्थ्य संस्थामा र घुम्ती शिविरमा IUCD/Implant राखेको र झिकेको विवरणको अभिलेख राख्न यस रजिष्टरको प्रयोग गरिन्छ । स्वास्थ्य संस्था र घुम्ती शिविरबाट परिवार नियोजनका साधन (आइयुसीडी/ इम्प्लान्ट) अपनाएको, उक्त साधन झिकेको र छाडेको अभिलेख राखी कुनै पनि समयमा लगातार प्रयोगकर्ताको संख्या र अन्य विवरणको अभिलेख राख्ने प्रयोजनका लागि यस रजिष्टरको आवश्यकता परेको हो । यसका साथै परिवार नियोजनका अस्थायी प्रयोगकर्ता सम्बन्धी प्रतिवेदन तयार गर्न समेत यसको आवश्यकता पर्दछ । यस रजिष्टरमा दर्ता गरिएका सेवाग्राहीहरूलाई साधन नझिकेसम्म हाल प्रयोगकर्ताको रुपमा प्रतिवेदन गर्नुपर्ने हुनाले यस रजिष्टरलाई सुरक्षित गरी राख्नुपर्दछ ।

नोटः परिवार नियोजनको IUCD र Implant सेवा लिने सेवाग्राहीको अभिलेख यस रजिष्टरमा राख्नुपर्दछ । प्रत्येक साधन (IUCD र Implant-पाँच वर्षे र Implant-तीन वर्षे) का लागि साधनको प्रयोगकर्ता संख्या अनुसार छुट्टाछुट्टै पाना प्रयोग गर्नुपर्दछ । जुन प्रयोजनका लागि ती छुट्याइएका पानाहरू प्रयोग भएका हुन्, त्यो IUCD हो कि Implant हो ? पानाको शिरमा दिईएका विकल्पहरूमा (√) चिन्ह लगाउनुपर्दछ र implantको हकमा मान्य अवधि समेत उल्लेख गर्नुपर्नेछ। अन्य नगर/गाउँपालिका/वडाका सेवाग्राहीहरूलाई सेवा दिएको अभिलेख राख्नका लागि यसै रजिष्टरको अन्ततिरबाट आवश्यक पानाहरू छुट्याई ती पानाका महलहरूमा जिल्ला, नगर/गाउँपालिका वा वडाको विवरण राख्नुपर्दछ । सम्बन्धित संस्थाको कायम रहेको कार्यक्षेत्र भन्दा बाहिरका सेवाग्राहीहरूको संख्या अधिक हुने स्वास्थ्य संस्थाले मात्र अन्य स्थानबाट आउने सेवाग्राहीहरूको लागि मात्र छुट्टै रजिष्टर प्रयोग गर्न सक्नेछन ।

रजिष्टरको नमूना

परिवार नियोजनको अस्थायी साधन

आ.यू.सी.डी		इम्प्लान्ट		इम्प्लान्ट प्रभावकारी हुने अवधि		प्रजनन उमेरका महिला संख्याः	

मुल दर्ता नं.	सेवा दर्ता नम्बर	मिति			क्र.सं. (नया प्रयोगकर्ता)	सेवाग्राहीको		जाति कोड	ठेगाना	सम्पर्क नं.	उमेर (वर्ष)		पतिको नाम र थर (ऐच्छिक)
		ग	म	सा		नाम	थर		गाउँ/टोल		<२०	≥२०	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४

आ.यू.सी.डी. तथा इम्प्लान्ट सेवा रजिष्टर

	२०... /...		२०... /...		२०.. /...	

साधन राख्दाको अवस्था (सुकेरी भएको)			प्रभावकारी रहने अन्तिम मिति			साधन राख्ने स्वास्थ्यकर्मीको		साधन झिकिएको बिवरण (साधन झिक्ने भएमा)										कैफियत
								राखिएको मिति			राखेको संस्थाको नाम		झिकेको मिति			झिक्नुको कारण	साधन झिक्ने स्वास्थ्यकर्मीको		
४८ घण्टा भित्र	४८ घण्टा देखि १ बर्ष	अन्य	ग	म	सा	नाम	पद	ग	म	सा	यहि	अन्य (नाम)	ग	म	सा		नाम, पद	सहि	
१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४
१	२	३																	
१	२	३																	
१	२	३																	

रजिष्टर भर्ने तरिकाः

आइ.यु.सी.डी/इम्प्लाण्टः रजिष्टरको शिरमा कुन परिवार नियोजन सेवाको अभिलेख राख्न छुट्याइएको हो, सोही सेवाको दायाँपट्टिको खाली महलमा प्रत्येक साधन (IUCD र Implant-पाँच वर्षे र Implant-तीन वर्षे) का लागि साधनको प्रयोगकर्ता संख्या अनुसार छुट्टाछुट्टै पाना प्रयोग गर्नुपर्दछ । जुन प्रयोजनका लागि ती छुट्याइएका पानाहरू प्रयोग भएका हुन्, त्यो IUCD हो कि Implant हो ? पानाको शिरमा दिईएका विकल्पहरूमा √ चिन्ह लगाउनुपर्दछ।

प्रजनन् उमेरका महिला संख्याः यस महलमा सम्बन्धित वडाको प्रजनन् उमेर (१५-४९ वर्ष) का महिला संख्या लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१	मूल दर्ता नं.		मूलदर्ता नम्बरमा दर्ता गरिएको नम्बर यस महलमा लेख्नुपर्दछ ।
२	सेवादर्ता नं.		यस IUCD/Implant सेवा रजिष्टरमा दर्ता गरिएको सेवादर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । गा.पा/न.पा/उ.म.न.पा/म.न.पा का हकमा वडा अनुसार छुटाछुटै दर्ता १ बाट सुरु गर्नु पर्दछ । तर अस्पतालको हकमा वडा अनुसार अलग अलग नगरी क्रमशः दर्ता न. राख्नुपर्दछ ।
३-५	मिति		सेवा प्रदान गरेको दिनको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
६	नयाँ प्रयोगकर्ताको क्र. सं.		हरेक महिना नयाँ प्रयोगकर्ताको क्रम सङ्ख्या १ बाट सुरु गरी क्रमशः राख्दै जानुपर्दछ । यदि सेवाग्राही सोही परिवार नियोजनको साधन (आईयुसीडी वा इम्प्लान्ट) पुनः लिन आएको भए यस महलमा (-) चिन्ह लगाउनुपर्दछ ।
७, ८	सेवाग्राहीको नाम, थर		सेवाग्राहीको नाम र थर यस कोठाका सम्बन्धित महलमा लेख्नुपर्दछ ।
९	जाति कोड		सेवालिने व्यक्तिको जाति यकिन गरी रजिष्टरमा उल्लेख भएको जुनजाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तैः ०१, ०२, ...०६) ।
१०	ठेगाना गाउँ/टोल		सेवा लिन आउने सेवाग्राहीको हालको ठेगाना गाउँ/टोलको नाम यस महलमा लेख्नुपर्दछ। कार्यक्षेत्रभन्दा बाहिर अन्य क्षेत्रबाट सेवा लिन आएका सेवाग्राहीहरूका हकमा यस महलमा जिल्ला, स्थानीय तहको विवरण लेख्नुपर्दछ ।
११.	सम्पर्क नं.		सेवाग्राही वा निजको नजिकको व्यक्तिको सम्पर्क फोन नम्बर लेख्नुपर्दछ ।
१२, १३.	उमेर (वर्षमा)	२० वर्षमुनि	सेवाग्राहीको उमेर २० वर्षमुनि वा २० वा सोभन्दा माथि जुन उमेर समूहमा पर्दछ, सोही महलमा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ । जस्तैः कुनै सेवाग्राही १९ वर्ष १० महिनाको भएमा उनको उमेर २० वर्षमुनिको महलमा १९ मात्र उल्लेख गर्ने ।
		२० वा सोभन्दा माथि	
१४	पतिको नाम थर (ऐच्छिक)		सेवाग्राहीको पतिको नाम लेख्नुपर्दछ । यदि सेवाग्राहीले पतिको नाम भन्न नचाहेमा यस महलमा (-) चिन्ह दिनुपर्दछ । महिला अविवाहित भए यो सोध्नु हुदैन ।
१५-१७	साधन राख्दाको अवस्था	सुत्केरी भएको ४८ घण्टाभित्र	साधन राख्दाको अवस्था सुत्केरी भएको ४८ घण्टाभित्र भए १, सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म २ र अन्य भए ३ मा गोलो घेरा लगाउनुपर्दछ । विभिन्न अस्पतालका विभागहरुबाट c/s labor room, SAS/PAC सेवा पश्चात दिएका परिवार नियोजनका साधनहरुको व्यक्तिगत विवरण यहि रजिष्टरमा अनिवार्यरुपले अद्यावधिक गर्नु पर्दछ। यो महलको विवरण उक्त साधनको लागि नयाँ प्रयोगकर्ता भएको अवस्थामा मात्रै विवरण सोधि सोही बमोजिम अध्यावधिक गर्नु पर्दछ ।
		सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म	
		अन्य	

महल नं.	महल शीर्षक		निर्देशन
१८-१९	साधन प्रभावकारी रहने अन्तिम मिति (ग/म/सा)		यस महलमा साधन प्रभावकारी रहने अन्तिम मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
२०	साधन राख्ने स्वास्थ्यकर्मीको	नाम	इम्प्लान्ट वा आईयुसीडी राख्ने स्वास्थ्यकर्मीको नाम लेख्नु पर्दछ ।
२१		पद	इम्प्लान्ट वा आईयुसीडी राख्ने स्वास्थ्यकर्मीको पद लेख्नु पर्दछ ।
साधन झिकिएको विवरण (साधन झिक्ने भएमा) (२२-३२)			
२२-२४	साधन राखिएको मिति		सेवाग्राहीले अहिले झिक्न लागेको साधन कहिले राखेको थियो, Implant वा IUCD राखेको मिति (गते महिना, साल) सम्बन्धित महलमा लेख्नु पर्दछ ।
२५	साधन राखिएको स्वास्थ्य संस्थाको नाम	यही	अहिले झिक्न लागेको साधन यही संस्थामा राखिएको थियो भने यस महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
२६		अन्य (नाम)	अहिले झिक्न लागेको साधन अन्य संस्थामा राखिएको थियो भने सो संस्थाको नाम र ठेगाना यस महलमा लेख्नुपर्दछ ।
२७-२९	झिकेको मिति		सेवाग्राहीले झिक्न लागेको साधन कुन मितिमा झिक्न लागिएको हो, सो मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ ।
३०	झिक्नुको कारण		अहिले के कारणले गर्दा साधन झिक्नु परेको हो, सो कारण लेख्नुपर्दछ ।
३१, ३२	साधन झिक्ने स्वास्थ्यकर्मीको नाम, पद र सहि		इम्प्लान्ट वा आईयुसीडी झिक्ने स्वास्थ्यकर्मीले नाम र पद लेखि सही गर्नुपर्दछ ।
३३	कैफियत		माथि उल्लेख गरिए बाहेक अन्य कुरा खुलाउनु पर्ने भएमा यस महलमा लेख्नुपर्दछ ।

इम्प्लान्टः

एकपटक राखिसकेपछि बीचमा नझिकेमा ३ वा ५ वर्षसम्म गर्भ निरोध गर्ने हुँदा राखेको महिनामा मिति (गते, महिना, साल) छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।

एक पटक इम्प्लान्ट प्रयोग गरी झिकेर पुनः इम्प्लान्ट प्रयोग गर्ने सेवाग्राहीलाई महल ६ को नयाँ प्रयोगकर्ताको क्र.सं. मा (-) चिन्ह लगाउनुपर्दछ । यस्ता प्रयोगकर्ताहरू लगातार प्रयोगकर्ताको रूपमा मात्र गणना गर्नुपर्दछ ।

आईयुसीडीः

एक पटक राखिसकेपछि बीचमा नझिकेमा १२ वर्षसम्म गर्भनिरोध गर्ने हुँदा राखेको महिनामा मिति (गते, महिना, साल) छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।

एक पटक आईयुसीडी प्रयोग गरी झिकेर पुनः आईयुसीडी प्रयोग गर्ने सेवाग्राहीलाई महल ६ को नयाँ प्रयोगकर्ताको क्र.सं. मा (-) चिन्ह लगाउनुपर्दछ । यस्ता प्रयोगकर्ताहरूलाई लगातार प्रयोगकर्ताको रूपमा मात्र गणना गर्नुपर्दछ ।

नोटः यदि कुनै एक संस्थामा सेवा लिई अन्य संस्थाबाट साधन झिकेमा साधन झिक्ने संस्थाले साधन राख्ने संस्थालाई साधन झिकेको मिति सहित तुरुन्त जानकारी दिनुपर्दछ । यसरी जानकारी पाउनासाथ सो संस्थाले हाल अपनाइरहेका प्रयोगकर्ताबाट घटाउनुपर्दछ ।

कुनै गैरसरकारी निकायहरूले घुम्ती शिविरका रूपमा Implant र IUCD सेवा सञ्चालन गर्दा त्यस स्थानीय तहमा रहेको सरकारी स्वास्थ्य संस्थाको समन्वयमा सञ्चालन गरी सेवाग्राहीहरूलाई सम्बन्धित स्वास्थ्य संस्थामा रहेको सेवा रजिष्टरमा दर्ता गर्नुपर्दछ र सोही सरकारी स्वास्थ्य संस्थाले नै प्रतिवेदन गर्नुपर्दछ । सेवा सञ्चालन गर्ने गैरसरकारी संस्थाले गरेको प्रतिवेदनमा ..... स्वास्थ्य संस्थामा दर्ता गरिसकेको भनी जनाउनु पर्दछ । सो प्रतिवेदनमा दोहोरो गणना गर्ने गर्नु हुँदैन ।

HMIS ३.४: परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर-
Sterilization Service Register

परिवार नियोजनको स्थायी बन्ध्याकरण सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा र बन्ध्याकरण घुम्ती शिविरमा बन्ध्याकरण सेवा प्रदान गरेको अभिलेख राख्न यस रजिष्टरको प्रयोग गरिन्छ । बन्ध्याकरण सेवा लिने सेवाग्राहीहरूको विवरण लामो समयसम्म आवश्यक पर्ने हुँदा यो रजिष्टर सुरक्षित गरी राख्नुपर्दछ ।

रजिष्टरको नमुनाः

परिवार नियोजन स्थायी

क्र.सं.	दर्ता नं.	मिति			सेवा प्रदायक संस्थाको नाम (सरकारी/गैर सरकारी)	सेवा संचालन			सेवाग्राहीको		जाति कोड	उमेर (वर्षमा)		जिवित बच्चा संख्या	
		ग	म	सा		संस्था	शिविर	शिविर संचालन स्थान	नाम	थर		महिला	पुरुष	छोरी	छोरा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
						१	२								
						१	२								
						१	२								

(बन्ध्याकरण) सेवा रजिष्टर

स्थायी विधि प्रयोग गर्दाको अवस्था			ठेगाना				रेफर गर्ने को नाम	बन्ध्याकरण गर्ने चिकित्सकको		कैफियत
सुत्केरी भएको ४८ घण्टा भित्र	सुत्केरी भएको ४८ घण्टा देखि १ वर्ष भित्र	अन्य	जिल्ला	नगर/ गाउँपालिका	वडा नं.	गाँउ/टोल		नाम, थर	सहि	
१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७
१	२	३								
१	२	३								
१	२	३								

रजिष्टर भर्ने तरिका

महल नं.	महल शीर्षक		निर्देशन
१	क्र.स.		हरेक महिनामा १ वाट सुरु गरी क्रमशः राख्दै जानुपर्दछ ।
२	दर्ता नं.		बन्ध्याकरण सेवा लिने सेवाग्राहीको दर्ता नम्बर प्रत्येक आ.ब. मा १ वाट सुरू गरी त्यस आ.ब. को अन्त्यसम्म क्रमशः लेख्दै जानुपर्दछ । आ.व. परिवर्तन भएपछि पुनः १ बाट सुरू गर्नुपर्दछ ।
३-५	मिति		सेवा प्रदान गरेको दिनको मिति (गते, महिना, साल) मा सम्बन्धित महलमा लेख्नुपर्दछ ।
६	सेवाप्रदायक संस्थाको नाम (सरकारी/गैरसरकारी)		बन्ध्याकरण सेवा प्रदायक संस्थाको नाम, सरकारी वा गैरसरकारी के हो? सोको महलमा नाम लेखि कोष्ठ भित्र सरकारी वा गैरसरकारी उल्लेख गर्नु पर्दछ ।
७-९	सेवा सञ्चालन स्थान	संस्था	बन्ध्याकरण सेवा संस्थागत रूपमा सञ्चालन भएको भए महल ७ को कोड १ मा र शिविरमा सञ्चालन भएको भए महल ८ को कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		शिविर सञ्चालन स्थान	यदि घुम्ति/विशेष शिविर (Mobile Camp) को आयोजना गरी सेवा सञ्चालन भएको भए शिविर सञ्चालन भएको स्थान यस महलमा लेख्नुपर्दछ ।
१०, ११	सेवाग्राहीको नाम, थर		बन्ध्याकरण सेवा लिन आएको व्यक्तिको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ।
१२	जाति कोड		सेवालिने व्यक्तिको जाति यकिन गरी रजिष्टरमा उल्लेख भएको जुनजाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१३	उमेर (वर्षमा)	महिला	बन्ध्याकरण सेवालिने व्यक्तिको उमेर पूरा गरेको वर्षमा महिला भए महिला र पुरूष भए पुरूषको महलमा लेख्नुपर्दछ ।
१४		पुरुष	
१५	जीवित बच्चा सङ्ख्या	छोरी	बन्ध्याकरण सेवा लिन आउने ब्यक्तिको हाल जीवित छोरी सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१६		छोरा	बन्ध्याकरण सेवा लिन आउने ब्यक्तिको हाल जीवित छोरा सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१७-१९	साधन राख्दाको अवस्था	सुत्केरी भएको ४८ घण्टाभित्र	स्थायी विधि प्रयोग गर्दाको अवस्था सुत्केरी भएको ४८ घण्टाभित्र भए १, सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म २ र अन्य भए ३ मा गोलो घेरा लगाउनुपर्दछ । विभिन्न अस्पतालका विभागहरुबाट c/s labor room, SAS/PAC सेवा पश्चात दिएका परिवार नियोजनका साधनहरुको व्यक्तिगत विवरण यहि रजिष्टरमा अनिवार्यरुपले अद्यावधिक गर्नु पर्दछ।
		सुत्केरी भएको ४८ घण्टा देखी १ बर्षसम्म	
		अन्य	
२०-२३	ठेगाना (जिल्ला, गा.पा/न.पा/उ.म.न.पा/म.न.पा. वडा नं., गाउँ, टोल		सेवालिने व्यक्तिको ठेगानाको विस्तृत विवरण जिल्ला, नगर/गाउँपालिका र गाउँ, टोलसमेत खुल्ने गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
२४	रेफर गर्नेको नाम		सेवाग्राही सेवा लिनको लागि कसरी आएको हो ? म.स्वा.स्व.से., स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले जसले रेफर गरी पठाएको हो सोको नाम लेख्नुपर्दछ र ग्राहक स्वयं आफै आएको भए "आफैं" भनी लेख्नुपर्दछ ।
२५-२६	बन्ध्याकरण गर्ने चिकित्सकको नाम, थर र दस्तखत		बन्ध्याकरण सेवा प्रदान गर्ने चिकित्सकको नाम, थर लेखि सम्बन्धित महलमा चिकित्सकले दस्तखत समेत गर्नुपर्दछ ।
२७	कैफियत		बन्ध्याकरण सेवा प्रदान गर्ने क्रममा कुनै जटिलता देखिएमा वा रिफर गर्नु पर्ने भएमा वा अन्य कुनै विवरण जनाउनुपर्ने भएमा यस महलमा उल्लेख गर्नुपर्दछ ।

HMIS ३.५: मातृ तथा नवशिशु स्वास्थ्य कार्ड
Maternal and Newborn Health Card

गर्भवती महिलालाई गर्भावस्था, प्रसूति र सुत्केरी अवस्थामा प्रदान गरिएका स्वास्थ्य सेवाको अभिलेख राख्नका लागि यस कार्डको प्रयोग गरिन्छ । साथै नवशिशुलाई प्रदान गरिने स्वास्थ्य सेवाका लागि पनि यस कार्डको प्रयोग गरिन्छ । गर्भवती महिलालाई गर्भावस्थादेखि सुत्केरी भएपछि ४५ दिनसम्म समयबद्ध रुपले सेवा प्रदान गरी आमा र बच्चाको स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरूको निराकरण गर्नुपर्ने भएकोले सबै सेवाहरूलाई अभिलेखन गरी सेवाग्राही महिलालाई यो कार्ड नहराई सुरक्षित राख्न र अर्को पटक सेवा लिन आउँदा कार्ड अनिवार्य रुपमा साथमा ल्याउन सल्लाह दिनुपर्छ । यसै कार्डका आधारमा गर्भवती जाँच प्रोत्साहन रकम उपलब्ध गराइन्छ । हरेक पटकको गर्भवती र सुत्केरी जाँच अनुसार यस कार्डसंगै मातृ तथा नवाशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) पनि अद्यावधिक गर्नुपर्दछ ।

कार्डको नमुना:

प्रयोगशाला परीक्षण

Date (DD/MM/YY)	Hb	Albumin	Urine: Protien	Urine: Sugar	Blood Sugar	HBsAg	VDRL	Retro-virus	Other

स्वास्थ्य सम्बन्धी मुख्य मुख्य समस्या	पहिलो पटक ROUSG गरेको	गते	महिना साल
	टि.बी परीक्षण	गते	महिना साल
सुत्केरी सेवा	Hep B परीक्षण मिति	गते	महिना साल
आमालाई आइरन फोलिक एसिड दिएको संख्या	Hep B नतिजा	नेगेटिभ	पोजेटिभ
गते महिना साल	Hep B उपचार	गते	महिना साल

सुत्केरी जाँचको (PNC) विवरण

जाँच पटक		मिति: ग	म	सा	आमाको अवस्था	बच्चा को अवस्था	उपचार/ सल्लाह	गर्भनिरोध साधन प्रयोग	सेवा प्रदायकको नाम थर र सही
सुत्केरी भएको २४ घण्टामा		गते	महिना	साल					
बच्चाले भिटामिन K1 पाएको		गते	महिना	साल					
सुत्केरी भएको तेश्रो दिन	घरमा	गते	महिना	साल					
	संस्था	गते	महिना	साल					
सुत्केरी भएको ७-१४ दिन	घरमा	गते	महिना	साल					
	संस्था	गते	महिना	साल					
सुत्केरी भएको ४२ औं दिन		गते	महिना	साल					
थप जाँच		गते	महिना	साल	आमा तथा बच्चाको अवस्था /उपचार सल्लाह पति साधन प्रयोग				

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

मातृ तथा नवशिशु स्वास्थ्य कार्ड

स्वास्थ्य संस्थाको नाम	जिल्ला	नगर/गाउँपालिका	वडा नं.

मूल दर्ता नं.	सेवा दर्ता नं.	ORC दर्ता नं.	दर्ता मिति: गते	महिना	साल

गर्भवती महिलाको व्यक्तिगत विवरण

नाम, थर		उमेर		उचाई (से.मि.)	
जिल्ला		नगर/गाउँपालिका		वडा नं.	
गाउँ टोल		सम्पर्क नं.		रक्त समूह	
गर्भको पटक (हालको समेत)		पतिको नाम, थर			


अघिल्ला गर्भहरूको विवरण

अघिल्ला गर्भहरूको क्रम	गर्भको विवरण: जिवित	मृत जन्म	अवधि नपुगेको (<३७ हप्ता)	जुम्ल्याहा	गर्भपतन	जिवित बच्चाको: लिङ्ग	हालको उमेर	गर्भको जटिलता	प्रसुती को किसिम
पहिलो									
दोस्रो									
तेस्रो									
अघिल्ला गर्भमा टि.डी खोप लगाएको विवरण				टि.डी. १	१	टि.डी. २	२	टि.डी. २+	३

कार्ड तयार गर्ने स्वास्थ्यकर्मीको

नाम र थर	पद	दस्तखत	मिति

स्वास्थ्य संस्थाको सम्पर्क नं.		एम्बुलेन्स सेवा सम्पर्क (फोन नं.)	



आखिरी रजस्वला भएको मिति (गते महिना साल) (LMP) | गते | महिना | साल | टी डी खोप दर्ता नं | टी डी पहिलो | टी डी दोस्रो | टी डी दोस्रो + | जुकाको औषधि पाएको

प्रसवको अनुमानित मिति (गते महिना साल) (EDD) | गते | महिना | साल | गते | महिना | साल | गते | महिना | साल | गते | महिना | साल | गते | महिना | साल

गर्भवती परीक्षण विवरण

गर्भवती जाँच पटक	मिति	तौल (कि.ग्रा.)	रक्तअल्पता भएको	रक्तअल्पता नभएको	सुन्निएको हात	सुन्निएको मुख	रक्तचाप	गर्भको अवधी (हप्ता)	पाठेघरको उचाई (से.मी.)	शिशुको प्रिजेन्टेसन	शिशुको हृदय गती	गर्भावस्थाका जटिलता	उपचार/सल्लाह/अर्को पटक आउने मिति	आईरन पोलिक एसिड संख्या	क्यालसियम (चक्की)	परिक्षण गर्नेको नाम,सही	परिक्षण गरेको संस्था
१	गते महिना साल		१	२	१	२											
२	गते महिना साल		१	२	१	२											
३	गते महिना साल		१	२	१	२											
४	गते महिना साल		१	२	१	२											
५	गते महिना साल		१	२	१	२											
६	गते महिना साल		१	२	१	२											
७	गते महिना साल		१	२	१	२											
८	गते महिना साल		१	२	१	२											
९	गते महिना साल		१	२	१	२											

Page 1

प्रसूति सम्बन्धी विवरण

भर्ना भएको | गते | महिना | साल | AM | PM | प्रसूति भएको | गते | महिना | साल | AM | PM | डिस्चार्ज मिति | गते | महिना | साल | AM | PM

प्रसव व्यथाको अवस्था		Presentation		प्रसूति भएको स्थान			प्रसूति को किसिम		
Spontaneous	1	Cephalic	1	घरमा	1			Spontaneous	1
Augmentation	2	Shoulder	2	संस्थामा	2	संस्थाको नाम		Vacuum	2
Induced labou	3	Breech	3	अन्य	3			Forceps	3
								Cesarean secti	4

प्रसव अवस्था का जटिलता		उपचार/सल्लाह
	Obstructed labo	1
	Prolonged labou	2
	Ruptured uterus	3
	अन्य (खुलाउने)	

प्रसूतिको परिणाम

मृत जन्म (संख्या)		जिवित जन्म संख्या र जन्म तौल				
Before partu	After partu m	अवधि नपुगेको (< ३७ हप्ता)	अवधि पुगेको (≥३७ हप्ता)	शिशु	संख्या	जन्म तौल (ग्राम)
				छोरी		
				छोरा		
				अन्य		

नवशिशुको अवस्था

Normal	Infection	Asphyxia	Hypothermia	Jaundice	Congenital Anomalies	विकलाङ्गता Major	Minor	Other

गर्भवति सुत्केरी पोस्टपाटम रकम वितरण रु

प्रसूति गराउने स्वास्थ्यकर्मी

	सही	नाम थर
दक्ष प्रसुतिकर्मी (SBA)	१	संस्थाको नाम र छापः
दक्ष स्वास्थ्यकर्मी (SHP	२	
अन्य स्वास्थ्यकर्मी	३	

कार्ड भर्ने तरिकाः

महलशीर्षक	निर्देशन
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
जिल्ला, नगर/ गाउँपालिका, वडा नं.	स्वास्थ्य संस्था रहेको जिल्ला र नगर/गाउँपालिकाको नाम र वडा नम्बर निर्दिष्ट स्थानमा लेख्नुपर्दछ ।
मूलदर्ता नं.	सेवाग्राही महिलालाई यस पटकको गर्भमा पहिलो पटक दर्ता गरी प्रदान गरिएको मूलदर्ता नम्बर मूलदर्ता रजिष्टर (HMIS१.१) बाट लेख्नुपर्दछ । गाउँघर क्लिनिकबाट सेवाग्राहीलाई पहिलो पटक सेवा प्रदान गर्दा मूलदर्ता नम्बर खाली छोड्नु पर्दछ ।
सेवादर्ता नं.	सेवाग्राही महिलालाई यस पटकको गर्भमा पहिलो पटक सेवा प्रदान गर्दा मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS३.६) मा दर्ता गरिएको दर्ता नम्बर लेख्नुपर्दछ । यदि गाउँघर क्लिनिकमा पहिलो पटक सेवा लिन आएको भए ORC लेखि गाउँघर क्लिनिकको सुरक्षित मातृत्व सेवा खण्ड (HMIS ४.१५) बाट दर्ता नं. लेख्नुपर्दछ ।
ORC दर्ता नं.	गाउँघर क्लिनिकबाट पहिलो पटक सेवा प्रदान गर्दा गाउँघर क्लिनिक सेवा रजिष्टरमा दर्ता गर्दाको सेवा खण्ड (HMIS ४.१५) बाट दर्ता नं. यस महलमा लेख्नुपर्दछ ।
सेवा दर्ता मिति	सेवाग्राहीलाई पहिलो पटक सेवा प्रदान गर्दा दर्ता गरिएको मिति (गते, महिना र साल) सम्बन्धित महलमा छुट्टाछुट्टै लेख्नुपर्दछ ।
गर्भवती महिलाको व्यक्तिगत विवरण	सेवा लिन आएकी महिलाको व्यक्तिगत विवरण नाम, थर, पूरा गरेको उमेर (वर्षमा), उचाइ (फिट/इन्चमा), ठेगाना (जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर र गाउँ, टोल) स्पष्टसँग भरी

	सम्पर्क टेलिफोन नम्बर समेत लेख्नुपर्दछ । गर्भवती महिलाको रक्त परीक्षण गर्न लगाई रक्त समूह सम्बन्धित महलमा लेख्नुपर्दछ । गर्भको पटक (हालको समेत) लेख्दा यी महिला हालसम्म (गर्भपतन भएको, जन्मभएको र यस पटकको समेत गरी) जम्मा कति पटक गर्भवती भइन् ? सो को जम्मा पटक (Gravida) लेख्नुपर्दछ । सेवाग्राही महिलाको पतिको नाम थर सम्बन्धित महलमा लेख्नु पर्दछ ।
अघिल्ला गर्भहरूको विवरण	यस विवरण अन्तर्गत सेवाग्राही महिलाको यस पटकको भन्दा अघिल्ला प्रत्येक गर्भहरूको परिणाम क्रमशः उल्लेख गर्नुपर्दछ ।
अघिल्ला गर्भहरूको क्रम	सेवाग्राही महिलाको यस पटकको भन्दा अघिल्ला गर्भहरूको क्रम (पहिलो गर्भदेखि क्रमशः.....) यस महलमा लेख्नुपर्दछ । हालको गर्भ पहिलो पटकको भए यस महलमा कुनै पनि विवरण भर्नुपर्दैन । यदि यसअघि गर्भवती भइसकेकी भए प्रत्येक लहरमा प्रथम गर्भ (१), दोस्रो गर्भ (२) ..... गरी हरेक गर्भको विवरण सोधी सङ्ख्या लेख्नुपर्दछ ।
गर्भको विवरण	हरेक पटकको गर्भको परिणाम जीवितजन्म, मृत जन्म, अवधि नपुगेको (३७ हप्ताभन्दा कम अवधि) जन्म, जुम्ल्याहा वा गर्भपतन के हो ? सोही महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
जीवित बच्चाको लिङ्ग, उमेर	महिलाको प्रत्येक गर्भको क्रमअनुसार जीवित बच्चाको लिङ्ग छोरी भए "म" र छोरा भए "पु" (Female-F/Male-M) लेख्नुपर्दछ । हालको उमेरको महलमा बच्चाको उमेर पूरा गरेको वर्ष लेख्नुपर्दछ । यदि बच्चाको उमेर एक वर्षभन्दा कम भएमा पूरा गरेको महिना/१२ लेख्नुपर्दछ । जस्तैः बच्चाको उमेर १० महिनाको भएमा १०/१२ लेख्नुपर्दछ । जीवित जन्मभई हाल बच्चाको मृत्यु भइसकेको वा मृत जन्म भएको भएमा उमेरको महलमा (—) जनाउनु पर्दछ ।
गर्भको जटिलता	अघिल्ला गर्भहरूमा गर्भावस्था र सुत्केरी अवस्था सामान्य भए "सामान्य" र कुनै जटिलताहरू देखिएको भएमा निम्नबमोजिम कुन जटिलता भएको थियो ? सोको कोड उल्लेख गर्नुपर्दछ । Ectopic Pregnancy (JA०१) — Abortion Complication (JA०५) Gestational Hypertension (JA२३) — Severe/Pre-Eclampsia (JA२४) Eclampsia (JA२५) — Hyperemesis. Gravidarum (JA६०.०) APH (Antepartum Haemorrhage) (JA४१) — Prolonged Labor (JB०३) Obstructed Labour (JB०६) — Ruptured Uterus (JB०A.१) Post-partum Haemorrhage (PPH) (JA४३) — Retained Placenta (JA४३.०) Pueperal Sepsis (JB४०.०) — C-Section Wound Infection (JB४०.१) Other Complications (JB०Y)
प्रसूतिको किसिम	अघिल्ला गर्भहरूमा प्रसूति कुन किसिम **(१-Normal, २-Vaccum, ३-Forcep, ४-C/S) बाट** भएको थियो, यस महलमा उल्लेख गर्नुपर्दछ ।
अघल्ला गर्भमा टी.डी. खोप लगाएको विवरण	यस भन्दा पहिलेको गर्भमा टी. डी. खोप लगाएको र नलगाएको यकिन गरी टी.डी.खोप लगाएको भए कति मात्रा लगाएको हो सोअनुसार सम्बन्धति कोड नं मा गोलो घेरा लगाउनुपर्दछ ।
कार्ड तयार गर्ने स्वास्थ्यकर्मीको विवरण	गर्भवती महिला पहिलो पटक आएपछि पहिलो पेजको विवरण भरी गर्भवती जाँच गर्ने स्वास्थ्यकर्मीको नाम, थर, पद र कार्ड जारी गरेको मिति लेखि सही गर्नुपर्दछ ।
स्वास्थ्य संस्थाको सम्पर्क नं.	यस कोठामा स्वास्थ्य संस्थाको टेलिफोन नम्बर लेख्नुपर्दछ । यदि स्वास्थ्य संस्थाको सम्पर्क नं. नभएमा उक्त संस्थाको सेवाप्रदायकको सम्पर्क नं. लेख्नुपर्दछ ।

एम्बुलेन्स सेवा सम्पर्क (फोन नं.)	सेवाग्राहीलाई उपयुक्त हुने स्थानीय स्तरमा उपलब्ध एम्बुलेन्स सेवाको सम्पर्क नं. लेख्नुपर्दछ ।
गर्भवती सेवा	
आखिरी रजस्वलाको भएको मिति (LMP)	सेवा लिन आएकी महिलाको आखिरी रजस्वला भएको पहिलो दिनको **(LMP)** मिति (गते, महिना र सालमा) लेख्नुपर्दछ ।
प्रसवको अनुमानित मिति (EDD)	सेवा लिन आएकी महिलाको प्रसव हुने अनुमानित मिति (EDD)उल्लेख गर्नुपर्दछ । प्रसवको अनुमानित मिति निकाल्दा अन्तिम रजस्वला भएको मिति **(LMP)** मा ९ महिना ७ दिन जोड्नुपर्दछ । (जस्तैः कुनै महिलाको अन्तिम रजस्वला भएको मिति **(LMP)** २०८१।०७।१७ छ भने सोमा ९ महिना ७ दिन जोड्दा प्रसव हुने अनुमानित मिति **(EDD)** २०८२।०४।२४ हुन्छ ।)
टि.डी. खोप दर्ता नं.	गर्भवतीलाई टी. डी. खोप दिँदा टी. डी. खोप रजिष्टर **(HMIS २.२)** मा दर्ता गरी प्रदान गरिएको दर्ता नं. लेख्नुपर्दछ । यदि गर्भवती महिलालाई टी. डी. खोप दिईएको विवरण अनिवार्यरुपले **(HMIS २.२)** मा अध्यावधिक गर्नु पर्दछ ।
टी.डी. १ (ग/म/सा)	गर्भवतीलाई पहिलो पटक टी. डी. खोप दिएको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
टी. डी. २ (ग/म/सा)	गर्भवतीलाई दोस्रो पटक टी. डी. खोप दिएको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
टी. डी. २+ (ग/म/सा)	यसभन्दा पहिलेको गर्भमा जम्मा २ पटक टी. डी. खोप लगाएकी कुनै महिला यस पटकको गर्भमा टी. डी. खोप लिन आएकी भए यस पटक टी.डी. खोप को १ मात्रा दिई सोको अभिलेख टी.डी. २+ को महलमा राख्नुपर्दछ । यस पटक टी. डी. खोप दिएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
नोटः *यसभन्दा पहिलेको गर्भमा टि.डी. खोपको १ मात्रा मात्र लगाएको रहेछ भने यस पटकको गर्भमा निर्धारित समयमा टि.डी.१ र टि.डी २ मात्रा लगाई सोहीअनुसार टि.डी १ र टि.डी २ को महलमा अभिलेख राख्नुपर्दछ ।*	
जुकाको औषधी दिएको मिति	गर्भवती महिलालाई जुकाको औषधी दिई मिति (गते महिना साल) लेख्नु पर्दछ ।
गर्भवती परीक्षण विवरण	
आमा र शिशु दुवैको सुरक्षाका लागि गर्भवती महिलाले प्रत्येक गर्भमा कम्तीमा पनि ८ पटक गर्भवती जाँच गराउनु पर्दछ । Antenatal Care अन्तर्गत गर्भवती महिलाले गर्भवती भएको १२ औं हप्ताभित्र पहिलो पटक, १३-१६औं हप्तामा दोस्रो पटक, २० देखि २४औं हप्तामा तेस्रो पटक २८औं हप्तामा चौथो पटक, ३२ औं हप्तामा पाँचौं पटक, ३४ औं हप्तामा छैठौं पटक, ३६ औं सातौं पटक र ३८ देखि ४० औं हप्तामा आठौं पटक गर्भ जाँच सेवा दिनुपर्दछ ।	
गर्भवती जाँच पटक (१, २, ...)	गर्भवती महिलाले स्वास्थ्य संस्थामा सम्पर्क गर्न आउँदाको क्रम अनुसारको विवरण उल्लेख गर्न यस महलको प्रयोग गर्नुपर्दछ । जस्तैः यदि कुनै महिला पहिलो पटक गर्भवती सेवा लिन आएकी भए पहिलो (१) हरफमा निजका विवरणहरू भर्नुपर्दछ ।
मिति	गर्भवती महिलालाई ANC सेवा दिएको दिनको मिति (ग/म/सा) उल्लेख गर्नुपर्दछ ।
तौल (कि.ग्रा)	यस पटक गर्भवती जाँच गर्दा गर्भवती महिलाको तौल (कि.ग्रा) लेख्नुपर्दछ ।
रक्त-अल्पता	गर्भवती महिलालाई परीक्षण गर्दा रक्त-अल्पता देखिएमा रक्त-अल्पता भएको महलको १ मा र रक्त- अल्पता नदेखिएमा रक्त-अल्पता नभएको महलको २ मा गोलो घेरा लगाउनुपर्दछ ।
सुन्निएको (हात, मुख)	गर्भवती महिलाको हात सुन्निएको भएमा कोड १ मा र मुख सुन्निएको भएमा कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

रक्तचाप	गर्भवती महिलाको परीक्षण गरेको समयको रक्तचाप यस महलमा लेख्नुपर्दछ ।
गर्भको अवधि (हप्तामा)	रजस्वला भएको अन्तिम मितिबाट गणना गरी गर्भको अवधि (हप्तामा) यस महलमा लेख्नुपर्दछ । यसरी गणना गर्दा गर्भवती महिलाले सेवा लिएको दिनबाट उनको अन्तिम पटक महिनावारी भएको मिति घटाउनु पर्दछ र यसबाट आएको समयलाई दिनमा परिवर्तन गरी ७ ले भाग गरी आउने भागफल नै गर्भको अवधि हप्तामा हुन्छ । उदाहरणको लागि महिलाको अन्तिम महिनावरी मिति २०८१ असोज २० गते हो र जाँच गराउन आएको मिति २०८१ माघ १७ हो भने, CLINIC visit dateबाट LMP घटाउदाः २०८१।१०।१७ २०८१।०६।२० ००।०३।२७_अब महिनालाई दिनमा लैजाने ३"३०=९० दिन र २७ दिन जोड्दा जम्मा ११७ दिन हुन्छ । अतः यसै दिनलाई हप्तामा लिँदा ११७/७ अर्थात् १६ हप्ता ५ दिन हुन्छ ।
पाठेघरको उचाइ (से.मि.)	गर्भको विकास सँगसँगै गर्भवती महिलाको पाठेघरको उचाइसमेत बढ्दै जान्छ । गर्भवती महिलाको परीक्षण गरी पाठेघरको उचाइ (से. मि.) यस महलमा लेख्नुपर्दछ ।
शिशुको प्रिजेन्टेसन, हृदय गति	गर्भमा रहेको शिशुको अवस्थिति पत्ता लगाई शिशुको प्रिजेन्टेशन (Cephalic, Breech, Shoulder), शिशुको हृदयको गति मापन गरी सो अनुसारको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
गर्भावस्थाका जटलिता	गर्भवती जाँचको क्रममा देखिएका जटिलताहरू (जस्तैः Pre-Eclampsia, Mal presentation, Infection, Abortion Complication, Antepartum Hemorrhage, Ectopic Pregnancy आदि) यस महलमा लेख्नुपर्दछ ।
उपचार र सल्लाह (अर्को पटक सेवा लिन आउने मिति)	गर्भावस्थामा देखिएका जटिलताको निराकरणका लागि गर्भवती महिलालाई दिइएको उपचार र सल्लाह, अर्को पटक सेवा लिन आउने मिति यस महलमा लेख्नुपर्दछ । गर्भवती महिलालाई जटिलता देखिए अन्य संस्थामा रेफर गर्नुपर्नेमा अनिवार्य रूपमा रिफरल पुर्जा मार्फत सम्बन्धित संस्थामा रेफर गरी सोको विवरण (संस्था र मिति) समेत लेख्नुपर्दछ । परिवार नियोजन सम्बन्धी सल्लाह/सुझाव दिएको भए यो महल चढाउनुपर्दछ ।
आइरन फोलिक एसिड चक्की दिएको सङ्ख्या	गर्भवती महिलालाई हरेक पटकको गर्भवती परीक्षणमा आउँदा वितरण गरिएको फोलिक एसिड चक्कीको सङ्ख्या यस महलमा लेख्नुपर्दछ । अन्य संस्थाबाट आइरन लिएको भएमा यस महलमा सो संस्थाको नाम र लिएको आइरन सङ्ख्या लेख्नुपर्दछ । सेवाग्राही महिलाले म.स्वा. स्वयंसेविकाबाट आइरन चक्की लिई सेवन गरिरहेको भएमा सो यकिन गरी यस महलमा लिएको आइरनको सङ्ख्या लेखि अद्यावधिक गर्दै जानुपर्दछ ।
क्यालसियम	गर्भमा रहेको शिशुको वृद्धिविकासका लागि गर्भवती महिलाले गर्भ अवधभिर १८० दिनसम्म क्यालिसियम चक्की सेवन गर्नु पर्दछ । गर्भ जाँचको लागी आएका गर्भवती महिलालाई दिएको क्यालिसियम चक्कीको संख्या सम्बन्धित हप्ताको महलमा कति दिनको लागि पुग्नेगरी दिईएको हो सोही दिनको संख्या लेख्नु पर्दछ ।
परीक्षण गर्नेको नाम र सही	गर्भवती परीक्षण सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीले आफ्नो नाम, थर लेखि सही गर्नुपर्दछ ।
परीक्षण गरेको संस्था	गर्भवती परीक्षण सेवा प्रदान गरेको स्वास्थ्य संस्थाको नाम पटकैपिच्छे लेख्नुपर्दछ ।
प्रसूति सम्बन्धी विवरण	
भर्ना भएको मिति	गर्भवती महिला प्रशव सेवाको लागी स्वास्थ्य संस्थामा भर्ना भएको मिति (गते, महिना, साल) र समय (AM, PM) सम्बन्धित महलमा लेख्नु पर्दछ ।

प्रसूति भएको मिति	प्रसूति भएको मिति (गते, महिना, साल) लेखि प्रसूति हुँदाको समय AM/PM खुलाई सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
प्रशव व्यथाको अवस्था	प्रसव व्यथा Spontaneous भए कोड नं। १, Augmented भए कोड नं २ र Induced Labour भए कोड नं ३ मा गोलो लगाउनु पर्दछ ।
फिटल प्रिजेन्टेसन (Presentation)	प्रसूतिका वखत शिशुको अवस्थिति अनुसार शिशुको प्रिजेन्टेशन Cephalic भए कोड १ मा Shoulder भए कोड २ मा र Breech भए कोड ३ मा गोलो लगाउनु पर्दछ ।
प्रसूति भएको स्थान	प्रसूति भएको स्थान यस महलमा लेख्नुपर्दछ । घरमा प्रसूति भएको भएकोड नं. १ मा, स्वास्थ्य संस्थामा प्रसूति गराएको भए कोड नं २ लेखि संस्थाको नाम लेख्नुपर्दछ । त्यसै गरी स्वास्थ्य संस्थामा जाने क्रममा बाटामा या एम्वुलेन्समा प्रसूति भएको भए कोड नं ३ मा गोलो लगाई सोही अनुसारको विवरण यस महलमा लेख्नुपर्दछ ।
प्रसूतिको किसिम	Spontaneous delivery भए कोड नं.१ मा Vacuum delivery भए कोड नं २ मा, forceps delivery भए कोड नं ३ मा र cesarean sectionबाट delivery भएको भए कोड नं ४ मा गोलो लगाउनु पर्दछ ।
डिस्चार्ज भएको मिति	सुत्केरीका लागि भर्ना भएकी महिला घर पठाएको (डस्चिार्ज) मिति (गते, महिना, साल) र समय (AM, PM) सम्बन्धित महलमा लेख्न पर्दछ ।
प्रसवको जटिलता	प्रसव अवस्थामा Obstructed labor भएमा कोड नं १ मा Prolonged labour (१२ घण्टा भन्दा वढी अवधि व्यथा लागेमा) कोड नं २ र Ruptured uterus भएमा कोड नं ३ मा गोलो लगाउनु पर्दछ । यस वाहेक अन्य समस्या भएमा अन्य समस्या महलमा लेख्नु पर्दछ ।
उपचार/सल्लाह	प्रसूतिका समयमा सेवाग्राही महिलालाई गरिएको उपचार तथा दिइएको सल्लाह यस महलमा लेख्नुपर्दछ ।
प्रसूतिको परिणाम	
मृत जन्म	बच्चाको मृतजन्म (Still Birth) भएमा Intrapartum or Antepartum को संख्या सम्बन्धित महलमा लेख्नु पर्दछ
जीवित जन्म सङ्ख्या	
अवधि नपुगेको	३७ हप्ता पूरानभई जम्मेको शिशु संख्या यस महलमा लेख्नु पर्दछ ।
अवधि पुगेको	३७ हप्ता पूरा भई जम्मेका शिशु संख्या यस महलमा लेख्नु पर्दछ ।
जन्मतौल (ग्राम)	जीवित जन्मेका शिशुको तौल छोरी, छोरा वा अन्य लिङ्ग अनुसार सम्बन्धित महलमा जन्मदाको तौल (ग्राममा) लेख्नुपर्दछ ।
नवजात शशिुको अवस्था	जीवति जन्मेका नवजात शिशु Normal, Infection, Asphyxia, Hypothermia र Jaundice मध्ये जुन अवस्थामा छ सम्बन्धित महलमा संख्या लेख्नुपर्दछ।
नवशिशुको अवस्था (विकलाङ्ग	नवजात शिशु विकलांग जन्मेमा अवस्था हेरी Major, Minor वा अन्य कुन हो सम्बन्धित महलमा संख्या लेख्नु पर्दछ । विकलाङ्ग (congenital Anomalies) भन्नालेः • ओठ र तालु खुँडे हुनु • ओठरतालु खुँडे हुनु • मेनिङ्गो माइलोसिल • बन्दगुदद्वार • हाइड्रोकेफालस • घोडेखुँडे • एनेनकेफेली

प्रोत्साहन रकम वितरण	गर्भवती महिला लाई दिएको प्रोत्साहन रकम यस महलमा लेख्नुपर्दछ ।
प्रसूति गराउने स्वास्थ्यकर्मीको विवरण	प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीले आफ्नो नाम थर, पद लेखि सही गर्नुपर्दछ । साथै प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी दक्ष प्रसूतिकर्मी भए कोड नं १ दक्ष स्वास्थ्यकर्मी भए कोड नं २ र अन्य स्वास्थ्यकर्मी भए कोड नं ३ मा गोलो लगाउनु पर्दछ । यसै गरी प्रसुति भएको स्वास्थ्य संस्थाको नाम लेखि सो संस्थाको छाप समेत लगाउनुपर्दछ ।
प्रयोगशाला परीक्षण	गर्भावस्था तथा सुत्केरी अवस्थामा गरिएका प्रयोगशाला परीक्षणबाट आएको नतिजा सम्बन्धित परीक्षणको महलमा लेख्नुपर्दछ ।
पहिलो पटक ROUSG गरेको	यस महलमा गर्भवती महिलाको ग्रामिण Obstetric Ultrasound गरेको भए ग/म/सा महलमा सोको विवरण लेख्नु पर्दछ। एक पटकको गर्भमा जति पटक Ultrasound गरिएको भए पनि पहिलो पटक गरेको मिति मात्रै उल्लेख गर्नु पर्दछ ।
टि.बी परीक्षण	गर्भवती महिलालाई क्षयरोगका लागि परिक्षण गरिएको मिति यस महलमा ग/म/सा उल्लेख गर्नु पर्दछ ।
Hep B परीक्षण मिति	यदि गर्भवती महिलालाई महिलाको Hepatitis B **परीक्षण मिति** संगै को महलमा मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
Hep B नतिजा	यदि गर्भवती महिलालाई Hepatitis B परिक्षण गरिएको भएमा परीक्षणको नतिजा Negative भएमा सम्बन्धित महलमा Negative र Positive भएमा Positive महलमा उल्लेख गर्नु पर्दछ
Hep B उपचार	यदि गर्भवती महिलालाई Hepatitis B परिक्षण गर्दा Positive भएमा उपचारका लागि प्रेषण गरेमा तथा उपचार शुरु गरेका उपचार शुरु गरेको मिति (गते, महिना, साल) उल्लेख गर्नु पर्दछ ।
सुत्केरी सेवा	
आमालाई आईरन फोलिक एसिड दिएको संख्या	सुत्केरी भएपछि आमालाई दिएको आइरन चक्कीको सङ्ख्या अङ्कमा लेख्नुपर्दछ । म.स्वा. स्वयंसेविकाले आइरन दिएको भएमा सो यकिन गरी यस महलमा दिएको आइरन चक्की सङ्ख्या लेख्नुपर्दछ। र सो भन्दा तल रहेको मिति महलमा (गते, महिना, साल) उल्लेख गर्नु पर्दछ ।
सुत्केरी जाँच (PNC) को विवरण	
जाँचको पटक र मिति	आमा र वच्चा दुवैको सुरक्षाका लागि सुत्केरी महलिाले सुत्केरी भएको २४ घण्टामा, जन्मेको ३ दिनमा, जन्मेको ७ दिन देखि १४ दिनमा र जन्मको ४२ दिनमा गरी ४ पटक जाँच गर्नुपर्दछ । सुत्केरी महिलाको सुत्केरी जाँचको पहिलो र दोस्रो र तेस्रो र चौथो गरी कुन पटक जाँच गरिएको हो ? सो महलमा मिति (ग । म ।सा) उल्लेख गर्नुपर्दछ । साथै सुत्केरी भएको ३ दिन र ७ देखि १४ दिनभित्रको जाँच घरमा गएर गर्नु पर्ने भएकोले सुत्केरी जाँच जुन स्थानमा visit गरेको हो सोही स्थानमा (✓) चिन्ह लगाइ मिति (ग । म । सा) लेख्नु पर्दछ ।
आमाको अवस्था	हरेक पटकको सुत्केरी जाँचमा आमाको अवस्था सामान्य भए सामान्य र समस्या वा कुनै जटिलता भएमा सो खुलाई लेख्नुपर्दछ । (जस्तैः Post-partum Haemorrhage (PPH), Retention of Placenta, Puerperal Sepsis, Others etc.).
बच्चाको अवस्था	आमाको सुत्केरी जाँच सँगसँगै नवशिशुको स्वास्थ्य परीक्षण गर्नुपर्दछ । नवशिशु जाँच गर्दा सामान्य अवस्था भएमा सामान्य र अन्य समस्या देखिएमा सो समस्या लेख्नुपर्दछ ।
उपचार र सल्लाह	स्वास्थ्य परीक्षण गरी आमा वा नव शिशु कसलाई के उपचार वा सल्लाह दिइएको हो, सो खुलाई लेख्नुपर्दछ । प्रेषण गरेको भएमा कहाँ प्रेषण गरेको हो, लेख्नुपर्दछ ।

परिवार नियोजन सेवा	PNC visit मा गर्भ निरोधमा अपनाएको भए यस महलमा लिएको सेवा उल्लेख गरि सो विवरण परिवार नियोजनको सम्बन्धित सेवा रजिष्टरमा समेत अद्यावधिक गर्नुपर्दछ ।
सेवा प्रदायकको नाम, थर र सही	जाँच गर्ने स्वास्थ्यकर्मीको सम्बन्धित महलमा नाम, थर लेखि सही गर्नुपर्दछ।
स्वास्थ्यसम्बन्धी मुख्य-मुख्य समस्या सल्लाह र उपचार	सेवा लिन आएकी महिलालाई स्वास्थ्य सम्बन्धी कुनै समस्या वा रोग (मुटुको रोग, हात-खुट्टा सुन्निने, कमलपित्त आदि) भए सो समस्याको विवरण, उपचार र सल्लाह यस महलमा छोटकरीमा लेख्नुपर्दछ ।
बच्चाले भिटामिन K१ पाएको	बच्चाले बच्चाले भिटामिन K१ पाएको भए पाएको मिति (ग / म /सा) लेख्नु पर्दछ

HMIS ३.६: मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर

(Maternal and Newborn Health Service Register)

गर्भवती, प्रसूति, सुत्केरी महिलालाई दिइएका सेवाहरू र उक्त अवस्थामा देखिएका जटिलता र सोको व्यवस्थापन एवम् नवजात शिशुहरूको विवरणको अभिलेख राख्नुका साथै आमा सुरक्षा कार्यक्रमको मासिक प्रगति समायोजन र जातजाति अनुसारको मासिक समायोजन समेतको अभिलेख राख्न यो रजिष्टर तयार गरिएको हो । मातृ तथा नवशिशु स्वास्थ्य सेवाका लागि आएका प्रत्येक महिलाको दर्ता यस रजिष्टरमा गरिन्छ। गर्भवती जाँच, प्रसूति सेवा तथा सुत्केरी जाँचमध्ये कुनै एक किसिमको मात्र सेवा दिने स्वास्थ्य संस्थाहरूमा समेत यस रजिष्टरको प्रयोग गरिन्छ ।

गाउँघर क्लिनिकबाट प्रदान गरिएको मातृ तथा नवजात शिशु सेवाको विवरण समेत गाउँघर क्लिनिक सञ्चालन भए पश्चात् यस रजिष्टरमा अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्दछ । महिलाले अन्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाले वितरण गरेको आइरन फोलिक एसिड (IFA) चक्कीको सङ्ख्या यकिन गर्ने गरी सम्बन्धित महलमा लेख्नु पर्दछ ।

रजिष्टरको नमूनाः

मातृ तथा नवजात शिशु सेवा रजिष्टर

| | | |

आमा सुरक्षा कार्यक्रम

महिना	प्रसुति यातायात खर्च		गर्भवती जाँच उत्प्रेरणा खर्च		स्वास्थ्य संस्था														कैफियत
					सुत्केरीका किसिम					Breech Presentation	Multiple Pregnancy	फेकेर भर्ने		प्रसव जटिलता भएकाहरुको व्यवस्थापन गरिएको संख्या	Anti D Vaccine पाएका महिला हरुको संख्या	रक्तसंचार गरिएको जम्मा संख्या (Units)	एम्बुलेन्सबाट ल्याएका महिलाहरुको संख्या		
	यातायात खर्च पाउनु पर्ने महिलाहरु	यातायात खर्च पाएका महिलाहरु	उत्प्रेरणा खर्च पाउनु पर्ने महिला	उत्प्रेरणा खर्च पाएका महिला	सामान्य	भ्याकुम	फोरसेप	C/S	जम्मा			आएका	गएका						
१	२	३		५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	
श्रावण																			
भाद्र																			
आश्विन																			
कार्तिक																			
मंसिर																			
पौष																			
माघ																			
फाल्गुण																			
चैत																			
बैशाख																			
जेष्ठ																			
असार																			
जम्मा																			

जात/जाती अनुसार स्वास्थ्य संस्थामा प्रसुति सेवा समायोजन फारम

जात/जाती	महिना												जम्मा
	श्रावन	भाद्र	अस्विन	कार्तिक	मंसिर	पौष	माघ	फालुन	चैत	बैसाख	जेष्ठ	असार	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
दलित													
जनजाति													
मधेसी													
मुस्लिम													
ब्राह्मण/क्षेत्री													
अन्य													
जम्मा													

रजिष्टर भर्ने तरिका:

शीर्षक	निर्देशन
मुल दर्ता नं.	मुल दर्ता रजिष्टरमा दर्ता हुँदाको नम्बर मातृसेवा कार्डबाट यस महलमा चढाउनु पर्दछ । गाउँघर क्लिनिकबाट यस रजिष्टरमा अद्यावधिक गर्दा यस महलमा ORC लेख्नु पर्दछ ।
सेवा दर्ता नं	सेवाग्राही महिला गर्भवती, प्रसूति वा सुत्केरी सेवा लिन आएमा नयाँ दर्ता नम्बर दिई दर्ता गर्नुपर्दछ । सेवा दर्ता नं. नयाँ सेवाग्राहीको लागी प्रत्येक आ.व. को श्रावणदेखि १ देखि सुरु गरिन्छ ।
महिलाको नाम थर:	गर्भवती, प्रसूति वा सुत्केरी सेवा लिन आएका महिलाको नाम थर यस महलमा लेख्नु पर्दछ ।
जाति कोड	सेवा लिन आएका महिलाको जातजाति समूह अनुसारको कोड नम्बर यस महलमा लेख्नुपर्दछ । (जस्तै ०१, ०२, ..., ०६) नम्बर यसै महलको सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
सेवाग्राहीको उमेर र	सेवाग्राही महिलाले पुरा गरेको उमेर यस महलमा लेख्नु पर्दछ ।
सम्पर्क नं	सेवाग्राही महिला वा परिवारका सदस्यको सम्पर्क नं यस महलमा लेख्न पर्दछ ।
पतिको नाम थर	सेवाग्राही महिलाको पतिको नाम थर यस महलमा लेख्नु पर्दछ । सेवाग्राही महिलाले पतिको नाम खुलाउन ईच्छुक नभएमा लेखि रहन पर्दैन ।
ठेगाना	सेवाग्राही महिलाको जिल्ला, गाउँ/ नगर पालिका वडा नं र गाउँटोल सहितको ठेगाना यस महलमा लेख्नु पर्दछ ।
Gravida	सेवाग्राही महिला हालसम्म जम्मा गर्भवती भएको पटक सोधि यस महलमा उल्लेख गर्नु पर्दछ । Gravida गणना गर्दा गर्भपतन भएको गर्भलाई समेत गणना गर्नुपर्दछ ।
Parity	सेवाग्राही महिलाले हालसम्म जन्माएका जम्मा बच्चा (जीवित र मृत) को संख्या यस महलमा उल्लेख गर्नुपर्दछ । Parity को गणना गर्दा २२ हप्ता अबधि पूरा गरेका सबै गर्भ (२२ हप्ता पछि गर्भ खेर

	गएको समेत) लाई गणना गर्नुपर्दछ । यदि हालको गर्भ पहिलो गर्भ हो वा यसभन्दा पहिले कुनै जन्म दिएको छैन भने Parity महलमा शून्य लेख्नुपर्दछ ।
LMP	सेवाग्राही महिलाको आखिरी रजस्वला भएको मिति (LMP) गते, महिना, साल छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।
EDD	आखिरी रजस्वला भएको मितिको आधार निजको प्रसव हुने अनुमानित मिति (EDD) पत्ता लगाई गते, महिना, साल छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ । प्रसवको अनुमानित मिति निकाल्दा अन्तिम रजस्वला भएको मितिमा ९ महिना ७ दिन जोड्नुपर्दछ । (कुनै महिलाको अन्तिम रजस्वला भएको मिति २०८१।०७।१७ छ भने सो मा ९ महिना ७ दिन जोड्दा प्रसव हुने अनुमानित मिति २०८२।०४।२४ हुन्छ ।)
गर्भवती जाँचको विवरण (नोटः गर्भवती लाई TD खोप लगाएको अभिलेख मातृ सेवा कार्ड मा उल्लेख गर्नु पर्दछ ।)	गर्भवती महिलाले लिएको गर्भवती सेवाको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ । नेपाल सरकारको सुरक्षित मातृत्व रोडम्याप अनुसार आमा र शिशुको स्वास्थ्यका लागि गर्भवती महिलाले प्रत्येक गर्भावस्थामा ८ पटक गर्भवती जाँच सेवा लिनु पर्दछ । रोडम्याप अनुसार १२ हप्तासम्म पहिलो पटक, १३ देखि १६ हप्तासम्म दोस्रो पटक, २० देखि २४ हप्तामा तेस्रो पटक, २८ औ हप्तामा चौथो पटक, ३२ औ हप्तामा पाँचौ पटक, ३४ औ हप्तामा छैठौ पटक, ३६ औ हप्तामा सातौ पटक र ३८ देखि ४० हप्तामा आठौ पटक गर्भ जाँच सेवा दिनु पर्दछ । **प्रथम पटक (कुनै पनि समय)** गर्भवती महिला प्रथम पटक गर्भवती जाँचका लागि आएको मिति (गते, महिना र साल) सम्बन्धित महलमा लेख्नु पर्दछ । यदि प्रथम पटक आउँदा रोडम्यापले निर्दिष्ट गरेको मितिमा आएको भए सोही अनुसारको हप्ताको महलमा समेत सेवा दिएको गते, महिना र साल लेख्नु
	*गर्भवती महिला तथा वच्चाको स्वास्थ्यका लागि ८ पटक अनिवार्य गर्भजाँच हुन पर्ने भएकोले तोकिएको हप्ता अनुसार ८ पटक अनिवार्य जाँच गर्न आउन महिला तथा परिवारका सदस्यलाई अनुरोध गर्नु पर्दछ। गर्भको अवधि (हप्तामा) भन्नाले पूरा गरेको अवधि सम्झनुपर्दछ। जस्तै १६ हप्ता भन्नाले १६ हप्ता ६ दिन सम्मलाई सम्झनु पर्दछ ।** ***यदि एउटा स्वास्थ्य संस्थामा सेवा लिई अर्को महिना अर्को स्वास्थ्य संस्थामा सेवा लिन आएमा निजलाई पहिलो पटको गर्भ जाँचको महलमा राख्नु हुँदैन । त्यसैगरी एउटा संस्थामा जाँच गरिरहेको गर्भवती महिलाहरु अल्ट्रासाउण्ड वा एच आई भी जस्ता परिक्षणको प्रयोजनको लागि मात्र अर्को सस्थामा जाँच गर्न गएमा जाँच गर्न पठाएको स्वास्थ्य संस्थाले प्राप्त रिपोर्ट रजिष्टरमा अध्यावधिक गर्नु पर्दछ र जाँच गरेको स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व अभिलेख रजिष्टरमा उल्लेख गर्नु हुँदैन । उक्त*
	पर्दछ । यसपटक सेवा लिन आएको अवधि प्रोटोकल अनुसार नभएमा यस महलमा मात्रै सेवा दिएको मिति उल्लेख गर्नुपर्दछ । तर यस्ता सेवाग्राहीलाई दिइएको आइरन फोलिक एसिड र क्यालसियम चक्की दिई गर्भको हप्ता अनुसारको नजिक पर्ने हप्ताको महलमा लेख्नु पर्दछ । **१२ हप्तासम्मको जाँचः** गर्भवती महिला गर्भजाँचका लागि गर्भ रहेको १२ हप्तासम्म आएमा सम्बन्धित महलमा मिति (गते, महिना र साल) लेख्नु पर्दछ । यसै गरी १३-१६ हप्तासम्म, २० देखि २४ हप्ता, २८ औ हप्ता, ३२ औ हप्ता, ३४ औ हप्ता, ३६ औ हप्ता र ३८ देखि ४० हप्तामा गरिएको जाँचको मिति सम्बन्धित महलमा मिति (गते, महिना र साल) लेख्नु पर्दछ ।

४ पटक (१३-१६ हप्तासम्म, २०-२४, ३२ र ३६ हप्ता) जाँच विवरणः गर्भवती महिला १३- १६ हप्तासम्म, २० देखि २४ हप्ता, ३२ हप्ता र ३६ हप्तामा गर्भ जाँच गराउन आएको भए ३६ हप्तामा आउँदाको अन्तिम जाँच भेटको मिति (गते, महिना, साल) यस महलमा लेख्न पर्दछ ।

पहिलो पटक ROUSG गरेकोः यस महलमा गर्भवती महिलाको ग्रामिण Obstetric Ultrasound गरेको भए ग/म/सा महलमा सोको विवरण लेख्नु पर्दछ। एक पटकको गर्भमा जति पटक Ultrasound गरिएको भए पनि पहिलो पटक गरेको मिति मात्रै उल्लेख गर्नु पर्दछ । उक्त सेवा सम्बन्धित स्वास्थ्य संस्थवाट दिएको भएको सुनिश्चितता गरि मिति उल्लेख गर्नुपर्दछ ।

प्रोटोकल अनुसार ८ पटकः गर्भवती महिला १२ औ हप्ताभित्र पहिलो पटक, १३-१६ हप्तासम्ममा दोस्रो पटक, २० देखि २४ हप्तामा तेस्रो पटक २८ औ हप्तामा चौथो पटक, ३२ औ हप्तामा पाँचौ पटक, ३४ औ हप्तामा छैठौ पटक, ३६ औ सातौ पटक र ३८ देखि ४० हप्तामा आठौ पटक गर्भ जाँचका लागि आएको भए ४० औ हप्तामा आउँदाको मिति (गते महिना र साल) सम्बन्धित महलमा लेख्नु पर्दछ ।

आइरन फोलिक एसिडः शरीरमा रगतको कमी हुन नदिन गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्की आइरन सेवन गर्नु पर्दछ । गर्भ जाँचको लागि आएका गर्भवती महिलालाई दिएको आइरन फोलिक एसिडको संख्या सम्बन्धित हप्ताको महलमा लेख्नु पर्दछ । साथै गर्भवती महिलाले अन्य संस्थाबाट वा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाबाट आइरन फोलिक एसिड लिएको भए मातृ सेवा रेकर्ड हेरी/सोधपुछ गरी सम्बन्धित हप्ताको महलमा आइरन फोलिक एसिड र चक्कीको सङ्ख्या लेख्नुपर्दछ ।
क्यालसियम चक्कीः गर्भमा रहेको शिशुको बृद्धि विकासकालागि गर्भवती महिलाले गर्भ अवधिभर १८० दिनसम्म तोकिए अनुसारको क्यालसियमको मात्रा सेवन गर्नु पर्दछ । गर्भ जाँचको लागि आएका गर्भवती महिलालाई दिएको क्यालसियमको मात्रा संख्या सम्बन्धित हप्ताको महलमा लेख्नुपर्दछ । गर्भवती महिलाको लागि फरक फरक मात्रामा चक्की दिईने भए पनि कति दिन सम्मको लागि दिईएको हो सोही बमोजिम उल्लेख गर्नु पर्दछ ।
यदि कुनै गर्भवति महिलाले अन्य कुनै स्वास्थ्य संस्थामा नियमित जाँच भेट गरिरहेको साथै आईरन फोलिक एसिड तथा क्यालसियम चक्की खाईरहेको र ३८-४० हप्ताको भेटमा आउदा अन्य स्वास्थ्य संस्थाको समेत गणना गर्दा यदि ४ पटक अथवा ८ पटक जाँच भेट गरेको सुनिश्चितता भएमा यस भन्दा अघि भेट गरिएको महलमा उक्त स्वास्थ्य संस्थाको नाम उल्लेख गरी ४ पटक वा ८ पटक जाँच भेट गरेको महलमा मिति उल्लेख गरी सोही बमोजिम प्रतिवेदन गर्नु पर्दछ । आईरन फोलिक एसिड तथा क्यालसियम चक्की को महलमा समेत निजले अन्य स्वास्थ्य संस्था तथा म.स्वा.स्व.से. मार्फत पाएको चक्की समेतलाई गणना गरी १८० दिन सम्म खाएको भएमा सोही बमोजिम प्रतिवेदन गर्नु पर्दछ ।
टी डी खोपः गर्भवती महिला र नवजात शिशुलाई धनुष्टंकार र डिप्थेरियाबाट बचाउन २ मात्रा टी डी खोप गर्भ रहेको थाहा पाउने वित्तिकै पहिलो मात्रा र त्यसको १ महिना पछि दोसो मात्रा दिनु पर्दछ । गर्भवती महिलाले यस अघिका गर्भमा २ वा सोभन्दा बढी पटक टि.डी लिइसकेको भएमा यसपटकको गर्भमा १ मात्रा मात्र दिए पुग्छ ।
टी डी खोप १ मात्राः यदि पहिलो पटक टी. डी. खोप दिएको भए सम्बन्धित महलमा मिति (गते, महिना, साल) लेख्नुपर्दछ।
टी डी खोप २ मात्राः दोस्रो मात्रा टी डी खोप पाएको भए सम्बन्धित महलमा मिति (गते, महिना र साल) लेख्नुपर्दछ ।
टी डी खोप २+ मात्राः गर्भवति महिलाले यस अघिको गर्भमा २ वटा टि.डी लिइसकेको भएमा यसपटकको गर्भमा १ मात्रा मात्र टी डी खोप दिइ सम्बन्धित महलमा मिति (गते, महिना र साल)

	लेखुपर्दछ । गर्भवती अवस्थामा लिएको **टी डी खोपको विवरण खोप सेवा रजिष्टरमा भएको टी डी खोप सेवा रजिष्टर (HMIS २.२.४) मा अद्यावधिक गर्नु पर्दछ।** **जुकाको आ ाषधी वितरणः** गर्भवती महिलालाई प्रत्येक गर्भमा जुकाको औषधी १ मात्रा सेवन गर्नुपर्ने भएकाले सेवाग्राहीलाई जुकाको औषधी वितरण गरेको भए वितरण गरिएको मिति (गते, महिना र साल) यस महलमा लेखुपर्दछ । **रगत दिएकोः** गर्भवति महिलालाई गर्भवति अवस्थामा रगत दिएको भए दिएको रगतको मात्रा (पिन्ट) यस महलमा लेख्न पर्दछ । **उपचार /सल्लाहः** गर्भावस्थामा दिएको उपचार र सल्लाह यस महलमा लेखुपर्दछ ।
गर्भावस्थामा देखिएका जटिलता व्यवस्थापन	गर्भवती महिलाको जाँचका क्रममा कुनै जटिलताको देखिएका सम्बन्धित जटिलता संगैको महलमा महिना लेखु पर्दछ । साथै सो जटिलताको उपचार गरेको भएका कोड नं १ मा गोलो घेरा (०) अथवा उपचार हुन नसकी प्रेषण गर्नु परेमा कोड २ मा गोलो घेरा (०) चिन्ह लगाउनु पर्दछ । जस्तैः भाद्र महिनामा गर्भ जाँचकालागी आउनु भएको महिलालाई Pre-eclampsia का लक्षण देखिएको र उपचार गरेको भए Pre-eclampsia संगैको महिना महलमा **भाद्र** लेखि कोड १ मा गोलो घेरा (०) । माथि उल्लेखित जटिलता भन्दा अन्य जटिलता भएमा अन्य (others) महलमा जटिलता उल्लेख गरि उपचार गरेकोमा गोलो घेरा (०) र उपचार हुन नसकी प्रेषण गर्नु परेमा कोड २ मा गोलो घेरा (०) चिन्ह लगाउनु पर्दछ ।
प्रसुति सेवा	
प्रसूति सेवाका लागी भर्ना भएकों मिति	गर्भवती महिला प्रशव सेवाको लागी स्वास्थ्य संस्थामा भर्ना भएको मिति (गते, महिना, साल) र समय (AM, PM) सम्बन्धित महलमा लेखु पर्दछ ।
प्रसूति मिति, समय	सेवाग्राही महिला प्रसूति भएको मिति (गते, महिना, साल) र समय (AM, PM) सम्बन्धित महलमा लेखु पर्दछ ।
(Fetal Presentation)	गर्भमा रहेको बच्चा (भ्रुण) को अवस्थिति Cephalic, Shoulder, Breech के हो सोही अनुसारको महलको कोडमा गोलो (0) लगाउनु पर्दछ । यदि जुम्ल्याहा बच्चा जन्म भई बच्चाको fetal presentation फरक भएमा अभिलेखमा दुबैमा गोलो (0) लगाउनु पर्दछ तर प्रतिवेदनमा जुन जटिलता हो सोही अनुसार आमाको संख्या मात्र उल्लेख गर्नु पर्दछ ।
प्रसव व्यथाको स्थिती	प्रसव व्यथा Spontaneous भए कोड नं. १, Augmentation भए कोड नं २ र Induced Labour भए कोड नं ३ मा गोलो (0) लगाउनु पर्दछ ।
प्रसूतिको स्थान र प्रकार	गर्भवती वा प्रसूति सेवा लिन आएको गर्भवती महिला यसै संस्थामा प्रसूति भएको भए कोड १ गोलो (0) लगाउनु पर्दछ । गर्भवती सेवाका लागि यस संस्थामा दर्ता भएका तर अन्यत्र प्रसूति भएको भए कोड २ मा गोलो घेरा लगाई संस्था को नाम समेत लेखु पर्दछ र गर्भवती सेवाका लागि यस संस्थामा दर्ता भएको महिला घरैमा प्रसूति भएको भए यकिन गरी कोड ३ मा गोलो (0) लगाउनु पर्दछ । साथै Spontaneous delivery भए कोड नं.१, Forceps delivery भए कोड नं २, Vacuum delivery भए कोड नं ३ र Cesarean section बाट delivery भएको भए कोड नं ४ मा गोलो (0) लगाउनु पर्दछ । प्रसुति भएको स्थान यदि उक्त महिलाको प्रसुती यहि स्वास्थ्य संस्थामा भएको भए कोड नं १ मा गोलो लगाउनु पर्दछ तर प्रसुती अन्य स्वास्थ्य संस्थामा भई प्रसुती पछिको सेवा लिन यस स्वास्थ्य संस्थामा आएको भए अन्य संस्थामा कोड नं २ मा गोलो लगाई उक्त संस्थाको नाम उल्लेख गर्नु पर्दछ साथै यदि प्रसुती घरमा भएको भए कोड नं ३ मा गोलो लगाउनु पर्दछ । नोटः यस संस्थामा दर्ता नभएता पनि सुत्केरी पश्चातका जटिलता तथा उत्तर प्रसूति सेवा लिन आएमा सो को विवरण समेत यस रजिष्टरको सम्बन्धित महलमा (घरमा प्रसूति भएका समेत) अध्यावधिक गर्नु पर्दछ।

नवजात शिशुको अवस्था	नवजात शिशु जन्मदाको अवस्थामा Normal भए कोड नं १, Infection भएको भए कोड नं. २, Asphyxia भए कोड नं ३ Hypothermia भए कोड नं ४, Jaundice भएको भएमा कोड नं ५ र Congenital Syphilis भएको भएमा कोड नं. ६ मा गोलो (0) लगाउनु पर्दछ। जीवित जन्मेको शिशु अवधि पुगेर जन्मेको भए कोड नं १ र अवधि नपुगी जन्मेको भए कोड नं २ मा गोलो (0) लगाउनु पर्दछ। मृत जन्मेको भए शिशु Intrapartum भए कोड नं १ र Antepartum भए कोड नं २ मा गोलो (0) लगाउनु पर्दछ ।
जीवित शिशुको लिंग, सख्या, तौल र विकलाङ्गता	जीवित जन्म भएका नवजात शिशुको जम्मा संख्या र छोरा/छोरी/अन्यको संख्या र नवजात शिशुको तौल (ग्राम) सम्बन्धित छोरा/छोरी/अन्य अनुसारका महलमा लेख्नु पर्दछ । र सोही बमोजिम जिवित बच्चाको जन्म तौल (ग्राम)मा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ । जीवित नवजात शिशु विकलांग (Congenital Anomalies) भए विकलांगको अवस्था Major, Minor र अन्य छुटयाई सम्बन्धित महलमा संख्या लेख्नुपर्दछ । Structural congenital anomalies can be classified as one of two types: **major anomalies** or **minor anomalies**. Major and minor anomalies may sometimes be present in one individual. • **Major anomalies** are structural changes that have significant medical, surgical, social or cosmetic consequences for the affected individual, and typically require medical intervention. Examples include spina bifida, anencephaly, heart defects and orofacial clefts. Major anomalies account for most of the mortality, morbidity, and disability related to congenital anomalies. • **Minor anomalies** are structural changes that pose little or no significant health problem and tend to have limited social or cosmetic consequences for the affected individual. Minor anomalies are more common than major anomalies and can be a useful tool for clinicians to identify syndromes. Examples of minor anomalies include single palmar crease and clinodactyly (mild curvature of a finger). CDC
सुत्केरी गराउने स्वास्थ्यकर्मी	सुत्केरी गराउने स्वास्थ्यकर्मीको नाम लेखि स्वास्थ्यकर्मी दक्ष प्रसूतिकर्मी (SBA ANM) भए कोड नं १, दक्ष स्वास्थ्यकर्मी (SHP) भए कोड नं २ र अन्य स्वास्थ्यकर्मी भए कोड नं ३ मा गोलो (0) लगाउनु पर्दछ ।
डिस्चार्ज भएको मिति	सुत्केरीको लागि भर्ना भएको महिला डिस्चार्ज भई घर पठाएको मिति (गते, महिना, साल) र समय (AM, PM) सम्बन्धित महलमा लेख्नु पर्दछ । साथै महिला घर पठाउदा आमाको अवस्था Recovered भएको भए कोड नं. १, Stable भए कोड नं २, Referred Out भएको भए कोड नं. ३ मा गोलो लगाउनु पर्दछ साथै सो भन्दा मुनिको महलमा प्रेषण गरेको स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ । त्यसै गरी यदि सुत्केरी महिला LAMA भएमा कोड नं ४, Absconded भएमा कोड नं ५ र आमाको मृत्यु भएमा कोड नं ६ मा गोलो लगाउनु पर्दछ, साथै मातृ मुत्यु महलका सम्बन्धित महलमा समेत भर्नु पर्दछ ।
अन्य सेवा	सुत्केरी गराउदा रगत दिएको भए रगतको मात्रा (पिन्ट) खुलाउने, अक्सिटोसिन सुइ दिएको भए कोड नं. १ मा, KMC सेवा दिएको भए २ मा, जन्मेको १ घण्टा भित्र स्तनपान गराएको भए ३ मा गोलो (0) लगाउनु पर्दछ। जन्मजात कम तौल भएका बच्चाहरू वा hypothermia भएका बच्चाहरूका लागि KMC सेवा विधिबाट स्याहार गरिएको भए यसमा उल्लेख गर्नु पर्दछ ।

टि.वी./एच.आई भी./ सिफलिस र Hep B परीक्षण र उपचार	**टि.वी. परीक्षणः** प्रत्येक गर्भवती महिलाको अनिवार्य रूपमा टि.वी. परीक्षण (Sptum) गर्नु पर्दछ । यदि गर्भवती महिलालाई टि.वी. सम्बन्धी परामर्श दिइ परीक्षण गरिएको भए वा परीक्षण गर्न प्रयोगशालामा पठाएको भए टि.वी. परीक्षणसंगैको महलमा टि.वी. परीक्षण गरेको मिति (गते, महिना, साल) लेख्नुपर्दछ । **एच.आई.भी. परीक्षण र उपचारः** प्रत्येक गर्भवती महिलाको अनिवार्य रूपमा एच.आई.भी. परीक्षण गर्नु पर्दछ । यदि गर्भवती महिलालाई एच.आई.भी. सम्बन्धी परामर्श दिइ परीक्षण गरिएको भए वा परीक्षण गर्न प्रयोगशालामा पठाएको भए एच.आई.भी. परीक्षणसंगैको महलमा सो मिति (गते, महिना, साल) लेख्नुपर्दछ । एच.आई.भी. परीक्षणको नतिजाबाट एच.आई.भी. नभएको प्रमाणित भएमा Non Reactive र एच.आई.भी. भएको प्रमाणित भएमा Reactive (३ वटै विधिबाट परीक्षण गरी पोजेटिभ यकीन भएको) लेख्नु पर्दछ । साथै पोजेटिभ भएका महिलालाई सम्बन्धित ए.आर.टी. उपचार सेवा उपलव्ध भए उपचार शुरू गर्ने र सो सेवा उपलब्ध नभए सेवा उपलव्ध भएको संस्थामा प्रेषण गर्ने र सम्बन्धित महलमा मिति (गते, महिना र साल) लेखि सो भन्दा मुनीको महलमा प्रेषण गरेको स्वास्थ्य संस्थाको नाम लेख्नु पर्दछ । **सिफलिस परीक्षण, नतिजा र उपचारः** यदि गर्भवती महिलालाई सिफलिस परीक्षण गरिएको भए " सिफलिस परीक्षण मिति" संगै को महलमा सो मिति (गते, महिना, साल) लेख्नुपर्दछ । सिफलिस परीक्षणको नतिजा Negative भएमा सम्बन्धित महलमा Negative र Positive भएमा सम्बन्धित महलमा Positive लेख्नु पर्दछ । परीक्षण गर्दा आएको निम्न अवस्थालाई पोजिटिभ मान्नुपर्दछ। १) Treponemal टेष्ट (RST) पोजिटिभ आएको खण्डमा; वा २) Non-Treponemal (RPR/VDRL) टेष्टमा पोजिटिभ आएको खण्डमा TPPA/TPHA टेष्ट पनि पोजिटिभ देखिएमा यसरी सिफलिस पोजिटिभ भएका महिलालाई सम्बन्धित संस्थामा उपचार शुरू गरेमा संगैको महलमा मिति (गते, महिना र साल) र उपचारका लागि अन्य संस्थामा प्रेषण गर्नु परेमा सिफलिस उपचार मुनीको "प्रेषण गरेको संस्था " महलमा प्रेषण गरेको स्वास्थ्य संस्थाको नाम र ठेगाना स्पष्ट रूपमा उल्लेख गन्नुपर्दछ । **Hepatitis B परीक्षण, नतिजा र उपचारः** यदि गर्भवती महिलाको Hepatitis B (HBsAg) परीक्षण गरिएको भए "Hepatitis B परीक्षण मिति" महलमा परीक्षण मिति (गते, महिना, साल) लेख्नुपर्दछ । परीक्षणको नतिजा Negative भएमा सम्बन्धित महलमा HBsAg Negative र Positive भएमा HBsAg Positive लेख्नुपर्दछ। HBsAg पोजिटिभ देखिएका गर्भवती महिलामा आवश्यक (भाइरल लोड) परीक्षण गरी आमाबाट बच्चामा Hep B सर्नबाट रोक्न एन्टीभाइरल प्रोफाइल्याक्सिस (उपचार) आवश्यक छ या छैन निर्धारण गर्नुपर्छ। एन्टीभाइरल प्रोफाइल्याक्सिस आवश्यक भएका गर्भवती महिलालाई सम्बन्धित संस्थाबाट सेवा प्रदान गरिएको भए "Hep B उपचार" महलमा उपचार सुरु गरिएको मिति (गते, महिना र साल) उल्लेख गर्नुपर्दछ । थप परीक्षण तथा उपचारका लागि अन्य संस्थामा प्रेषण गर्नुपरेमा Hep B उपचार मुनीको "प्रेषण गरेको संस्था" महलमा प्रेषण गरिएको संस्थाको नाम र ठेगाना स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।
प्रसूति अवस्थाका जटिलता	प्रसूतिका क्रममा महिलामा कुनै जटिलता देखिएमा सम्बन्धित जटिलताहरु संगैको महलमा महिना लेख्नु पर्दछ । साथै सो जटिलताको उपचार गरेको भए कोड नं १ र उपचार हुन नसकी प्रेषण गर्नु परेमा कोड २ मा गोलो (0) चिन्ह लगाउनु पर्दछ । जस्तैः २०८२ माघ महिनामा सुत्केरीका लागी स्वास्थ्य संस्थामा भर्ना भएकी महिलामा Prolonged labour का लक्षण देखिएको र तत्काल उपचार गरेको भए Prolonged labour संगैको महिनाको महलमा **माघ** लेखि कोड १ मा गोलो (0) लगाउनु पर्दछ ।

सुत्केरी पछिको सेवा	
सुत्केरी पछि जाँचः प्रोटोकल अनुसार सुत्केरी तथा नवजात शिशुको सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन देखि १४ दिन र ४२ दिनमा गरी ४ पटक जाँच गर्नु पर्दछ । यसरी गरिने जाँच मध्ये ३ दिन र ७ दिन देखि १४ दिनमा गरिने जाँच सुत्केरी महिलाको घरमा गएर गर्नु पर्दछ । सुत्केरी जाँचको समयमा शिशुको समेत जाँच गर्नु पर्दछ ।	
सुत्केरी भएको २४ घण्टामा	सुत्केरी महिलालाई सुत्केरी भएको २४ घण्टामा गरेको जाँचको मिति (गते महिना र साल) सम्बन्धित महलमा लेखि नवजात शिशु जाँचको महलको कोड १ मा गोलो लगाउनु पर्दछ ।
सुत्केरी भएको ३ दिनमा	सुत्केरी महिलालाई सुत्केरी भएको ३ दिनमा स्वास्थ्य संस्थामा वा घरमा जाँच भेट गरेको भए सम्वन्धित महल संगै रहेको मिति (गते महिना र साल) लेखि नवजात शिशु जाँचको महलको कोड १ मा गोलो लगाउनु पर्दछ ।
सुत्केरी भएको ७ देखि १४ दिन मित्र	सुत्केरी महिलालाई सुत्केरी भएको ७ देखि १४ दिनमा स्वास्थ्य संस्थामा वा घरमा जाँच भेट गरेको भए सम्वन्धित महल संगै रहेको मिति (गते महिना र साल) लेखि नवजात शिशु जाँचको महलको कोड १ मा गोलो लगाउनु पर्दछ ।
सुत्केरी भएको ४२ दिनमा	सुत्केरी महिलालाई सुत्केरी भएको ४२ दिनमा गरेको जाँचको मिति (गते महिना र साल) सम्बन्धित महलमा लेखि नवजात शिशु जाँचको महलको कोड १ मा गोलो लगाउनु पर्दछ ।
प्रोटोकल अनुसार ४ पटक	सुत्केरी महिलालाई प्रोटोकल अनुसार २४ घण्टामा, ३ दिनमा, ७ देखि १४ दिनमा र ४२ दिनमा जाँच गरेको भएमा अन्तिम पटक (४२ दिन) जाँच गरेको मिति (गते, महिना र साल) यस महलमा लेख्नुपर्दछ । यदि ३ दिन र ७ देखि १४ दिनमा स्वास्थ्यकर्मीबाट घर भेट गरिएका सुत्केरी महिलाहरुको समेत सम्वन्धित महलमा विवरण अद्यावधिक गरि प्रोटोकल अनुसार ४ पटक भेटमा गणना गर्नु पर्दछ।
बच्चालाई भिटामिन K१ दिएको	नवशिशुलाई भिटामिन K१ दिएको मिति (गते महिना र साल) सम्बन्धित महलमा लेख्न पर्दछ ।
आइरन फोलिक एसिड (ट्याब्लेट)	सुत्केरी पछिको अवस्थामा सुत्केरी महिलालाई दिएको आइरन फोलिक एसिडको मात्रा (टयाब्लेट) यस महलमा लेख्न पर्दछ ।
रगत दिएको	सुत्केरी पछिको अवस्थामा महिलालाई रगत दिएको भए दिएको रगतको मात्रा (पिन्ट) यस महलमा लेख्न पर्दछ ।
उपचार सल्लाह	सुत्केरी पछिको अवस्थामा आमालाई दिएको उपचार तथा सल्लाह यस महलमा लेख्न पर्दछ ।
सुत्केरी अवस्थामा गर्भ निरोधका साधन प्रयोगः सुत्केरी पश्चात लामो तथा छोटो अवधिको परिवार नियोजनका साधनहरु सुत्केरी महिलालाई दिएको विवरण परिवार नियोजन रजिष्टर ३.२/३.३/३.४ मा अनिवार्यरुपले अद्यावधिक गर्नु पर्दछ।	
सुत्केरी भएको ४८ घण्टा भित्र	सुत्केरी महिलाले सुत्केरी भएको ४८ घण्टा भित्र गर्भ निरोधका साधन आइ यू सि डी, इम्प्लान्ट र Bilateral Tubal Ligation (BTL) मध्ये जुन साधन प्रयोग गरेको हो सो साधनको नाम गर्भ निरोध साधन महलमा लेख्नु पर्दछ ।
सुत्केरी भएको ४९ घण्टा देखि ४२ दिन भित्र	सुत्केरी महिलाले सुत्केरी को ४९ घण्टा देखि ४२ दिन भित्र गर्भ निरोधका साधन आइ यू सि डी, इम्प्लान्ट र BTL मध्ये जुन साधन प्रयोग गरेको हो सो साधनको नाम गर्भ निरोध साधन महलमा लेख्नु पर्दछ । **पुनश्चः** सुत्केरी महिलाले शिशुलाई स्तनपान नगराएको भएमा डिपो सुई पनि दिन सकिन्छ ।
सुत्केरी अवस्थामा देखिएका	सुत्केरी अवस्थामा कुनै जटिलताहरु देखिएमा सम्बन्धित जटिलता संगैको महलमा महिना लेख्नु पर्दछ । साथै सो जटिलताको उपचार गरेको भएमा कोड नं १ मा गोलो (०) र उपचार हुन नसकी प्रेषण गर्नु परेमा कोड नं. २ मा गोलो (०) लगाउनु पर्दछ । जस्तैः २०८२ भाद्र महिनामा सुत्केरी जाँचका लागि

जटिलता व्यवस्थापन	आएको महिलालाई Pre-eclampsia का लक्षण देखिएको र संस्थामै उपचार गरेको भए Pre-eclampsia संगैको महिना महलमा (भाद्र) लेखि कोड १ मा गोलो (०) लगाउनु पर्दछ ।
मातृ मृत्यु मिति, स्थान, अवस्था र कारण	गर्भवती प्रसव वा सुत्केरी अवस्था (प्रसूतिको ४२ दिन भित्र) मा महिलाको मृत्यु भएको भए मृत्युको मिति (गते, महिना र साल), मृत्यु भएको स्थान, अवस्था (गर्भवती, प्रसूति वा सुत्केरी) र मृत्युको कारण सम्बन्धित महलमा लेख्नु पर्दछ । मृत्यु भएको स्थान घरमा स्वास्थ्य संस्थामा र अन्य स्थान कहाँ भएको उल्लेख गर्नु पर्दछ ।
शिशु मृत्यु मिति र कारण	नवजात शिशुको मृत्यु भएको भए मृत्यु भएको मिति (गते, महिना र साल) र मृत्युको कारण सम्बन्धित महलमा लेख्नु पर्दछ ।
यातायात खर्च	नेपाल सरकारले संस्थागत सुत्केरी सेवालाई प्रोत्साहन गर्न स्वास्थ्य संस्थामा सुत्केरी हुन आएका महिलालाई यातायात खर्च वापत हिमालमा रू ३०००, पहाडमा रू २००० र तराईमा रू १००० उपलब्ध गराउने नीति लिएको छ । सेवाग्राही महिलालाई उपलब्ध गराएको रकम सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ । यदि उक्त रकम उपलब्ध गराउन नसकिएको भए कारण सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।
गर्भवती उत्प्रेरणा खर्च	गर्भ जाँचलाई प्रोत्साहन गर्न नेपाल सरकारले गर्भवती उत्प्रेरणा खर्च वापत रू ८००/- उपलब्ध गराउने गरेको छ । सेवाग्राही महिलालाई उपलब्ध गराएको रकम सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ । यदि उक्त रकम उपलब्ध गराउन नसकिएको भए कारण सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ ।
न्यानो झोला वितरण	नवजात शिशुलाई न्यानो झोला वितरण गरेको भए कोड नं. १ र नगरेको भए कोड नं २ मा गोलो लगाउनु पर्दछ । साथै वितरण गर्न नसकिएको भए कारण सम्बन्धित मलहमा लेख्नु पर्दछ ।


महल		निर्देशन
यस महिनामा बुद्धि अनुगमन गरिएका बच्चा संख्या		
वृद्धि अनुगमन गरिएका बालबालिकाहरूको पोषण स्थिति (नयाँ तथा दोह¥याई आएका)	०—११ महिना (पहिलो पटक भेट)	पोषण रजिष्टर (HMIS २.३) बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) ० देखि ११ महिना उमेर समूहका पहिलो पटक वृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	१२—२३ महिना (पहिलो पटक भेट)	पोषण रजिष्टर (HMIS २.३) बाट उमेर अनुसारको वृद्धि तथा अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) वृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित महलमा चढाउनुपर्दछ । यदि बच्चा ०—११ उमेर समुह मै पहिलो पटक बृद्धि अनुगमनका लागि दर्ता भइसकेको छ भने १२—२३ महिना उमेर समुहमा दोह¥याई आएका महलमा लेख्नु पर्दछ । हालसम्म कुनै पनि महिनामा बृद्धि अनुगमनका लागि आएकै छैन र उसको उमेर १२—२३ महिना भित्र पर्दछ भने मात्र उक्त महिनाको नयाँमा लेख्नु पर्दछ ।
	०—११ महिना (दोह¥याई आएको)	पोषण रजिष्टर (HMIS २.३) बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) ० देखि ११ महिना उमेर समूहका दोह¥याई आएको (पहिलो पटक बाहेक) बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	१२—२३ महिना (दोहोर्याई आएको)	पोषण रजिष्टर (HMIS २.३) बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) १२ देखि २३ महिना उमेर समूहका दोह¥याई आएको (पहिलो पटक बाहेक) बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
बृध्दि अनुगमनका लागि दर्ता गरीएका २३ महिना पुरा गरेका जम्मा बालबालिकाको संख्या		वृद्धि अनुगमनका लागि दर्ता भएका २३ महिना माथिका बालबालिकाहरूले संख्या यकिन गर्न पोषण रजिष्टर (HMIS २.३) को महल नं ६४ बाट वृद्धि अनुगमनका लागि तौल लिएको पटक उल्लेख भएका कोठाहरू गणना गरी बालबालिकाको संख्या यस महलमा चढाउनुपर्दछ । ।एक जना बच्चाको २३ महिना भित्रमा एउटा स्वास्थ्य संस्थावाट मात्र उक्त महलको प्रतिवेदन हुने (दोहोरो नपर्ने) गरी व्यवस्थापन गर्नु पर्दछ ।
बृध्दि अनुगमनका लागि दर्ता गरीएका २३ महिना पुरा गरेका बालबालिकाको तौल लिएको जम्मा पटक		पोषण रजिष्टर (HMIS २.३) को महल नं ६४ मा उल्लेख गरिएको २३ महिना पुरा भएका बालबालिकाहरूले वृद्धि अनुगमनका लागि तौल लिएको पटकलाई जोड गरी जोडफललाई यस महलमा चढाउनुपर्दछ ।एक जना बच्चाको २३ महिना भित्रमा

महल		निर्देशन
		एउटा स्वास्थ्य संस्थावाट मात्र उक्त महलको प्रतिवेदन हुने (दोहोरो नपर्ने) व्यवस्थापन गर्नु पर्दछ ।
आइरन/ जुकाको औषधी पाएका गर्भवती महिला	पहिलो पटक आइरन फोलिक एसिड वितरण गरिएका	प्रतिवेदन गर्ने महिनामा गर्भवती जाँचका लागि दर्ता भएका गर्भवती महिलाहरूलाई पहिलो पटक आइरन फोलिक एसिड वितरण गरिएको महिलाहरूको सङ्ख्या मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को आइरन फोलिक एसिड वितरण महलबाट गणना गरी सम्बन्धित कोठामा चढाउनु पर्दछ ।
	१८० चक्की आइरन फोलिक एसिड पाएका	प्रतिवेदन गर्ने महिनामा गर्भावस्थामा पूर्ण मात्रा आइरन (१८० चक्की) पाएका गर्भवती महिलाहरूको सङ्ख्या मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को गर्भवती जाँच विवरण अन्तर्गतको "आइरन" महलबाट ३८-४० हप्ता गर्भ जाँचको समय सम्ममा १८० चक्की आइरन पाएका गर्भवती महिलाहरूको सङ्ख्या गणना गरी लेख्नुपर्दछ । अर्थात गर्भावस्थामा १८० दिन आईरन खाएका महिलाहरूको संख्या गणना गर्नु पर्दछ ।
	जुकाको औषधी पाएका	प्रतिवेदन गर्ने महिनामा जुकाको औषधी वितरण गरिएको गर्भवती महिलाहरूको सङ्ख्या मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) का गर्भवती जाँच विवरण अन्तर्गतको "जुकाको औषधी वितरण" को महलबाट सम्बन्धित महिनाको मिति गणना गरी यस महलमा लेख्नुपर्दछ ।
क्यालसियमको १८० मात्रा पाएका गर्भवती महिलाको संख्या		प्रतिवेदन गर्ने महिनामा गर्भावस्थामा क्यालसियमको १८० मात्रा पाएका गर्भवती महिलाहरूको संख्या मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को गर्भवती जाँच विवरण अन्तर्गतको "क्यालसियमको" महलबाट ३८-४० हप्ता गर्भ जाँचको समय सम्ममा १८० मात्रा क्यालसियम पाएका गर्भवती महिलाहरूको सङ्ख्या गणना गरी लेख्नुपर्दछ । अर्थात गर्भावस्थामा १८० मात्रा क्यालसियम खाएका महिलाहरूको संख्या गणना गर्नु पर्दछ ।मात्रा भन्नाले प्रतिदिन जति चक्की खाएको भए पनि १ मात्रा प्रतिदिन को अनुसार गणना गर्नुपर्दछ ।
आइरन फोलिक एसिड पाएका सुत्केरी महिला	४५ चक्की आइरन फोलिक एसिड पाएका	प्रतिवेदन गर्ने महिनामा सुत्केरी महिलाहरूलाई आइरन वितरण गरिएको सङ्ख्यामातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को सुत्केरी पछिको सेवा अन्तर्गतको "आइरनचक्की" महलमा ४५ चक्की आइरन पाएका सुत्केरी महिलाहरूको संख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
भिटामिन ए र जुकाको औषधी पाएका ५ वर्षभन्दा मुनिका बाल—बालिकाको सङ्ख्या	भिटामिन ए पाएका (६ देखि ११ महिना/ १२ देखि ५९ महिना) /जुकाको औषधी	वैशाख र कार्तिक महिनामा आम वितरणमा ६ देखि ५९ महिनाका बालबालिकाहरूलाई भिटामिन ए र १२ देखि ५९ महिनाका बालबालिकाहरूलाई जुकाको औषधी खुवाएको प्रतिवेदन पोषण रजिष्टर (HMIS २.३) को अन्तिम पानाको एकमुष्ट प्रतिवेदनबाट उतार गरी भिटामिन ए को ६-११ महिना, १२-५९ महिना र जुकाको औषधी छुट्टाछुट्टै सम्बन्धित महलमा चढाउनु पर्दछ ।
जुकाको औषधी पाएका छात्रा/छात्रहरू (अर्ध वार्षिक)	छात्रा/छात्र	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत लक्षित समूहका विद्यार्थीहरूले जुकाको औषधी पाएकाको सङ्ख्या दुई बर्ष मुनिका बाल बालिकाहरूको पोषण रजिष्टर (HMIS २.३) को अन्तिम पानाको एकमुष्ट प्रतिवेदनबाट उतार गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम (Integrated Management of Acute Malnutrition (IMAM) Program)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमको अभिलेख शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS २.६) मा राखिएको हुन्छ । उक्त रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी सम्बन्धित प्रतिवेदन फाराममा चढाउनुपर्दछ ।

महल			निर्देशन
गत महिनाको अन्तसम्मका बच्चाहरूको जम्मा	६ महिनामुनि	बालिका /बालक	गत महिनाको अन्तसम्मका बच्चाहरूको जम्मा संख्या शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) मादर्ता भई डिस्चार्ज नगरेको बिरामीहरू संख्या गणना गरी वागत महिनाको प्रतिवेदनको (HMIS ९.३/९.४/९.५) महल नं. १३बाट यस महलमा उमेर अनुसारको महिला र पुरुषको सङ्ख्या सम्बन्धित महलहरूमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	बालिका /बालक	
नयाँ भर्ना	६ महिनामुनि	बालिका/ बालक	प्रतिबेदनतयार गर्ने महिनामा शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) मा दर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत नयाँ भर्ना कोड १ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
पुनः भर्ना	६ महिनामुनि	बालिका/ बालक	प्रतिवेदन तयार गर्ने महिनामा शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) मादर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत पुनदर्ता भएको कोड २ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
रेफर (स्थानान्तरण) भइ आएका	६ महिनामुनि	बालिका/ बालक	प्रतिवेदन तयार गर्ने महिनामा शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) मादर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत बाहिरबाट आएको कोड ३ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
डिस्चार्ज भएको (निको भएको)	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) बाट प्रतिवेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगतनिको भएको कोड १ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
डिस्चार्ज भएको (मृत्यु भएको)	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) बाट प्रतिवेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत मृत्यु भएको कोड ५ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
डिस्चार्ज भएको (डिफल्टर भएको)	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS-२.६**) बाटप्रतिबेदनतयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत डिफल्टर भएको कोड ३ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
डिस्चार्ज भएको (निको नभएको)	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) बाट प्रतिवेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत निको नभएको कोड २ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) बाट प्रतिवेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज

महल			निर्देशन
डिस्चार्ज भएको (अस्पताल पठाएका)	६ देखि ५९ महिना	बालिका/ बालक	परिमाण अन्तरगत प्रेषण (अस्पताल) कोड ४ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
स्थानान्तरण भई अन्यत्रगएका	६ महिनामुनि	बालिका/ बालक	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (**HMIS - २.६**) बाट प्रतिवेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत स्थानान्तरण भई अन्यत्र गएको कोड ६ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	
महिनाको अन्तमा जम्माबच्चा	६ महिनामुनि	बालिका/ बालक	यस महिनाको अन्तमा जम्मा बच्चाहरूको सङ्ख्या निकाल्न प्रतिवेदनको महल ३ देखि ६ सम्म जोडी महल ७ देखि १२सम्म घटाई अएको अंक चढाउनु पर्दछ । वा प्रतिवेदन गर्ने महिनाको अन्त्यसम्ममा दर्ता भई उपचारमा रहेका (डिस्चार्ज हुनबाँकी रहेका) बिरामीहरूको संख्या गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
	६ देखि ५९ महिना	बालिका/ बालक	

शिशु तथा बाल्यकालीन पोषण र बालभिटा प्रवर्धन कार्यक्रम

महल			निर्देशन
उमेर समूह (६-११ महिना, १२-१७ महिना, १८-२३ महिना)	पहिलो पटक/दोस्रो पटक/ तेस्रो पटक	म.स्वा. स्व.से.	महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका कार्यक्रम मासिक प्रगति सङ्कलन फाराम (**HMIS ९.१**) को पहिलो पृष्ठको (ड) खण्डको क्रम संख्या ५६-६१बाट एकीकृत शिशु तथा बाल्यकालीन पोषण र बालभिटा समुदाय प्रबद्र्धन कार्यक्रम अन्तरगत उमेर अनुसार बितरण गरेको पटकको जम्मा संख्या यस प्रतिबेदनको सम्बन्धित महलमा चढाउनु पर्दछ ।
		स्वास्थ्य संस्था	दुई बर्ष मुनिका बालबालिकाहरूको पोषण रजिष्टर (**HMIS २.३**) बाट बालभिटा बितरण अन्तरगत प्रतिवेदन गर्ने महिनामा (मिति अनुसार) बितरण गरेको उमेर समूह र पटक गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।

शिशु तथा बाल्यकालीन पोषण (Infant & Young Child Feeding)

महल	निर्देशन
शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्रै गराएका	२ वर्षभन्दा मुनिका बालबालिकाको पोषण रजिष्टर (HMIS २.३) कोमहल २४ मा शिशुलाई ६ महिनासम्म स्तनपान मात्र गराएको जनाउन घेरा लागेका १ नं कोडलाई प्रतिवेदन महिनाको मिति अनुसार गणना गरी यस महलमा चढाउनुपर्दछ ।
समय मै थपआहार खुवाउन सुरू गरेको	२ वर्षभन्दा मुनिका बालबालिकाको पोषण रजिष्टर (HMIS २.३) को महल २७ मा ६ महिनापछि स्तनपानका साथै ठोस, अर्धठोस र नरम खाना सुरू गरेको जनाउन घेरा लागेका १ नं कोडलाई प्रतिवेदन महिनाको मिति अनुसार गणना गरी यस महलमा चढाउनुपर्दछ ।

Fortified Flour Distribution

महल	निर्देशन
बालबालिकाको संख्या (बालिका/ बालक)	कार्यक्रम लागू भएका जिल्लाहरुले पोषण रजिष्टरबाट बालिका तथा बालकको संख्या छुट्टाछुट्टै गणनागरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।

गर्भवती महिला	कार्यक्रम लागू भएका जिल्लाहरुले Fortified Flour वितरणका लागि उपलब्ध गराएको रजिष्टरबाट गर्भवति महिला गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
सुत्केरी महिला	कार्यक्रम लागू भएका जिल्लाहरुमा Fortified Flour वितरणका लागि उपलब्ध गराएको रजिष्टरबाट सुत्केरी महिला गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ । नोटः ६ महिना देखिको बालबालिकाले पौष्टिक आहार वितरणको अभिलेख पोषण रजिष्टरमा रहेको र गर्भवती तथा सुत्केरी महिला (बच्चा जन्मेको ५ महिनासम्म) को लागि मातृ सेवा रजिष्टरमा अध्यावधिक गर्न मिल्ने भएमा सोही रजिष्टरमा अध्यावधिक गर्ने अन्यथा छुट्टै अभिलेख राखी प्रतिवेदन गर्नुपर्नेछ ।

किशोरी लक्षित स्वास्थ्य तथा पोषण कार्यक्रम

महल		निर्देशन
आइरन फोलिक एसिड	१३ हप्तासम्म (विद्यालय, स्वास्थ्य संस्था, म.स्वा.स्व.से)	१३ हप्तासम्म आइरन फोलिक एसिडचक्की खाएका किशोरीहरूको संख्यापोषण रजिष्टर (HMIS २.३) को पछाडी पट्टि रहेको किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश फारामबाट उतार गरी विद्यालय, स्वास्थ्य संस्था र म।स्वा।स्व।से अनुसार छुट्टाछुट्टै प्रतिवेदन गर्नुपर्दछ ।
चक्की खाएका किशोरीको संख्या	२६ हप्तासम्म (विद्यालय, स्वास्थ्य संस्था, म.स्वा.स्व.से)	२६ हप्तासम्म आइरन फोलिक एसिड चक्की खाएका किशोरीहरूको संख्या पोषण रजिष्टर (HMIS २.३) को पछाडी पट्टि रहेको किशोरी लक्षित आइरन फोलिक एसिड वितरण अभिलेखको सारांश फारामूबाट उतार गरी विद्यालय, स्वास्थ्य संस्था र म.स्वा.स्व.से अनुसार छुट्टाछुट्टै प्रतिवेदन गर्नुपर्दछ ।

४. स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम

महल	**निर्देशन**
सेसन संख्या (विद्यालय, समुदाय, अन्य)	स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा रजिष्टर (HMIS ४.४) को महल ७, ८ र ९ मा सहभागी संख्या उल्लेख भएका कोठाहरूको संख्यालाई छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।
सहभागी संख्या (विद्यालय, समुदाय, अन्य)	स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा रजिष्टर (HMIS ४.४) को महल ७, ८ र ९ मा उल्लेखित सहभागी संख्याहरूलाई छुट्टाछुट्टै जोड गरी आएको जोडफल लाई सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाकार्यक्रम

यस कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका प्रतिवेदन फाराम (HMIS ९.१) बाट सम्बन्धित महलमा सम्बन्धित सेवाको विवरण चढाउनुपर्दछ ।

६. जनसंख्या व्यवस्थापन कार्यक्रम

किशोर किशोरी लक्षित विद्यालय स्तरीय साथी शिक्षा कार्यक्रम

महल	**निर्देशन**
कार्यक्रम लागु भएको विद्यालय संख्या	साथी शिक्षा कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहहरुमा उपलब्ध गराएको रजिष्टरबाट कार्यक्रम लागु भएको विद्यालय संख्या उल्लेख गर्नुपर्दछ ।
प्रतिवेदन गर्ने विद्यालय संख्या	साथी शिक्षा कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहहरुमा उपलब्ध गराएको रजिष्टरबाट प्रतिवेदन गर्ने विद्यालय संख्या संख्या गणना गरी यस महलमा उल्लेख गर्नुपर्दछ ।

परामर्श पाएका जम्मा संख्या (छात्रा/ छात्र)	साथी शिक्षा कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहहरुमा उपलब्ध गराएको रजिष्टरबाट परामर्श पाएका छात्रा र छात्र को संख्यालाई गणना गरी सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ
सुपरिवेक्षण गरीएका विद्यालय संख्या	साथी शिक्षा कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहहरुमा उपलब्ध गराएको रजिष्टरबाट सुपरिवेक्षण गरीएका विद्यालय संख्या गणना गरी यस महलमा उल्लेख गर्नुपर्दछ ।
सञ्चालनमा रहेका सूचना केन्द्र संख्या	साथी शिक्षा कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहहरुमा उपलब्ध गराएको रजिष्टरबाट सञ्चालनमा रहेका सूचना केन्द्र संख्या सञ्चालनमा रहेका सूचना केन्द्र संख्या

** रजिष्टर उपलब्ध नभएको खण्डमा स्वस्थ संस्थाले आफै छुट्टै अभिलेख राखी मासिक प्रतिवेदन गर्नुपर्ने छ*

६. सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रमको प्रतिवेदन स्वास्थ्य संस्थामा रहेको मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट ट्याली सिटमा उतार गरी तयार गर्नुपर्दछ । गाउँ-घर क्लिनिकबाट दिइएको सुरक्षितमातृत्व तथा नवशिशु सेवाको अभिलेख स्वास्थ्य संस्थाको रजिष्टरमा अद्यावधिक हुने हुनाले गाउँ-घर क्लिनिकबाट दिइएको सेवा यस प्रतिवेदनमा जोड्नु हुँदैन ।

सूचक/महल	निर्देशन
गर्भवती जांच	
पहिलो पटक जुनसुकै समयको भएपनि (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट गर्भवती जाँचविवरण अन्तर्गत प्रथम पटक (जुनसुकै समयको भएपनि) भेट गर्ने गर्भवती महिलाहरूको सङ्ख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सो भन्दा माथिको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
१२ हप्ता (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट गर्भवती जाँच विवरण अन्तर्गत १२ हप्ता भित्र गर्भवती परीक्षण गराएका महिलाहरूको संख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
४ पटक (१३-१६, २०-२४, ३२ र ३६ हप्ता) (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट गर्भवती जाँच विवरण अन्तर्गत साविकको प्रोटोकल अनुसार १३-१६, २०-२४, ३१ र ३६ हप्ता गरी ४ पटक गर्भवती जाँच गर्ने महिलाहरूको सङ्ख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
प्रोटोकलअनुसार ८ पटक (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट गर्भवती जाँच विवरण अन्तर्गत प्रोटोकल अनुसार ८ पटक जाँच पुरा गरेका महिलाहरूको सङ्ख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सो भन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
ROUSG गरेका (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट गर्भवती जाँच विवरण अन्तर्गत तोकिएको मापदण्ड बमोजिम भिडियो एक्सरे (ROUSG) सेवा लिएका महिलाहरूको सङ्ख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सो भन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनु पर्दछ । गर्भवती अवधिमा जति पटक भिडियो एक्सरे (ROUSG) गरेको भए पनि पहिलो पटकको मात्रै यस महलमा प्रतिवेदन गर्नु पर्दछ ।

प्रसूति सेवा	
दक्ष प्रसूतिकर्मीबाट (SBA Trained ANM) (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को "सुत्केरी गराउने स्वास्थ्यकर्मी" खण्डमा दक्ष प्रसुतिकर्मीबाट (SBA) लाई जनाउने गरी १ नं कोडमा घेरा लगाएका संख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
दक्ष स्वास्थ्यकर्मीबाट (SHP) (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को "सुत्केरी गराउने स्वास्थ्यकर्मी" खण्डमा दक्ष स्वास्थ्यकर्मी **(SHP)** लाई जनाउने गरी २ नं कोड मा घेरा लगाएका संख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दामुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
अन्य स्वास्थ्यकर्मी (<२० बर्ष, ≥२०बर्ष)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६)को "सुत्केरी गराउने स्वास्थ्यकर्मी" खण्डमा अन्य स्वास्थ्यकर्मी लाई जनाउने गरी ३ नं कोडमा घेरा लगाएका संख्या गणना गरी उमेर अनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या सम्बन्धित महलमा चढाउनुपर्दछ ।
घरमा प्रसूति संख्या	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६)को "प्रसूतिको प्रकार र स्थान" खण्डमा घरमा जनाउने गरी ३ नं कोड मा घेरा लगाएका संख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
प्रसूतिको किसिम	
सामान्य (Spontaneous)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) बाट सामान्य प्रकृतिले (Spontaneous) प्रसूति भएका मध्ये शिशु जन्मिदाको अवस्थिति Cephalic, Soulder वा Breech presentation) अनुसार आमाहरूको संख्या गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
भ्याकुम/फोरसेप	भ्याकुम/फोरसेपबाट प्रसूति भएका आमाहरूको संख्या गणना गरी सम्बन्धित (Cephalic) महलमा चढाउनुपर्दछ ।
शल्यक्रिया	शल्यक्रियाबाट प्रसूति भएकामध्ये शिशु जन्मिदाको अवस्थिति (Cephalic, Soulder, वा Breech presentation) अनुसार आमाहरूको संख्या गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
प्रसूतिको परिणाम	
आमाहरूको सङ्ख्या	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरबाट प्रसूति भएका जम्मा महिलाहरुमध्ये एउटा मात्र, जुम्ल्याहा, तिम्ल्याहा वा सोभन्दा बढी शिशु जन्माउने आमाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
जम्मा जीवित जन्म	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको जीवित शिशुको लिंग, सख्या, तौल खण्डबाट जीवित जन्मिएका नवशिशुहरू मध्ये एकल, जुम्लाहा र तिम्ल्याहा वा सोभन्दा बढी जन्मिने शिशुको संख्या लिङ्ग अनुसार छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेखुपर्दछ ।
मृत जन्म सङ्ख्या	
Intrapartum	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरबाट मृत जन्मभएका शिशुमध्ये Intrapartum मृत जन्म भएको सङ्ख्या गणना गरी सम्बन्धित महलमा लेखुपर्दछ ।
Antepartum	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरबाट मृत जन्मभएका शिशुमध्ये Antepartum मृत जन्म भएको सङ्ख्या गणना गरी सम्बन्धित महलमा लेखुपर्दछ ।

स्तनपान, नाभी मलम र रक्तसंचार	
जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशु को संख्या	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को अन्य सेवा अन्तर्गत कोड नं ४ (जन्मेको १ भन्टा भित्र स्तनपान गराएको) मा घेरा लगाएको संख्या गणना गरी यस महलमा लेखुपर्दछ
आमा सुरक्षा कार्यक्रम	
सुत्केरी यातायात खर्च (पाउनुपर्ने/पाएका)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६) को सम्बन्धित महिनाबाट यातायात खर्च पाउनुपर्ने महिला र यातायात खर्च पाएका महिलाहरूको सङ्ख्या उतार गरी यस महलमा लेखुपर्दछ ।
गर्भवती उत्प्रेरणा (पाउनुपर्ने/पाएका)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.६)को सम्बन्धित महिनाबाट गर्भवती उत्प्रेरणा रकम पाउनुपर्ने र गर्भवती उत्प्रेरणा रकम पाएका महिलाहरूको सङ्ख्या उतार गरी यस महलमा लेखुपर्दछ ।
Obstetric Complications	
Obstetric Complications	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको ३ वटा खण्डहरू (गर्भवती अवस्थामा देखिएका जटिलता व्यवस्थापन, प्रसूति अवस्थामा देखिएका जटिलता व्यवस्थापन र सुत्केरी अवस्थामा देखिएका जटिलता व्यवस्थापन) मा उल्लेख भएका गर्भवति, प्रसुति र सुत्केरी अवस्थामा देखिने जटिलताहरू मध्ये प्रतिवेदन गर्ने महिनामा कुनै महिलामा उक्त जटिलता देखिएको अभिलेख गरिएको भए जटिलता अनुसार महिलाको संख्या, प्रेषण गरिएको संख्या र मृत्यु भएको भए मृत्युको संख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धितमहलमा लेखुपर्दछ । यस महलमा जटिलता भएका संख्या मध्ये , प्रेषण गरिएको संख्या र मृत्यु भएको संख्या हुने भएकोले जटिलताको संख्यामा गणना भए पश्चात मात्र , प्रेषण र मृत्यु भएको संख्या मा गणना हुनेछ ।
अत्याधिक रक्तश्राव व्यवस्थापन	
रगत दिएको [गर्भवती अवस्था (APH)]	मातृ तथा नवाशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS३.६) को **गर्भवती जाँच विवरण** खण्डमा रगत दिएको मात्रा जनाएको कोठाहरू गणना गरी यस महलमा लेखुपर्दछ.
रगत दिएको (प्रसव अवस्था)	मातृ तथा नवाशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS३.६) को **प्रसूति सेवा**खण्डको अन्य सेवा मा रगत दिएको मात्रा जनाएको कोठाहरू गणना गरी यस महलमा लेखुपर्दछ.
रगत दिएको [सुत्केरी अवस्था (PPH)]	मातृ तथा नवाशिशु स्वास्थ्य सेवा रजिष्टर (HMIS३.६) को **सुत्केरी पछिको सेवा** खण्डमा रगत दिएको मात्रा जनाएको कोठाहरू गणना गरी यस महलमा लेखुपर्दछ.
जन्मतौल	
सामान्य	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको नवशिशु जन्मदाको अवस्था अन्तर्गत जम्मा जीवित जन्ममध्ये सामान्य जन्मतौल (२५०० ग्रामवा बढी) भएका शिशुको जम्मा सङ्ख्या गणना गरी जम्मा संख्याको महलमा लेखुपर्दछ । जन्मतौल सामान्य भएका शिशुहरू मध्ये निसास्सिएको (Asphyxiated), संक्रमण भएको रविकलाङ्ग भएका रहेछन् भने त्यस्ता शिशुको संख्यालाई major, minor र other अनुसार छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।

कमतौल	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको नवशिशु जन्मदाको अवस्थाअन्तर्गत जम्मा जीवित जन्ममध्ये जन्मतौल "कम" (१५०० ग्राम देखि २५०० ग्राम भन्दाकम) भएका शिशुको जम्मा सङ्ख्या गणना गरी जम्माको महलमा लेख्नुपर्दछ । जन्मतौल "कम"भएका शिशुहरू मध्ये निसास्सिएको (Asphyxiated), संक्रमण भएको रविकलाङ्ग भएका रहेछन् भने त्यस्ता शिशुको संख्यालाई major, minor र other अनुसार छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
धेरै कमतौल	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको नवशिशु जन्मदाको अवस्था अन्तर्गत जम्मा जीवित जन्ममध्ये जन्मतौल "धेरै कम" (१५०० ग्रामभन्दा कम) भएका शिशुको जम्मा सङ्ख्या गणना गरी जम्माको महलमा लेख्नुपर्दछ । जन्मतौल "धेरै कम" भएका शिशुहरू मध्ये निसास्सिएको (Asphyxiated), संक्रमण भएको र विकलाङ्ग भएका रहेछन् भने त्यस्ता शिशुको संख्यालाई major, minor र other अनुसार छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
सुत्केरी तथा नवजात शिशु जाँच	
पहिलो पटक (२४ घण्टामा)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको " **सुत्केरी पछिको सेवा**" खण्डमा उल्लेख भएका जाँच पटक मध्ये **जन्मेको २४ घण्टामा** भन्ने लहरको सुत्केरी जांचमा मिति उल्लेख भएका र नवाशिशु जांचमा १ नं कोड घेरा लागेका संख्या लाई प्रसूति भएको स्थान (स्वास्थ्य संस्था वा घरमा भएको प्रसूति) अनुसार समायोजन फाराममा छुट्टाछुट्टै गणना गरी सुत्केरी जाँच र नवजात शिशु जाँचको संख्या सम्बन्धित महलमा लेख्नु पर्दछ ।
घरमा २ पटक (दोस्रो र तेस्रो पटक)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको "**सुत्केरी पछिको सेवा**" खण्डमा उल्लेख भएका जाँच पटक मध्ये **जन्मेको ३ दिनमा र जन्मेको ७-१४ दिन भित्र** गरी २ पटक **घरमै** जाँच गराउने सुत्केरी र नवजात शिशुको संख्यालाई प्रसूति भएको स्थान (स्वास्थ्य संस्था वा घरमा भएको प्रसूति) अनुसार समायोजन फाराममा छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नु पर्दछ ।
४ पटक (२४ घण्टामा, ३ दिनमा, ७ देखि १४ दिन भित्र र ४२ दिन)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको "**सुत्केरी पछिको सेवा**" खण्डमा उल्लेख भएका जाँच पटक मध्ये **जन्मेको २४ घण्टामा, जन्मेको ३ दिनमा, जन्मेको ७-१४ दिन भित्र र जन्मेको ४२ दिनमा** गरी ४ पटकजाँच गराउने सुत्केरी र नवजात शिशु को संख्या **प्रोटोकल अनुसार ४ पटक**भन्ने लहरबाट उतार गरी प्रसूति भएको स्थान (स्वास्थ्य संस्था वा घरमा भएको प्रसूति) अनुसार सम्बन्धित् महलमा छुट्टाछुट्टै लेख्नुपर्दछ . दोस्रो र तेस्रो पटकको जाँच स्वास्थ्य संस्था वा घर जहाँसुकै भएको भए पनि यस महलमा गणना गर्नुपर्दछ ।
मातृ तथा नवजात शिशु मृत्यु	
स्पष्टिकरणः मातृमृत्यु गणनालाई व्यवस्थित गर्न गर्भवती, प्रसूति तथा सूत्केरीपछिको सेवा लिन आएका मध्ये कुनै आमाको मृत्यु स्वास्थ्य संस्था वाहिर भएमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकासँग सोधपुछ/सुनिश्चित गरी अद्यावधिक गर्नु पर्दछ। साथै सुत्केरी पछिको घरभेटका क्रममा पनि मृत्यूको अद्यावधिक गर्नु पर्दछ । गर्भवती, प्रसूति तथा सूत्केरी कुनै पनि सेवा लिन नआएका आमाहरू मध्ये कुनैको तोकिएको अवधिमा मृत्यु भएमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेवकसँग वा स्थानीयतहसँग समन्वय गरी मृत्युको विवरण अद्यावधिक गर्नु पर्दछ ।	

मातृ मृत्यु संख्या (स्वास्थ्य संस्था) (नोटः स्वास्थ्य संस्था मा भएको मातृ मृत्युसंख्या र complecation wise death बराबर हुनु पर्दछ)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको मातृमृत्यु मिति, अवस्था, स्थान र कारण लहरमा रहेको स्वास्थ्य संस्थामा अवस्था (गर्भवती, प्रसव वा सुत्केरी) अनुसार मातृ मृत्यूको संख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
नवजात शिशु मृत्यु (स्वास्थ्य संस्था)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको] नवजात शिशु मृत्यु लहरमा रहेको मिति (गते महिना र साल) सोही रजिष्टरको प्रसूति सेवा खण्ड प्रसूति मिति र समय महलमा उल्लेखित मितिको आधारमा मृत्युको अवधि गणना गरी ०-७ दिन भए महल ५ मा र ८-२८ दिन भए महल ६ मा चढाउनु पर्दछ ।
मातृमृत्यू (स्वास्थ्य संस्था बाहेक)	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरको मातृ मृत्यु मिति र कारण खण्डको लहर मा रहेको स्थान भन्ने महलमा स्वास्थ्य संस्थाबाहेक अन्य स्थान (जस्तै बाटो, समुदाय, घर) भन्ने उल्लेख भएको भए सो को संख्यालाई आमाको मृत्यु गर्भवती, प्रसव वा सुत्केरी कुन अवस्थामा भएको हो, सोही अनुसार छुट्टा छुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ । साथै स्वास्थ्य संस्था बाहेकको मृत्यु महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको अभिलेख तथा प्रतिवेदनमा समेत उल्लेख गरिनु पर्दछ ।
सुरक्षित गर्भपतन सेवा	
सेवा पाएका जम्मा महिला (<२० वर्ष र≥२० वर्ष)	सुरक्षित गर्भपतन सेवा रजिष्टर (HMIS ३.७)को महल नं. १७ अनुसार जाँचको बेला १२ हप्तासम्म वा १२ हप्ता माथि कुन गर्भ अवधि हो र महल नं १८ अन्तर्गतको प्रक्रिया कोडअनुसार Medical Abortion वा Surgical Abortion कुन किसिमको गर्भपतन सेवाहो, समायोजन फाराममा छुट्टाछुट्टै गणना गरी २० वर्षभन्दा मुनि र २० वर्ष वा सो भन्दामाथिको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
गर्भपतन सेवापश्चात् प.नि. साधन अपनाएका	सुरक्षित गर्भपतन सेवा रजिष्टर (HMIS ३.७)को महल नं. ३१ अन्तर्गतको अपनाएको प.नि. साधन को कोड अनुसार गर्भपतन सेवापश्चात् सेवाग्राहीलाई कन्डम, पिल्स, डिपो र सायनाप्रेस प्रयोग गरेको भए छोटो अवधिको र आई.यु.सी.डी., इम्प्लान्ट र बन्ध्याकरण गराएको भए लामो अबधिको Medical Abortion वा Surgical Abortion प्रक्रियाबाट सेवादिइएको हो, सो गणना गरी गर्भको अवधि (१२ हप्तासम्म वा १२ हप्ता माथि) अनुसार छुटाएर सम्बन्धित महलमा चढाउनुपर्दछ ।
गर्भपतनका कारण भएको जटिलता	सुरक्षितगर्भपतन सेवा रजिष्टर /(HMIS ३.७)को महल नं.२०-२३ मा गर्भपतनका कारण जटिलता सुनिश्चित भएको (गोलो घेरा लागेको) महिलाहरूको संख्या गणना गरि यस महलमा चढाउनुपर्दछ ।
PAC सेवापाएका (Induced/Spontaneous)	सुरक्षित गर्भपतन सेवा रजिष्टरको PAC सेवाग्राही अन्तर्गत महल नं २६ को १ नं कोडमा घेरा लागेकाहरूको संख्यालाई Induced मा र महल नं २७ को २ नं कोडमा घेरा लागेकाहरूको संख्यालाई Spontaneous मा गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।

८. परिवार नियोजन कार्यक्रम

परिवार नियोजन कार्यक्रमको प्रतिवेदन स्वास्थ्य संस्थामा रहेको पिल्स, गर्भ निरोधक सुइ सेवा रजिष्टर (HMIS ३.२), आई.यु.सी.डी.-इम्प्लान्ट सेवा रजिष्टर (HMIS ३.३) र बन्ध्याकरण सेवा रजिष्टर (HMIS ३.४) बाट ट्याली सिटमा उतार गरी तयार गर्नुपर्दछ । **गाउँ–घरक्लिनिकबाट कन्डम वितरण गरेको बाहेक परिवार नियोजनका अन्य सेवाको अभिलेख स्वास्थ्य संस्थामा रहेको सम्बन्धित रजिष्टरमा अद्यावधिक हुने हुनाले गाउँ–घर क्लिनिकबाट दिइएको पिल्स र गर्भनिरोधक सुईको सेवा यस प्रतिवेदनमा जोड्नु हुँदैन ।**

अस्थायी साधन	
नयाँ प्रयोगकर्ता	पिल्स, आकस्मिक चक्की, डिपो, सायना प्रेसको हकमापिल्स, गर्भ निरोधक सुई रजिष्टरको नयाँ प्रयोगकर्ताको सङ्ख्या २० बर्ष मुनि र २० बर्ष वा सो भन्दामाथिको उमेर समुह अनुसार गणना गरि प्रतिवेदनमा चढाउनुपर्दछ । आई.यु.सी.डी. र इम्प्लान्टको हकमा आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिष्टरको नयाँ प्रयोगकर्ताको सङ्ख्या २० वर्ष मुनि र २० वर्ष वा सो भन्दा माथिको उमेर समूह अनुसार गणना गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।
हाल अपनाइरहेका	पिल्स, डिपो, सायना प्रेसको हकमा, परिवार नियोजनको अस्थायी साधन (पिल्स तथा गर्भनिरोधक सुई) सेवा रजिष्टर (HMIS ३.२) बाट प्रतिवेदन गर्ने महिनाका प्रत्येक पानाको अन्तमा उल्लेख गरिएका जम्मा हाल अपनाईरहेका प्रयोगकर्ताको सङ्ख्या समायोजन गरी प्रतिवेदन फारामको हाल अपनाइरहेको सङ्ख्याको महलमा उतार गर्नुपर्दछ । आई.यु.सी.डी .र इम्प्लान्टको हकमा आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिष्टर (HMIS ३.३) बाट रजिष्टरको महल नं. १८, १९,२० मा उल्लेख भएको साधन प्रभावकारी रहने अन्तिममिति र साधन झिकिएको विवरण अन्तर्गत महल २८, २९, ३०मा साधन झिकेको मिति उल्लेख गरेको आधारमा प्रतिवेदन गर्ने महिनाको नयाँ प्रयोगकर्ता, पुनः प्रयोगकर्ता र साधन नझिकेका सबै सेवाग्राहीहरूको संख्या गणना गरी प्रतिवेदनको हाल प्रयोगकर्ताको महलमा चढाउनुपर्दछ ।
सेवा नियमित नभएका	पिल्स, डिपो र सायना प्रेसको हकमा परिवार नियोजनको अस्थायी साधन (पिल्स तथा गर्भनिरोधक सुई) सेवा रजिष्टर (HMIS ३.२) बाट प्रतिवेदन गर्ने महिनाको प्रत्येक पानाको अन्तमा उल्लेख गरिएका जम्मा Discontinued सङ्ख्या समायोजन गरी प्रतिवेदन फारामको सेवा नियमित नभएका महलमा उतार गर्नुपर्दछ । आई.यु.सी.डी. र इम्प्लान्टको हकमा आई.यु.सी.डी./इम्प्लान्टसेवा रजिष्टरबाट प्रतिवेदन गर्ने महिनाको साधन झिकेको र अन्य संस्थामा साधन झिकेको जानकारी प्राप्त भएको संख्या गणना गरी चढाउनुपर्दछ ।
साधन वितरण	समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनःखोप तथा गाउँ—घर क्लिनिक कार्यक्रम (HMIS ९.२) बाट कन्डम वितरण गरेको सङ्ख्या र स्वास्थ्य संस्थाबाट सेवाग्राहीलाई वितरण गरेको कन्डमको सङ्ख्या जोडी प्रतिवेदनको कन्डम वितरण गरेको महलमा प्रतिवेदन चढाउनुपर्दछ ।स्वास्थ्य संस्थाले महिला स्वास्थ्य स्वयम सेविका मार्फत वितरण भएको कण्डम खर्च समेत गणना गर्नुपर्दछ । पिल्स र गर्भ निरोधक सुई (डिपो, सायना प्रेस) को हकमा परिवार नियोजनको अस्थायी साधन (पिल्स तथा गर्भनिरोधक सुई) सेवा रजिष्टर (HMIS ३.२) बाट प्रतिवेदन गर्ने महिनाको प्रत्येक पानाको अन्तमा उल्लेख गरिएका साधन खर्च समायोजन गरी प्रतिवेदन फारामको साधनवितरण महलमाउतार गर्नुपर्दछ । आकस्मिक चक्कीको हकमा पिल्सतथा गर्भनिरोधक सुई सेवा रजिष्टर (HMIS ३.२) को पछाडी रहेको आकस्मिक चक्की रजिष्टरको पानाबाट प्रतिवेदन गर्ने महिनामा वितरण गरिएको जम्मा डोज संख्या गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ। आई.यु.सी.डी./इम्प्लान्टका हकमा आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिष्टरबाट प्रतिवेदन गर्ने महिनामा नयाँ तथा पुनःप्रयोगकर्ताको सङ्ख्या गणना गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।

बन्ध्याकरण	
नयाँ प्रयोगकर्ता	परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिष्टर (HMIS ३.४) को महल नं. ६बाट बन्ध्याकरण सेवाप्रदान गर्ने निकाय सरकारी वा गैह्र सरकारी र सेवा सञ्चालनको महल नं. ७ र ८ वाट संस्थागत वा शिविरबाट बन्धयाकरण सेवापाएका सेवाग्राहीहरूको संख्या छुट्टाछुट्टै गणना गरी महिला/पुरुष को सम्बन्धित महलमा चढाउनुपर्दछ । स्थायी बन्ध्यकारण सेवा सुरू गरेका नयाँ सेवाग्राहीहरूलाई १३ वर्षसम्म निरन्तर रुपमा सो सेवाको लगातार प्रयोगकर्ताको रुपमा गणना गरिने हुँदा बन्ध्याकरण सेवाप्राप्त गर्ने सेवाग्राहीहरूको अभिलेख सुरक्षित रुपमा राख्नुपर्दछ ।
हाल अपनाइरहेका	प्रतिवेदन महिनामा स्थायी बन्ध्याकरण सेवा पाएका नयाँ प्रयोगकर्ता (महिला/पुरुष) र गत महिनासम्मका स्थायी बन्ध्याकरण प्रयोगकर्ताहरूको संख्या गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ । विगत १३ वर्षदेखि स्थायी वन्ध्याकरण गरेका सेवाग्राहीलाई सो सेवाको हाल प्रयोगकर्ताको रुपमा गणना गर्नुपर्दछ ।
सुत्केरी पश्चात् प.नि. साधन अपनाएका	
सुत्केरी भएको ४८ घण्टाभित्र	प्रतिवेदन महिनामा आई.यु.सी.डी./इम्प्लान्ट सेवा सुरू गर्ने नयाँ सेवाग्राहीमध्ये आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिष्टर (HMIS ३.३) को साधन प्रयोग गर्दाको अवस्था अन्तर्गत महल नं. १५ मा गोलो घेरा लगाएका (सुत्केरी भएको ४८ घण्टाभित्र प.नि. सेवालिएका) आई.यु.सी.डी. र इम्प्लान्टका (३ वर्ष /५ वर्ष) नयाँ सेवाग्राहीहरूको सङ्ख्या र बन्ध्याकरण सेवा रजिष्टर (HMIS ३.४) बाट ट्युबेक्टोमी गरिएका सेवाग्राहीहरूको सङ्ख्या गणना गरी प्रतिवेदनको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
सुत्केरी भएको ४८ घण्टा देखि १ बर्षसम्म	प्रतिवेदन महिनामा पिल्स/गर्भ निरोधक सुई (डिपो, सायना प्रेस) सेवा सुरू गर्ने नयाँ सेवाग्राहीमध्ये परिवार नियोजनको अस्थायी साधन (पिल्स, आकस्मिक चक्की, डिपो, सायना प्रेस) सेवा रजिष्टर (HMIS ३.२) को साधन राख्दाको अवस्था अन्तर्गत महल नं १६(सुत्केरी भएको ४८ घण्टा देखि १ बर्ष भित्र) मा गोलो लगाएका प.नि. सेवा लिएका सेवा गणना गरि प्रतिवेदनको सम्बन्धित महलमा चढाउनुपर्दछ । त्यसैगरि, आई.यु.सी.डी. वा इम्प्लान्ट (३ वर्ष /५ वर्ष) सेवा सुरू गर्ने नयाँ सेवाग्राहीमध्ये आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिष्टर (HMIS ३.३) को साधन राख्दाको अवस्था अन्तर्गत महल नं. १५ मा गोलो घेरा लगाएका (सुत्केरी भएको ४८ घण्टा देखि १ बर्ष भित्र) आई.यु.सी.डी. र इम्प्लान्टका नयाँ सेवाग्राहीहरूको सङ्ख्या र बन्ध्याकरण सेवा रजिष्टर (HMIS ३.४) बाट साधन राख्दाको अवस्था अन्तर्गत महल नं. १८ मा गोलो घेरा लगाएका (सुत्केरी भएको ४८ घण्टा देखि १ बर्ष भित्र) ट्युबेक्टोमी गरिएका सेवाग्राहीहरूको सङ्ख्या गणना गरी प्रतिवेदनको सम्बन्धित महलमा चढाउनुपर्दछ ।

९. प्रजनन स्वास्थ्य रुग्णता सेवा

प्रजनन् रूग्णता स्वास्थ्य कार्यक्रमको प्रतिवेदन स्वास्थ्य संस्थामा रहेको प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) बाट ट्याली सिटमा उतारेर तयार गर्नुपर्दछ ।

पाठेघरको मुखको क्यान्सर	
३०-४९ बर्षको— Screened	प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) को पाठेघरको मुखको क्यान्सर खण्डको स्क्रिनिङ विधि (महल नं १५-१७) बाट Screening गरेको ३०-४९ बर्षको महिलाहरूको संख्या स्क्रिनिङ बिधी अनुसार (HPV DNA, VIA, PAP and others) छुट्टाछुट्टै गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ ।
३०-४९ बर्षको — Positive	पाठेघरको मुखको क्यान्सरको Screening गरेको ३०-४९ बर्षको महिलाहरूको संख्या मध्ये Positive आएको संख्याप्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टरको महल न १८बाट समायोजन फाराम मा उतार गरेर बिधी अनुसार (HPV DNA, VIA, , PAP and others) छुट्टाछुट्टै गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ ।
५० बर्षभन्दा माथी— Screened	प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)को पाठेघरको मुखको क्यान्सर खण्डको स्क्रिनिङ विधि (महल नं १५-१७) बाट Screening गरेको ५० बर्ष भन्दा माथिको बर्षको महिलाहरूको संख्या स्क्रिनिङ बिधी अनुसार (HPV DNA, VIA, , PAP and others) छुट्टाछुट्टै गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ ।
५० बर्षभन्दा माथी— Positive	पाठेघरको मुखको क्यान्सरको Screening गरेको गरेको ५० बर्ष भन्दा माथिको महिलाहरूको संख्या मध्ये Positive आएको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टरको महल न १८बाट समायोजन फाराम मा उतार गरेर बिधी अनुसार (HPV DNA, VIA, , PAP and others) छुट्टाछुट्टै गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ ।
Colposcopy ± Biopsy (संख्यामा)	पाठेघरको मुखको क्यान्सरको Screening मा Positive आएका मध्ये Colposcopy ± Biopsy गराएको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टरको महल न २१बाट गणना गरी यहाँ उल्लेख गर्नुपर्दछ ।
Ablative Treatment गराएको (संख्यामा)	पाठेघरको मुखको क्यान्सरको Screening मा Positive आएका मध्ये AblativeTreatment (Thermocoagulation/Cyrotherapy) बाट उपचार पाएका महिलाहरूको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टरको महल न २२ बाट गणना गरी यहाँ उल्लेख गर्नुपर्दछ ।
Leep विधिबाट उपचार पाएका महिलाको संख्या	Leep विधिबाट उपचार पाएका महिलाहरूको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टरको महल न २३ बाट गणना गरी यहाँ उल्लेख गर्नुपर्दछ ।
स्तन क्यान्सर	
Screened	प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) महल नं २५-२७ बाट स्तन क्यान्सरको Screening गरेको महिलाहरूको संख्यालाई समायोजन फाराममा उतारेरउमेर अनुसार (<४०, ४०-७० yrs, >७० yrs) गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ।
Mamogram विधिबाट screening गरेको संख्या	प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) महल नं २७बाट स्तन क्यान्सरको Mamogram विधिबाट Screening गरेको महिलाहरूको संख्यालाई समायोजन फाराममा उतारेरउमेर अनुसार (<४०, ४०-७० yrs, >७० yrs) गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ।
Suspected	स्तन क्यान्सरको Screening गरेको महिलाहरू मध्ये Susspicious (suspected breast lumps) महिलाहरूको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) महल नं २९ बाट समायोजन फाराममा उतारेर उमेर अनुसार (<४०, ४०-७० yrs, >७० yrs) गणना गरी उल्लेख गर्नुपर्दछ ।

आङ्ग खस्ने समस्या	
Screened	प्रजनन् रुग्णता सेवा रजिष्टरमा आङ्ग खस्ने समस्या Screening गरिएको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यसका लागि प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)महल नं ३१ देखि ३५ मध्ये कुनै एक मा लागेको घेराको संख्याका आधारमा Screening गरिएको महिलाहरूको गणना गर्नुपर्दछ ।
Prolpase पत्ता लागेको संख्या	आङ्ग खस्ने समस्या Screening गरी Prolapse पत्ता लागेको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यसका लागि प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) महल नं ३२ मा गोलो घेरा लागेका संख्याका आधारमा Stage १ वा२, महल नं ३३ मा लागेका घेराका आधारमा Stage ३ र महल नं ३४ मा लागेका गोलो घेराका आधारमा prolapse को Stage ४ मा भएका महिलाहरूको संख्या यकिन गरी प्रतिवेदन गर्नुपर्दछ।
Ring Pessary लगाईएको संख्या	आङ्ग खस्ने समस्या पहिचान गरी Ring Pessary लगाईएको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) को महल नं ३७बाट गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ।
प्रेषण गरेको संख्या	आङ्ग खस्ने समस्या पहिचान गरी थप उपचारका लागि प्रेषण गरिएको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)को महल नं ४०बाट गणना गरी यहाँ उल्लेख गर्नुपर्दछ।
शल्यक्रिया गरेको संख्या	आङ्ग खस्ने समस्याको शल्यक्रिया गरिएको संख्याप्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) को महल नं ३८र ३९बाट गणनागरी यहाँ उल्लेख गर्नुपर्दछ।
अब्सट्रेटिक फिस्टुला	
Screened	प्रजनन् रुग्णता सेवा रजिष्टरमा अब्सटेट्रिक फिस्टुला Screening गरिएको महिलाहरूको संख्या यस महलमा उल्लेख गर्नुपर्दछ । यसका लागि प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)महल नं ४१ वा ४२ कुनै मध्ये एक मा लागेको घेराको संख्याका आधारमा Screening गरिएको महिलाहरूको गणना गर्नुपर्दछ ।
Suspected	प्रजनन् रुग्णता सेवा रजिष्टरमा अब्सटेट्रिक फिस्टुला Screening गरिएको महिलाहरू मध्ये अब्सटेट्रिक फिस्टुला suspect गरिएको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यसका लागि प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८) महल नं ४२ मा लागेको घेराको संख्याका आधारमा fistulasuspect भएका महिलाहरूको गणना गर्नुपर्दछ ।
Referred	अब्सटेट्रिक फिस्टुला suspect गरिएको संख्या मध्ये प्रेषण (refer) गरिएको महिलाहरूको संख्या प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)महल नं ४८बाट गणना गरीयहाँ उल्लेख गर्नुपर्दछ ।
शल्यक्रिया	अब्सटेट्रिक फिस्टुलाको शल्यक्रिया गरिएको महिलाहरूको संख्या यहाँ उल्लेख गर्नुपर्दछ । यसका लागि प्रजनन् रूग्णता स्वास्थ्य सेवा रजिष्टर (HMIS ३.८)को महल नं ४३देखि ४७ मध्ये कुनै एक मा लागेको घेराको संख्याका आधारमा शल्यक्रिया गरिएको महिलाहरूको गणना गर्नुपर्दछ ।

१०. गाउँघर क्लिनिक र समुदाय स्तर स्वास्थ्य कार्यक्रम

यस कार्यक्रम अन्तर्गतका विभिन्न सेवासँग सम्बन्धित सूचनाहरू गाउँघर क्लिनिक सेवा रजिष्टर (HMIS ४.१) मा अभिलेख गरिएको हुन्छ सोही रजिष्टरबाट समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँघर किल्निक कार्यक्रम प्रतिवेदन (HMIS९.२) मा प्रतिवेदन गरीएका सूचनाहरू मध्ये आवश्यक प्रतिवेदन सम्बन्धित महलमा हुबहु उतार गर्नुपर्दछ ।

११. औलो निवारण कार्यक्रम

औलो कार्यक्रमको प्रतिवेदन औलो, कुष्ठरोग र कालाजार रोगहरूको प्रयोगशाला रजिष्टर (HMIS-५.२) र औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS-५.३), समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) तथा समुदायिक औलो स्वास्थ्यकर्मीहरुद्धारा उपलब्ध नमूना सङ्कलन संख्यालाई समाबेश गरी तयार गर्नुपर्दछ ।

रक्त नमूना सङ्कलन (ए.सी.डी., पी.सी.डी.)		औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को स्रोत अन्तर्गत ए. सी.डी. (स्वास्थ्यकर्मि घरदैलौमा नै पुगी रक्तनमूना सङ्कलन गरेको) महल १२ बाट र पी.सी.डी. (स्वास्थ्य संस्थामा नै रक्त नमूना सङ्कलन गरेको) महल १३ बाट गणना गरी प्रतिवेदन फारामको सम्बन्धित महलमा चढाउनुपर्दछ । साथै समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन HMIS ९.२ मा भएको रक्त तथा समुदायिक औलो स्वास्थ्यकर्मीहरुद्धारा उपलब्ध नमूना सङ्कलन संख्यालाई समेत जोडी सम्बन्धित महलमा राख्नु पर्दछ ।
परीक्षण तथा नतिजा		
परीक्षण	Microscopy बाट मात्र	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४ मा कोड १ लेखिएको सङ्ख्यामात्र गणना गरी यस महलमा चढाउनु पर्दछ ।
	RDT बाट मात्र	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४ मा कोड २ लेखिएको सङ्ख्या मात्र गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	Microscopy र RDT दुबैबाट	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४ माऔलो रोग परीक्षणका लागि माइक्रोष्कोप र आर.डी.टि दुवै गरिएको भएमात्र यस कोड ३ लेखिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
पोजेटिभ	Microscopyबाट मात्र	औलो, कुष्ठ र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४ कोड १ लेखिएकावाट महल १८ को परीक्षण नतिजामा Positive (पोजिटिभ) लेखिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	RDT बाट मात्र	औलो, कुष्ठ र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४मा कोड २ लेखिएकावाट महल १८ को परीक्षण नतिजामा Positive (पोजिटिभ) लेखिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	Microscopy र RDT दुबैबाट	औलो, कुष्ठरोग र कालाजारको प्रयोगशाला रजिष्टर (HMIS ५.२) को महल १४ मा कोड ३ लेखिएकावाट महल १८ को परीक्षण नतिजामा Positive (पोजिटिभ) लेखिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।

औलोको उपचार पाएका विरामी संख्या	
जम्मा संख्या	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३)को महल नं २८-३० मा उल्लेख भएको उपचार सुरू मितिको आधारमा उपचार पाएका बिरामीको संख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
उपचार पाएका मध्ये गर्भवतीको संख्या	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३)को महल नं २८-३० मा उपचार सुरू मिति उल्लेख भएका मध्येबाट महल नं १९ मा १ नं कोड लेखिएका बिरामीको संख्या मात्र गणना गरी यस महलमा चढाउनुपर्दछ ।
गर्भवती महिलालाई वितरित कीटनाशक झूलको संख्या	Malaria microstratification बाट जोखिम देखाएका वडा तथा त्यससँग सिमाना जोडिएका क्षेत्रहरुमा बसोबास गर्ने गर्भवती महिलाहरूलाई त्यस क्षेत्रमा रहेको सरकारी स्वास्थ्य संस्थाद्वारा गर्भपरिक्षणका (पहिलो जाँचमा) बखत त्यस महिनाभरि उपलब्ध गराईएको कीटनाशक झूलको संख्यालाई जोडी यस महलमा राख्नु पर्दछ ।

औलोको प्रकार		यो प्रतिवेदन तयार गर्न औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ९ र १० को उमेर (महिला, पुरुष), औलोको किसिममहल ३१ र वर्गीकरण महल ३२बाट तयार गरिन्छ ।
PV (पी.भी.)	स्थानीय	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३१) मा पी.भी. (कोड १) र वर्गीकरण (महल ३२ मा स्थानीय (कोड १) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्ष माथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ । नोट स्थानीय औलो रोगी भन्नाले नेपाल राज्यभित्र संक्रमित पोजेटिभ रोगीलाई बुझिन्छ ।
	आयातित	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३१) मापी.भी. (कोड १) र वर्गीकरण (महल ३२) मा आयातित (कोड २) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दामुनि र ५ वा ५ वर्ष माथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ । नोट सामान्यतः नेपाल राज्यभन्दा बाहिरबाट आएका मानिसहरुमा १ महिना भित्रमा जाँच गर्दा औलो पोजेटिभ देखिएमा आयातित औलो मानिन्छ ।
Relapse PV	स्थानीय	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३१) मा Relapse २ (कोड ४) र वर्गीकरण (महल ३२) मा स्थानीय (कोड १) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्ष माथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	आयातित	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३१) मा Relapse (कोड ४) र वर्गीकरण (महल ३२) मा आयातित (कोड २) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्ष माथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ
PF (पी.एफ.)	स्थानीय	औलो तथा कालाजार रोगको उपचार (HMIS ५.३) को औलोको किसिम (महल ३१) मा पी.एफ.(कोड २) र वर्गीकरणमा (महल ३२) स्थानीय (कोड १) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दामुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	आयातित	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३)को औलोको किसिम (महल ३२) मापी.एफ.(कोड २) र वर्गीकरणमा (महल ३२) आयातित (कोड २) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
Plasmodium Mixed (PV+PF) (पी.मिक्स)	स्थानीय	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३)को औलोको किसिम (महल ३२) मा पि.मिक्स (कोड ३) र वर्गीकरणमा (महल ३२) स्थानीय (कोड १) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	आयातित	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३)को औलोको किसिम (महल ३२) मापी.मिक्स (कोड ३) र वर्गीकरणमा (महल ३२) आयातित (कोड २) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
Others (Ovale, Malariae,	स्थानीय	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३२) मा अन्य (कोड ५) र वर्गीकरणमा (महल ३२) स्थानीय (कोड १) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।

Knowlesi, etc.) अन्य	आयातित	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को औलोको किसिम (महल ३२) मा अन्य (कोड ५) र वर्गीकरणमा (महल ३२) आयातित (कोड २) भएको गणना गरी उमेर अनुसार ५ वर्षभन्दा मुनि र ५ वा ५ वर्षमाथिका महिला, पुरुष छुट्याई सम्बन्धित महलमा चढाउनुपर्दछ ।
औलो बिरामीको जम्मा संख्या	निश्चित गरिएको सामान्य औलो बिरामीको सङ्ख्या	औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) बाट परीक्षण पश्चात् मलेरिया निश्चित गरिएको सामान्य औलो बिरामीको सङ्ख्या लिङ्ग तथा उमेर समूहअनुसार यस महलमा चढाउनुपर्दछ ।यसका लागि HMIS ५.३रजिष्टरको ३३ देखि ३५सम्मको महलमा उपचार निश्चित गरिएको व्यक्ति गणना गरी सामान्य औलो बिरामीको संख्या सुनिश्चित गर्नुपर्दछ ।
	निश्चित गरिएको सिकिस्त औलो बिरामीको सङ्ख्या	प्रयोगशाला परीक्षणबाट निश्चित भएका सिकिस्त औलो बिरामीको जम्मा सङ्ख्या उमेर समूह र लिङ्ग अनुसार औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ५२ मासुनिश्चित गरिएको बिरामीको सङ्ख्या लिङ्ग तथा उमेर समूह अनुसार यस महलमा चढाउनुपर्दछ ।
मृत्यु संख्या	पि.भि.	प्रयोगशाला परीक्षणबाट निश्चित भएका औलो बिरामी मृत्यु भएमा त्यसको सङ्ख्या औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ३१ बाट औलोको किसिम नयाँ पि.भी तथा Relapse, छुट्याई स्वदेशी भए महल ५३ र विदेशी भए महल ५४ को मृत्यु सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	पि .एफ	प्रयोगशाला परीक्षणबाट निश्चित भएका औलो बिरामीको मृत्यु भएमा त्यसको सङ्ख्या औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ३१बाट औलोको किसिम पि.एफ., छुट्याई स्वदेशी भए महल ५३ र विदेशी भए महल ५४ को मृत्यु सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	पि.मिक्स	प्रयोगशाला परीक्षणबाट निश्चित भएका औलो बिरामीको मृत्यु भएमा त्यसको सङ्ख्या औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ३१ बाट औलोको किसिम पि.मिक्स., छुट्याई स्वदेशी भए महल ५३ र विदेशी भए महल ५४ को मृत्यु सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
	अन्य	प्रयोगशाला परीक्षणबाट निश्चित भएका औलो बिरामी मृत्यु भएमा त्यसको सङ्ख्या औलो तथा कालाजार रोगको उपचार रजिष्टर (HMIS ५.३) को महल ३१बाट औलोको किसिम अन्य छुट्याई स्वदेशी भए महल ५३ र विदेशी भए महल ५४ को मृत्यु सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।

१२. कालाजार नियन्त्रण कार्यक्रम

कालाजार नियन्त्रण कार्यक्रमको प्रतिवेदन कुष्ठ, औलो, कालाजार, प्रयोगशाला परीक्षण रजिष्टर (HMIS-५.२), औलो बर्गिकरण तथा उपचार रजिष्टर (HMIS ५.३), र गाउँघर क्लिनिक रजिष्टर (HMIS-४.१),बाट सङ्कलन गरी तयार गर्नुपर्दछ।

सूचक/महल	निर्देशन
Age/Sex (उमेर/लिंग)	उपचार रजिष्टर HMIS-५.३ बाट ५ बर्षभन्दा मुनि र ५ बर्ष भन्दा माथि उमेर समूह छुट्टयाई लिंग अनुसार स्वदेशी भए जिल्ला भित्रको वा बाहिरको र बिदेशीको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
निदानको तरिका	उपचार रजिष्टर HMIS-५.३ बाट RK३९, BM, SP वा अन्य कसरी निदान गरिएको हो स्वदेशी भए जिल्ला भित्रको वा बाहिरको र बिदेशीको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
उपचार	उपचार रजिष्टर HMIS-५.३बाट उपचार गरिएको संख्या Liposomal Amphotericin B/Miltefosineभए L,A/M को महलमा वा अन्य औषधीबाट भएको भए अन्य महलमा स्वदेशी (जिल्ला भित्रको वा बाहिरको) र बिदेशी बिरामीको छुट्टाछुट्टै गणना गरी चढाउनु पर्दछ ।
मृत्यु	उपचार रजिष्टर HMIS-५.३बाट मृत्यु भएको संख्या लिङ्ग अनुसार छुट्याएर स्वदेशी (जिल्ला भित्रको वा बाहिरको) र बिदेशी बिरामीको छुट्टाछुट्टै गणना गरी चढाउनु पर्दछ ।

१३. कुष्ठरोग निवारण कार्यक्रम

कुष्ठरोग प्रतिवेदन तयार गर्न कुष्ठरोग उपचार रजिष्टर (HMIS-५.५), कुष्ठरोग परीक्षण रउपचार कार्ड (HMIS-५.४), र औलो, क्षय कुष्ठ, कालाजार र एच.आई.भि. एड्स रोगको प्रयोगशाला रजिष्टर (HMIS-५.५), हेर्नु पर्दछ । क्र.स. १३.१ को (गत महिनाको अन्तमा जम्मा बिरामी) चढाउँदा प्रतिवेदन गर्ने भन्दा अघिल्लो महिनाको प्रतिवेदनको—महिनाको अन्त्यमाजम्मा बिरामी (सि.नं. १३.१४) को महलबाट ल्याई उक्त सख्या चढाउनु पर्दछ ।

सूचक/महल		निर्देशन
एम.वी र पी. बी.		मासिक प्रतिवेदन निकाल्दा एम्.बी. र पी.बी. बिरामीको महिला र पुरूषको जम्मा संख्या छुट्टाछुट्टै निकाली जुन-जुन महलको हो, सोही महलमा लेख्नु पर्दछ।
१३.१	गतमहिनाको अन्तमाजम्मा बिरामीको संख्या	अघिल्लो महिनाको प्रतिवेदन HMIS ९.३ को महिनाको अन्तमाजम्मा बिरामीको संख्या भन्ने महलमा भए अनुसार एम.बि.र पि. बि. बिरामीको संख्यालाई लिङ्ग (पुरुषर महिला) अनुसार उतार गरी सम्बन्धित महलमा चढाउनु पर्दछ ।
